# पूर्ण विरामका जनयुद्ध कालीन कविताका प्रवृत्तिहरू

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको

दसौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोध-पत्र


शोधार्थी

कृष्ण सुवेदी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्व विद्यालय

कीर्तिपुर


२०६९

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका छात्र कृष्ण सुवेदीले **पूर्ण विरामका जनयुद्ध कालीन कविताका प्रवृत्तिहरू** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यस शोध कार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९/०५

.......................................

सह. प्रा. डा. ताराकान्त पाण्डेय

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रि.वि.वि. कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्व विद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र कृष्ण सुवेदीले नेपाली स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **पूर्ण विरामका जनयुद्ध कालीन कविताका प्रवृत्तिहरू** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

.................................

प्रा. डा. देवी प्रसाद गौतम

(विभागीय प्रमुख)

.................................

स.प्रा.डा. ताराकान्त पाण्डेय

(शोध निर्देशक)

.................................

प्रा. डा. जगदीश चन्द्र भण्डारी

(बाह्य परीक्षक)

मिति २०६९/०५/१४

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. ताराकान्त पाण्डेय ज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँले यो शोधपत्र तयार पार्ने सन्दर्भमा आइ परेका समस्याहरूसँग जुध्ने प्रेरणा प्रदान गरी समुचित मार्ग निर्देशन गराउनु भएकोमा उहाँप्रति म सर्व प्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतम र नेपाली केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर प्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक पुस्तकहरू, शोधपत्रहरू तथा पत्र पत्रिकाहरू उपलब्ध गराइ दिने त्रि. वि. वि. केन्द्रीय पुस्ताकालय प्रति पनि आभार व्यक्त गर्दछु । त्यसैगरी प्रस्तुत शोध कार्य सँग सम्बन्धित प्रमुख व्यक्ति कवि पूर्ण विराम जसले शोधपत्र निर्माणमा हर तरहले सहयोग गर्नु भएको छ उहाँप्रति विशेष कृतज्ञता प्रकट गर्दछु ।

त्यसै गरी सम्पूर्ण आर्थिक र व्यवहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र मसिना खर्च गरेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइ पुऱ्याउनु हुने मेरा आदरणीय बुबा काशीराम सुवेदी र आमा गोमादेवी सुवेदी प्रति म आजीवन ऋणी छु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा हौसला, प्रेरणा दिने दाजु बद्री सुवेदी, भाइ गणेश तथा आत्मीय मित्र एलिसा सेढाईंलाई विशेष धन्यवाद दिन चाहन्छु, साथै आफूले सकेको सहयोग गर्नु हुने सम्पूर्ण मित्रहरू प्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई छिटो छरितो रूपमा शुद्धसँग टङकन गर्ने सुमन अधिकारीलाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०६५/०६६

मिति : २०६९/०५/०८

.........................

कृष्ण सुवेदी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौं

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| अनु. | - | अनुवादक |
| एम.ए. | - | मास्टर्स अफ आर्टस् |
| डा. | - | डाक्टर |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्व विद्यालय |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | - | पृष्ठ |
| वि.सं. | - | विक्रम संवत् |
| सम्पा. | - | सम्पादक |

# विषय सूची


पेज नं.

**अध्याय एक : शोध परिचय** **1-7**

१.१ विषय परिचय T

१.२ समस्या कथन 1

१.३ उद्देश्य 2

१.४ पूर्व कार्यको समीक्षा 2

१.५ अध्ययनको औचित्य र महत्व 2

१.६ शोधको सीमाङ्कन 6

१.७ शोधविधि 6

१.७.१ सामग्री सङ्कलन विधि 6

१.७.२ सैद्धान्तिक आधार तथा ढाँचा 7

१.८ शोधपत्रको रूपरेखा 7

**अध्याय दुई : पूर्ण विरामका कविता यात्रा र तिनका चरणहरू** **7-31**

२.१ पूर्ण विरामको संक्षिप्त परिचय 8

२.२ पूर्ण विरामको कविता यात्रा र चरण 8

२.२.१ पहिलो चरण/आरम्भिक काल (वि.स २०२७ - २०३६ साल सम्म) का कविता सिर्जना 10

२.२.१.१ प्रथम चरणका कविता कृति 11

२.२.१.२ पहिलो चरणका कविताका प्रवृत्तिहरू 11

२.२.२ दोस्रो चरण/पञ्चायती काल (वि.सं. २०३६-२०४६ सालसम्म) का कविता सिर्जना 12

२.२.२.१ 'इतिहासका किल्लाहरूमा' (२०४३) मा सङ्गृहीत कविताहरू 13

२.२.२.२. पत्र पत्रिकामा प्रकाशित फुटकर कविताहरू 13

२.२.२.३ दोस्रो चरणका कविता प्रवृत्तिहरू 15

२.२.३ तेस्रो चरण/प्रजातन्त्र काल (वि.सं.२०४७-२०५१ सम्मका कविता सिर्जना 17

२.२.३.१ 'गोविन्दले ठिक भन्यो' (२०५०) सङ्ग्रहमा सङ्गृहीत कविताहरू 18

२.२.३.२ पत्र पत्रिकामा प्रकाशित फुटकर कविताहरू 18

२.२.३.३ तेस्रो चरणका कविताका प्रवृत्तिहरू 20

२.२.४ चौथो चरण/जनयुद्ध कालीन चरण (वि.स २०५२-यता) को कविता सिर्जना 23

२.२.४.१ 'ए ! मेरो आदरणीय लेकाली फूल' मा सङ्गृहीत कविताहरू 24

२.२.४.२ लडन जन्मेकाहरूले कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू 25

२.२.४.३ पत्र पत्रिकामा प्रकाशित जनयुद्ध कालीन फुटकर कविताहरू 27

२.२.४.४ चौथो चरणका जनयुद्ध कालीन कविताका प्रवृत्तिहरू 31

**अध्याय तिन : 'ए ! मेरो आदरणीय लेकाली फूल' मा सङ्गृहीत कविताका प्रवृत्ति 32-52**

३.१ विषय प्रवेश 32

३.१.१ जनयुद्धप्रतिको पूर्ण समर्थन भाव 32

३.१.२ वर्ग सङ्घर्ष, क्रान्ति, विद्रोह, आक्रोश र पीडाको अभिव्यक्ति 36

३.१.३ तत्कालीन अन्यायपूर्ण शासन व्यवस्थाको विरोध 38

३.१.४ उदात्त महाख्यानको प्रस्तुति 41

३.१.५ युद्धजन्य सुन्दर एवम् नवीन बिम्व प्रतीकको प्रयोग 44

३.१.६ महिला मुक्तिको स्वर/नारी संवेदनाको चित्रण 47

३.१.७ बौद्धिक र व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग 49

३.२ निष्कर्ष 52

**अध्याय चार : लड्न जन्मेकाहरूले मा सङ्गृहीत कविताका प्रवृत्तिहरू 53-70**

४.१ विषय प्रवेश 53

४.१.१ मुख्य विषय वस्तुका रूपमा जनयुद्धको प्रयोग 53

४.१.२ मार्क्सवादी-माओवादी वैचारिक प्रतिबद्धता 55

४.१.३ शासन-सत्ताको अन्याय अत्याचारको विरोध 58

४.१.४ उदात्त महाख्यानको प्रस्तुति 61

४.१.५ राष्ट्रियताको भावना/राष्ट्रिय स्वाभिमानप्रतिको सचेतता 62

४.१.६ महिला मुक्ति र नारी संवेदनाको चित्रण 64

४.१.७ बिम्व-प्रतीकको कुशल प्रयोग 65

४.१.८ बौद्धिक तथा व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग 67

४.२ निष्कर्ष 70

**अध्याय पाँच : पूर्ण विरामका जनयुद्ध कालीन फुटकर कविताका प्रवृत्तिहरू** **71-91**
५.१ विषय प्रवेश 71
५.१.१. केन्द्रीय विषय वस्तुका रूपमा जनयुद्धको प्रयोग 71
५.१.२ तत्कालीन अन्यायपूर्ण शासन व्यवस्थाको विरोध 73
५.१.३ राष्ट्रियताप्रतिको सचेतता 76
५.१.४ नारी संवेदनाको चित्रण 77
५.१.५ दलित मुक्ति र दलित सौन्दर्यको चित्रण 79
५.१.६ बिम्ब-प्रतीकको सशक्त प्रयोग 82
५.१.७ वौद्धिक एवम् व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग 84
५.१.८ जनयुद्धपछिको परिवेशको चित्रण : खबरदारी, असन्तुष्टि र चिन्ताको भाव प्रकट 87
५.२ निष्कर्ष 91
**अध्याय छ : सारांश र निष्कर्ष** **92-95**
६.१ अध्ययनको सारांश 92
६.२ निष्कर्ष 93
**सन्दर्भ सामग्री** **96-97**

# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २०१० सालमा काठमाडौको ज्ञानेश्वरमा जन्मेका पूर्ण विरामको वास्तविक नाम बलराम शर्मा हो । पूर्ण विराम नामबाट नै नेपाली कविता क्षेत्रमा प्रवेश गरेका उनको यही नाम नै सर्वाधिक लोकप्रिय समेत रहेको छ । कवि, कथाकार, लेखक र राजनीतिक व्यक्तित्व गरी उनका व्यक्तित्वका धेरै पाटा भए पनि कविता विधालाई नै उनले आफ्नो लेखनीको मुख्य क्षेत्र बनाएका छन् ।

पूर्ण विराम प्रगतिवादी कविका रूपमा परिचित छन् । आफ्ना कवितामा प्रारम्भदेखि नै अन्याय, अत्याचार तथा शोषणको विरोध र क्रान्तिको समर्थन गर्ने प्रवृत्ति देखा पर्दछ । मार्क्सवादप्रतिको आस्था उनका कविताको मुख्य पहिचान हो । उनका कविता यात्राको प्रथम चरण औपचारिक कविता लेखनको चरण हो । उनले दोस्रो चरणमा राजनीतिक परिवर्तन र पञ्चायतको विरोध गर्ने शैलीका कविताहरू लेखेको पाइन्छ । तेस्रो चरणमा उनका कविताहरू प्रजातन्त्र प्राप्तिपछि जन्मिएका विकृति विसङगतिको भण्डाफोर र नयाँ क्रान्तिको आवश्यकता बोध गरिएका कविताको रूपमा देखा पर्दछन् । वि.स. २०५२ यताको उनको चौथो चरण प्रगतिवादी कविता लेखनको उत्कर्ष बन्न पुगेको छ । नेकपा (माओवादी) द्वारा वि.सं. २०५२ सालदेखि सुरू भएको जनयुद्धलाई पूर्ण समर्थन गरी कविता मार्फत जनवादको सपना देख्ने पूर्ण विरामले यस अवधिमा प्रशस्त कविताहरूको रचना र प्रकाशन गरेका छन् । जनयुद्धको उदात्त महाख्यानलाई प्रस्तुत गरी जनयुद्ध विरोधीलाई निर्मम प्रहार गर्दै जनयुद्धको विजयलाई सुनिश्चित ठान्ने आदर्श बोकेका पूर्ण विरामका यस चरणका कविता जनयुद्धका महत्वपूर्ण कवितात्मक दस्तावेज समेत बन्न पुगेका छन् ।

कवि पूर्ण विरामका हालसम्म चारवटा कविता सङ्ग्रह प्रकाशित भइ सकेका छन् । उनका ‘इतिहासका किल्लाहरूमा (२०४३), ‘गोविन्दले ठीक भन्यो’ (२०५०), ‘ए ! मेरो आदरणीय लेकाली फूल’ (२०६४) र ‘लड्न जन्मेकाहरूले’ (२०५०) उनका प्रकाशित कविता सङ्ग्रह हुन् भने देशका विभिन्न पत्र पत्रिकाहरूमा सैयौंको संख्यामा उनका फुटकर कविताहरू प्रकाशित भइ रहेका छन् । पूर्ण विरामले आफ्ना कवितामा प्रगतिवादलाई मुख्य प्रवृत्ति बनाएका छन् । प्रगतिवादी कविता लेखन नै उनको कवितात्मक प्राप्ति समेत बन्न पुगेको छ । उनका कवितामा मार्क्सवादी प्रतिबद्धता, क्रान्ति, जनयुद्ध र वर्ग सङ्घर्षको पक्ष पोषण तथा अन्याय अत्याचारको विरोध जस्ता

प्रवृत्तिगत विशेषता निहित रहेका छन् । कोरा नारावादी कविता लेखनबाट मुक्त भई कलात्मक कविता लेखन उनको अर्को महत्पूर्ण पक्ष हो । यसरी वैचारिक आस्थाचप्रति प्रतिबद्ध र क्रान्तिचेतनाका कविका रूपमा परिचित पूर्व विरामको पछिल्लो जनयुद्ध कालीन चरणमा केन्द्रित भएका त्यस चरणका प्रवृत्तिको अध्ययन गर्ने काम यस शोधमा गरिएको छ । वि.स. २०५२ साल यताको चौथो चरणमा भने पूर्ण विराम जनयुद्धलाई आफ्नो कविताको मुख्य विषयवस्तु बनाउँदै वर्ग सङ्घर्ष र सशस्त्र क्रान्तिको समर्थन गर्न पुग्दछन् ।

## १.२ समस्या कथन

पूर्ण विराम प्रगतिवादी कवि त हुँदैन हुन त्यसमा पनि मुख्यतः जनयुद्धका कवि हुन् । उनले वि.स. २०५२ यताको अवधिमा जनयुद्धको समर्थनमा जनयुद्धलाई नै मुख्य विषय बनाई कविताहरूको रचना गरेका छन् । उनको यस अवधिमा लेखिएका फुटकर कविताहरूको सङ्गालोका रूपमा दुई वटा कविता सङ्ग्रह प्रकाशित हुनुका साथै धेरै फुटकर, रचनाहरू पत्र पत्रिकामा छरिएर रहेका छन् । उनको कवित्वलाई शिखरमा पुऱ्याउने यस अवधिका कविताहरूको प्रवृत्ति पहिल्याउने मुख्य विषय समस्याका परिप्रेक्ष्यमा यस शोधकार्यमा निम्न शोध प्रश्नको उत्तर खोज्ने प्रयत्न गरिएको छ -

क) पूर्ण विरामको कविता यात्रा र तिनका चरणहरू के कति छन् ?

ख) पूर्ण विरामका कविता सिर्जनाको स्थिति के कस्तो छ ?

ग) पूर्ण विरामका जनयुद्ध कालीन कविताहरूका प्रवृत्ति के कस्ता छन् ?

## १.३ उद्देश्य

प्रस्तुत समस्या कथनका आधारमा यस शोध कार्यका उद्देश्यहरूलाई निम्न रूपमा बुँदामा प्रस्तुत गरिन्छ -

क) पूर्ण विरामको कविता यात्रा र तिनका चरणहरू पहिल्याउनु ,

ख) पूर्ण विरामका कविता सिर्जनाको स्थिति पत्ता लगाउनु,

ग) पूर्ण विरामका जनयुद्ध कालीन कविताहरूको प्रवृत्ति निरूपण गर्नु,

## १.४ पूर्व कार्यको समीक्षा

कवि पूर्ण विरामका बारेमा यसअघि दुई वटा शोध कार्य भएको पाइए पनि उनका पछिल्लो चरणका कविताका सम्बन्धमा भने विशिष्ट रूपमा अध्ययन हुन सकेको छैन । उनका

बारेमा केही पत्र पत्रिका र पुस्तकहरूमा समीक्षा, टिप्पणी गरिएको पाइन्छ । उनका कविताका सन्दर्भमा गरिएका हालसम्मका अध्ययनका विवरण एवम् समीक्षाहरू तल प्रस्तुत गरिएको छ -

जगदीश चन्द्र भण्डारी (२०४४) ले 'जिउँदो कविताको किल्ला र पूर्ण विराम' शीर्षक लेखमा पूर्ण विरामका कवितालाई जिउँदोपनाका सशक्त र अभेद्य किल्ला मानेका छन् । 'इतिहासका किल्लाहरूमा' (२०४३) कविता सङ्ग्रहभित्रका कविताहरूको अध्ययनपछि गरिएको यस मूल्याङ्कनले पूर्ण विरामको समग्र कवित्वलाई समेटन भने सकेको छैन ।

रूद्र प्रसाद खरेल (२०४४) ले 'पूर्ण विरामका विरूद्ध पूर्ण विरामका प्रतिकहरू' शीर्षक लेखमा पूर्ण विराम नेपाली जनताको जीवन बोधमा ठ्याक्क मिल्ने प्रतिक कल्पानाद्वारा जुटाउन सक्ने कवि हुन् भन्दै पूर्ण विरामले कवितामा प्रयोग गर्ने प्रतिकहरू बारे सामान्य चर्चा गरेका छन् । पूर्ण विरामका कवितामा प्रयुक्त प्रतिकलाई सांस्कृतिक र वैयक्तिक रूपमा विभाजन गरी गरिएको उक्त अध्ययनले प्रतिक प्रयोगको वैशिष्ट्यलाई देखाएको भए पनि भावगत, शैलीगत वैशिष्ट्यहरूलाई भने उल्लेख गरिएको पाइँदैन ।

रामहरि पौडयाल (२०४६) ले 'इतिहासका किल्लाहरूमा पूर्ण विराम' शीर्षक लेखमा पूर्ण विरामका कविता बुझ्न हृदय र मष्तिष्क दुबैको प्रयोग गर्नु पर्ने भन्दै उनका कवितामा बैचारिकता र हार्दिकताको संयोजन भएको टिप्पणी गरेका छन् । 'इतिहासका किल्लाहरूमा' कविता सङ्ग्रहका आधारमा मात्र गरिएको विश्लेषणले समग्र कवित्वको मूल्याङकन सम्भव भएको छैन ।

दयाराम श्रेष्ठ (२०४९) ले 'आन्दोलन कविता' शीर्षकको 'मधुपर्क' मा प्रकाशित लेखमा पूर्ण विरामको 'एकजना आउँदैछ' शीर्षक कविताको उल्लेख गर्दै उनलाई पञ्चायत विरोधी र प्रगतिवादी कविको कोटिमा राखेका छन् । प्रस्तुत लेखले पूर्ण विरामको समग्र कविताका प्रवृत्तिको निरूपण गर्न सकेको छैन ।

निनु चापागाई (२०५१) ले 'दुरूहता र कवि पूर्ण विराम' शीर्षक लेखमा दुरूहताका सापेक्षतामा पूर्ण विरामको कवित्वको चर्चा गरेका छन् । 'वेदना' पत्रिकामा प्रकाशित पूर्ण विरामको अन्तर्वार्तालाई आधार बनाइएको प्रस्तुत लेखमा पूर्ण विरामद्वारा व्यक्त आफुले कविता भनेर टिप्पणी नलेख्ने, कुनै पनि कृतिको सही अर्थ क्षमतावान व्यक्तिद्वारा मात्र लगाइने र कविता पढ्न पाठकले एकान्त तयार गर्नुपर्ने जस्ता विचारले विशिष्ट वर्गीयताको पक्ष पोषण गर्ने र त्यसले प्रगतिवादी विचारसँग विरोध राख्ने हुनाले कविले यसबाट मुक्त हुनुपर्ने धारणा राखेका छन् । दुरूहताले सम्प्रेषणमा बाधा पर्ने हुँदा सचेत कविले यसबाट मुक्त हुनुपर्ने टिप्पणी समेत उनले गरेका छन् । प्रारम्भिक चरणका पूर्ण विरामका कवितामा यो कुरा सत्य ठहरे पनि उनको समग्र कवित्वको मूल्याङ्कन भने यस लेखले गरेको छैन ।

गोविन्द वर्तमान (२०५२) ले 'विपुल' पत्रिकामा प्रकाशित 'समय रेखामा पूर्ण विराम' शीर्षक लेखमा पूर्ण विरामको कविता लेखनमा देखा परेका आरोह-अवरोहको उल्लेख गर्दै समय क्रममा उनका कवितामा वैचारिक फेर बदल आएको चर्चा गरेका छन् । पूर्ण विरामका कविता यात्रामा देखिने प्रवृत्तिहरूको अध्ययनमा प्रस्तुत लेख सामान्य उपयोगी रहेको छ ।

एल.पी.शर्मा (२०५२) ले 'एक पाठकका दृष्टिमा कवि पूर्ण विराम शीर्षकको लेखमा निजी शैलीका प्रगतिवादी कविका रूपमा पूर्ण विरामलाई प्रस्तुत गरेका छन् । पूर्ण विारमका 'इतिहासका किल्लाहरूमा' र 'गोविन्दले ठीक भन्यो' दुई कविता सङ्ग्रहलाई प्रगतिवादी कविता जगतका ऐतिहासिक दस्तावेज मानेको पाइन्छ । सतही र प्रभावपरक रूपमा अध्ययन गरिएको प्रस्तुत लेख त्यति धेरै उपयोगी देखिँदैन ।

ताराकान्त पाण्डेय (२०५३) ले 'गोविन्दले ठीक भन्यो कविता सङग्रहको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन' शीर्षक लेखमा पूर्ण विरामको कविताको भावगत तथा शैलीगत विशेषताहरूको मूल्यांकन गरेका छन् । यो मूल्याङ्कन 'गोविन्दले ठीक भन्यो' (२०५०) कविता सङ्ग्रहका आधारमा मात्र गरिएकोले पूर्ण विरामको हालसम्मको कवित्वको समग्र मूल्याङ्कन भने भएको छैन । यद्यपि उनका कवितामा पाइने विविध प्रवृत्तिहरूलाई छुट्टा छुट्टै शीर्षक र उपशीर्षकमा अध्ययन गरिएकोले प्रस्तुत लेख उपलब्धिपूर्ण नै रहेको छ । पाण्डेयले निष्कर्षमा पूर्ण विरामका कवितागत प्रवृत्तिहरू समाजवादी -यथार्थवादी कला चेतानाद्वारा निर्मित भएको कुरा उल्लेख गरेका छन् ।

दिल साहानी (२०५३) ले 'पूर्ण विरामका केही कवितामा प्रवेश गर्दा' शीर्षकको लेखमा पूर्ण विरामका केही कविताका आधारमा पूर्ण विरामलाई फूल जस्तै कोमल र बम जस्तै विस्फोटक कविका रूपमा तुलना गरेका छन् । निश्चित कविताहरूको आधारमा गरिएको उक्त लेखले पूर्ण विरामको समग्र कवित्व पक्ष उद्घाटित भएको पाइँदैन ।

श्रीराम आचार्य (२०६०) ले 'साहित्यकार पूर्ण विरामको जीवनी, व्यक्तित्व र कृतित्व' अन्तर्गत कवि पूर्ण विरामको व्यक्तित्वको अध्ययन गरी उनको कविता यात्रा, चरण र प्रत्येक चरणको विश्लेषण समेत गरेका छन् । आचार्यले उक्त शोधमा पूर्ण विराम सम कालीन प्रगतिवादी कविता फाँटका प्रतिनिधि आशुकवि र प्रखर क्रान्ति चेतनाका कवि भएको निष्कर्ष प्रदान गरेका छन् । पूर्ण विरामको कविता यात्रा, चरण र कवित्वको अध्ययन गर्न प्रस्तुत कार्य उपयोगी भएको छ ।

राजन प्रसाद पोखेल (२०६४) ले 'डाइनामिक्स अफ पूर्ण विराम पोएट्री' शीर्षक अङ्ग्रजी लेखमा पूर्ण विरामको कृतित्वको चर्चा गर्दै पूर्ण विरामलाई नेपाली समाजमा क्रान्तिकारी

आवाजको प्रतिनिधित्व गर्ने शक्ति शाली कविका रूपमा टिप्पणी गरेका छन् । पूर्ण विरामको साङ्गो पाङ्गो अध्ययन उक्त लेखमा हुन नसकेपनि पूर्ण विरामको कवित्वको सामान्य चर्चा भने भएकोले पूर्ण विरामको कविताको अध्ययन गर्न प्रस्तुत शोधमा सो कार्य सहायक भएको छ ।

अनिल शर्मा (२०६५) ले 'बेबिलोनका ऊँट र नेपाली पाब्लो नेरूदाहरू' शीर्षक लेखमा पूर्ण विरामलाई नेपाली पाब्लो नेरूदासँग तुलना गरिएको छ । समग्र दृष्टिमा पूर्ण विरामको अध्ययन गर्न नसकेको उक्त लेखमा प्रभावपरकता ज्यादा भएकाले प्रस्तुत शोध कार्यमा खासै उपयोगी भएको छैन ।

ताराकान्त पाण्डेय (२०६५) ले 'अर्थभ्रान्तिको उत्तर चेतनाका विरूद्ध' शीर्षक लेखमा कवि पूर्ण विरामका कविताका केही साक्ष्यहरू प्रस्तुत गरी पूर्ण विरामका कविता रतयात्मक खेल र अर्थ भ्रान्तिका विरूद्ध जनताका सामूहिक आवेगको कलात्मक अभिव्यक्ति हुन् भन्ने मत प्रस्तुत गरेका छन् । पूर्ण विरामको समग्र कवित्वको अध्ययनको अभाव तथा प्रभावपरक प्रस्तुत भए पनि कविताको विश्लेषण प्रस्तुत शोधमा उपयोगी भएको छ ।

ऋषिराज बराल (२०६६) ले 'सत्ता र पूर्ण विरामहरू' शीर्षक लेखमा कवि पूर्ण विरामको सङ्घर्षको चर्चा निबन्धात्मक शैलीमा प्रस्तुत गरिएको छ । प्रभावपरक रूपमा लेखिएको यस लेखले प्रस्तुत शोधमा खासै सहयोग पुऱ्याएको छैन ।

ऋषिराज बराल (२०६७) ले 'समकालीनता बोध र पूर्ण विरामका कविताहरू' शीर्षक लेखमा पूर्ण विराम निरन्तर क्रान्तिको पक्षमा उभिएका समाजवादी यथार्थवादका दरिला खम्बा भएको टिप्पणी गर्दै समकालीन कविता लेखनमा कला चेत र क्रान्ति चेतको प्रतिनिधित्व गर्नेहरूमा सबभन्दा अगुवा र अग्ला कवि भएको निष्कर्ष दिएका हुन् । पूर्ण विरामको कविता यात्राको समेत चर्चा गरिएकोले प्रस्तुत शोधमा उक्त कार्य सहायक भएको छ ।

पूर्ण इन्फादा (२०६७) ले 'मार्क्सवादी सौन्दर्य चिन्तन र गोविन्दले भन्यो' शीर्षक समीक्षात्मक लेखमा पूर्ण विरामका साहित्यिक प्रवृत्तिको चर्चा गर्नुका साथै 'गोविन्दले ठीक भन्यो' कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । पूर्ण विरामको कविताका प्रवृत्तिहरूको अध्ययनमा उक्त लेख प्रस्तुत शोधका लागि थोर बहुत उपयोगी रहेको छ ।

ताराकान्त पाण्डेय (२०६८) ले 'पूर्ण विरामको कवित्वः सौन्दर्य चेतनाका विविध आयाम र आधार' शीर्षक लेखमा पूर्ण विरामको कवित्वको चरणगत रूपमा चर्चा गरिएको छ । पूर्ण विरामको कविता यात्रालाई चार वटा चरणमा विभाजन गरी प्रत्येक चरणको कवित्वको संक्षिप्त चर्चा गरिएको उक्त लेखमा पूर्ण विरामलाई समकालीन कविहरू माझ क्रान्ति वा विद्रोह चेतका

शीर्ष कविका रूपमा उल्लेख गरिएको छ । पूर्ण विरामका कविताका चरणहरू तथा तिनका प्रवृत्तिहरूको अध्ययन-विश्लेषणमा उक्त कार्यको महत्वपूर्ण सहयोग रहेको छ ।

यस प्रकार कवि पूर्ण विरामको कवि व्यक्तिका विविध पक्षहरुमा समालोचकीय कामहरु भए पनि उनका बारेमा प्राज्ञिक तहका उल्लेख्य कार्य हुन सकेको छैन । उनको कवि व्यक्तित्वको विविध आयामहरुलाई समेट्ने गरी उल्लेख्य अध्ययन हुन नसकि रहेको परिप्रेक्ष्यमा पूर्ण विरामका जनयुद्ध कालीन कविताहरुको प्रवृत्तिको अध्ययन गर्ने उपरोक्त कार्यहरु महत्वपूर्ण रहेका छन् ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

तिन दशक भन्दा लामो कविता जीवन गुजारि सकेका पूर्ण विरामका विषयमा पत्र पत्रिकाहरूमा समीक्षा टिप्पणीहरू भए पनि उनका बारेमा प्राज्ञिक तहमा कमै काम भएको पाइन्छ । श्रीराम आचार्यले उनको जीवनी व्यक्तित्त्व र कृतित्वमा तथा सीता पन्थीले उनको कथामा शोध कार्य गरेको पाइ एपनि उनका कविताका सम्बन्धमा व्यवस्थित रूपमा अध्ययन हुन नसकेकाले प्रस्तुत अध्ययन सान्दर्भिक ठहर्छ । क्रान्तिकारी कविका रूपमा समेत परिचित पूर्ण विरामले जनयुद्धका बेला त्यसको समर्थनमा लेखेका कविताले उत्कर्ष प्राप्त गरेको हुँदा उनका जनयुद्ध कालीन कविताहरूको प्रवृत्तिगत अध्ययन झनै सामयिक महत्वको भएको छ । यसबाट पूर्ण विरामको कविता, यात्रा, चरण र जनयुद्ध कालीन कविताको अध्ययन गर्न चाहने भावी अध्येताहरूलाई समेत महत्वपूर्ण सहयोग पुग्नेछ । अतः यिनै आधारमा प्रस्तुत अध्ययनको औचित्य महत्व रहेको कुरा स्पष्ट हुन्छ ।

## १.६ शोधको सीमाङ्कन

कवि पूर्ण विरामका कवि व्यक्तित्वका अतिरिक्त अन्य व्यक्तित्व भए पनि प्रस्तुत शोध उनको कवि व्यक्तित्व अन्तर्गत उनका कवितामा मात्र केन्द्रित भएको छ । कवितामा पनि पूर्ण विरामका प्रारम्भदेखि हालसम्मका सबै कविताको नभई मुख्यतः चौथो चरण त्यसमा पनि वि.स. २०५२ देखि २०६२-६३ सम्मका जनयुद्धका अवधिमा लेखिएका कवितामा पाइने प्रवृत्तिहरूको मात्र अध्ययन गर्नु प्रस्तुत शोधको सीमा हो ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा तथा आधार पर्दछन् । सामग्री सङ्कलनमा प्राथमिक तथा द्वितीयक स्रोत दुबैको सङ्कलन अनिवार्य भएजस्तै तिनको विश्लेषणमा सैद्धान्तिक आधार तथा ढाँचा अनिवार्य हुने भएकाले प्रस्तुत शोध कार्यमा यी दुबै विधिको उपयोग गरिएको छ । ती दुई विधि निम्न हुन् -

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्न पुस्ताकलीय कार्यलाई नै प्रमुख सामग्री सङ्कलनका रूपमा उपयोग गरी सम्बद्ध पुस्तक र पत्र पत्रिकाको अध्ययन गरिएको छ । पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीलाई शोध समस्याको प्रकृति अनुसार क्रमशः प्राथमिक र द्वितीयक सामग्रीका रूपमा वर्गीकरण गरी अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्यमा पूर्ण विरामका कविता सङ्ग्रह र फुटकर कविताहरू प्राथमिक स्रोतका रूपमा तथा उनी र उनका कविता कृति सम्बन्धी भएका सबैखाले अध्ययन, अनुसन्धान, वेब साइट, पत्र पत्रिका द्वितीयक सामग्रीका रूपमा रहेका छन् । अनुसन्धेय व्यक्ति जीवितै भएकाले उनीसँगको प्रत्यक्ष भेट र सम्पर्कबाट समेत लिखित एवम् मौखिक रूपमा आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक आधार तथा ढाँचा

प्रस्तुत शोधको प्राज्ञिक समाधान गर्न सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि वर्णनात्मक र विवरणात्मक पद्धति अवलम्बन गरिएको छ । यसका साथै प्रभावपरक, समाजपरक र विशेषतः  प्रगतिवादी समालोचना प्रणालीका आधारमा कृतित्वको विवेचना गरिएको छ । यस क्रममा विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ । कवितामा स्थापित विधा तात्विक मान्यतालाई आधार मानी कृति वा रचनाको विवेचना गरिएकोले प्रस्तुत शोधमा परम्परित निगमनात्मक पद्धतिको उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न छ अध्यायमा विभाजन गरिएको छ -

| | |
|---|---|
| पहिलो अध्याय | : शोधपत्रको परिचय |
| दोस्रो अध्याय | : पूर्ण विरामको कविता यात्रा र तिनका चरणहरू |
| तेस्रो अध्याय | : 'ए ! मेरो आदरणीय लेकाली फूल'मा सङ्गृहीत कविताका प्रवृत्तिहरू |
| चौथो अध्याय | : 'लड्न जन्मेकाहरूले ...' मा सङ्गृहीत कविताका प्रवृत्तिहरू |
| पाचौं अध्याय | : पूर्ण विरामका जनयुद्ध कालीन फुटकर कविताका प्रवृत्तिहरू |
| छैठौं अध्याय | : सारांश र निष्कर्ष |

माथिका छ अध्यायलाई आवश्यकता अनुसार शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रका अन्त्यमा सन्दर्भ सामग्री सूची एवम् परिशिष्ट प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्ण विरामका कविता यात्रा र तिनको चरणहरू

## २.१ पूर्ण विरामको संक्षिप्त परिचय

वि.सं. २०१० सालमा काठमाडौंको ज्ञानेश्वर कालोपुलमा जन्मिएका पूर्ण विरामको वास्तविक नाम बलराम शर्मा भट्टराई हो । दुई वर्षको उमेरमा आमाको विछोड सहनु परेको पूर्ण विरामले बाबुको हेरचाहमा  घरबाटै शिक्षारम्भ गरी वि.स. २०२५ सालमा एस.एल.सी परीक्षा उत्तीर्ण गरे । २०३६ सालमा मात्रै आई.ए उत्तीर्ण गरेका उनको औपचारिक अध्ययन त्यत्तिमै सीमित भएको पाइन्छ । वि.स. २०३८ सालमा सावित्री थापा मगरसँग अन्तर्जातीय बिवाह गरेका पूर्ण विरामको सन्तानका रूपमा एक छोरा र एक छोरी रहेका छन् ।

निम्न आर्थिक अवस्थालाई नै लेखन -प्रेरणाको स्रोत ठान्ने पूर्ण विराम वि.स. २०२५ सालदेखि लेखन क्षेत्रमा लागे पनि २०२७ सालबाट मात्र उनका रचनाहरू प्रकाशन हुन थालेको देखिन्छ । वि.स. २०२७ साल वैशाख १८ गते 'नयाँ सन्देश' साप्ताहिक पत्रिकामा प्रकाशित टुक्रे कविता (शीर्षक नभएको) उनको  प्रथम प्रकाशित फुटकर कविता हो । उनको पहिलो शीर्षक भएको कविता  'सन्तान'  हो  (थपलिया २०५८:२२) ।

पूर्ण विरामले आफ्नो जीवनमा विभिन्न जागीर तथा जेल जीवनको अनुभव बटुलेको देखिन्छ । सामाजिक अन्याय, अत्याचार तथा राजनीतिक व्यवस्थाका विरूद्ध कविताका माध्यमबाट आवाज उठाउँदा उनि कैयौ पटक शासकहरुको कुदृष्टिमा परेका छन्  । समसामयिक विषयलाई आधार मानी कविता लेख्ने पूर्ण विराम कविका अतिरिक्त कथाकार, स्तम्भकार, टिप्पणीकार एवम् राजनीतिक व्यक्तित्व समेत हुन् । लेखनको उद्देश्यलाई राजनीतिसँग जोड्न चाहने पूर्ण विराम लेख्नुको उद्देश्य सर्वहारा वर्गको राज्य स्थापना गर्नु हो भन्ने धारणा राख्दछन् (थपलिया, २०५८:२३) ।

पूर्ण  विराम निम्न आर्थिक अवस्था भएको परिवारमा जन्मिएर सामाजिक राजनीतिक अवस्थाका कारण साहित्य लेखन (कविता लेखन) तर्फ आकृष्ट भएका कवि हुन् । बहु व्यक्तित्वका धनी पूर्ण विरामको उल्लेख्य र प्रमुख परिचय भने कवि व्यक्तित्वमै रहेको छ ।

## २.२ पूर्ण विरामको कविता यात्रा र चरण

पूर्ण विराम नेपाली समकालीन कविताका क्षेत्रका सुपरिचित कवि हुन । वि.स. २०२७ सालदेखि आजसम्मको चार दशक लामो कविता यात्रा पुरा गरि सकेका  पूर्ण विरामका हालसम्म

सैयौँको संख्यामा फुटकर कविताको रचना र प्रकाशन तथा चार वटा कविता सङ्ग्रहका रूपमा समेत प्रकाशित छन् । पूर्ण विरामका हालसम्म प्रकाशित कविता सङ्ग्रहहरू 'इतिहासका किल्लाहरूमा' (२०४३), 'गोविन्दले ठीक भन्यो' (२०५०) । 'ए ! मेरो आवरणीय लेकाली फूल' ( २०६४) र 'लडन जन्मेकाहरूले...' (२०६४) रहेका छन् । संख्यात्मक दृष्टिले फुटकर कविताका क्षेत्रमा पूर्ण विराम महा कवि देवकोटापछिका उर्वर स्रष्टा हुन् । (पाण्डेय, २०६८ : ६७)

पूर्ण विरामको चार दशक लामो कविता यात्रामा उनले व्यक्तिगत जीवनमा आएको परिवर्तन तथा राष्ट्रिय राजनीतिमा देखा परेका परिवर्तनले उनका कविताहरू पनि प्रभावित हुन पुगेका छन् । पूर्ण विरामबारे अध्ययन गर्ने श्रीराम आचार्य (२०६० : १९) ले पूर्ण विरामको साहित्य यात्रा (कविता यात्रा) लाई चार चरणमा बाँडेर अध्ययन गरका छन् । सोही आधारलाई पाण्डेय ( २०६८ : ६८) ले पनि अनुसरण गरेको पाइन्छ । यहाँ आचार्य र पाण्डेयकै अध्ययनलाई आधार मानी कविताको चरण निम्न अनुसार विभाजन गरिएको छ -

क) पहिलो चरण (आरम्भिक काल) - वि. सं. २०२७ - २०३६ साल सम्म

ख) दोस्रो चरण (पञ्चायती काल) - वि. सं. २०३७ - २०४६ साल सम्म

ग) तेस्रो चरण (प्रजातन्त्रिक कल) - वि. सं. २०४७ - २०५१ साल सम्म

घ) चौथो चरण (जनयुद्ध काल) - वि.स २०५२ - हालसम्म

उपर्युक्त चार चरण मध्ये पूर्ण विरामको प्रथम चरण उनको कविता लेखनको आरम्भिक चरण हो । यस चरणमा उनी कविता सिर्जनामा प्रवेश मात्र गर्न पुगेको देखिन्छ । तत्कालीन प्रयोगवादी कविता लेखनबाट प्रभावित भई कविता लेख्ने पूर्ण विरामले यस चरणमा निराशावादी, शून्यवादी भाव प्रस्तुत गर्न पुगेका छन् । स्कुल कलेजका प्रतियोगितामा सहभागिता जनाउने अभिप्रायले लेखिएका पूर्ण विरामका यस चरणका अधिकांश कविता बिना शीर्षकका रहेका छन् ।

पूर्ण विरामको दोस्रो चरण पञ्यायती व्यवस्था विद्यमान रहेको समयको चरण हो । यस चरणमा पूर्ण विराम आफ्नो व्यक्तिगत जीवनमा देखा परेका परिपक्वता र राष्ट्रिय राजनीतिप्रतिको सचेतताले गर्दा पञ्यायती व्यवस्था विरोधी र प्रगतिबाद उन्मुख कविता लेख्न पुग्दछन् । पहिलो चरणमा देखा पर्ने कविताका जटिलता यस चरणमा पनि पाइन्छ । पञ्चायती व्यवस्थाको विरोध गरेर लेखिएका उनको यस चरणलाई पञ्चयत कालीन कविताको चरण भन्न सकिन्छ ।

कवि पूर्ण विरामको कविता यात्राको तेस्रो चरण वि.स. २०४७ सालको राजनीतिक परिवर्तन पश्चात् स्थापना भएको प्रजातन्त्र कालको चरण हो । पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको स्थापना भएपछि पूर्ण विरामका कविताहरू पनि समकालीन विषयबाट प्रभावित हुन

पुग्दछन् । दोस्रो चरणमा स्पष्ट रूपमा देखा पर्ने प्रगतिवाद पूर्ण विरमका यस चरणका कवितामा स्पष्ट रूपमा देखा पर्दछ । मार्क्सवाद प्रतिको आस्था, अर्को नयाँ क्रन्तिको आवश्यकता बोध, तत्कालीन विकृति विसङ्गतिको विरोध गरिएको पूर्ण विरामको यो चरण वि. स. २०५२ सालमा सञ्चालित माओवादी जनयुद्ध सुरू हुनु पूर्वको चरण हो ।

त्यसै गरी कवि पूर्ण विरामको कविता यात्राको चोथौ अर्थात अन्तिम चरण जनयुद्ध कालीन चरण हो । वि.स २०५२ सालबाट सुरू भएको जनयुद्धको राजनीतिक पृष्टभूमिमा जनयुद्धलाई नै मुख्य सन्दर्भ र आलम्बन बनाई कवि पूर्ण विरामले कविता लेखेकाले यो चरणालाई जनयुद्ध कालीन चरण भन्न सकिन्छ । वि.स. २०६३ पछि यता जनयुद्धको अन्त्यपछि पनि पूर्ण विरामले जनयुद्धलाई कुनै न कुनै रूपमा विषय बनाएकै पाइन्छ । यद्यपि वि .स २०६३ पछि यता उनको अर्को चरण बन्न नसके पनि एउटा मुख्य प्रवृत्ति भने देखा परेको पाइन्छ । चौथो चरणकै उपचरणका रूपमा भने यस अवधिलाई अध्ययन गर्न सकिने स्थिति भने नकार्न मिल्दैन ।

वि.स२०२७ देखि हालसम्मको चार दशक भन्दा बढीको कविता यात्रा गुजारि सकेका कवि पूर्ण विरामको चार वटै कविताका चरण तथा तिनमा देखा पर्ने प्रवृत्ति र ती-ती चरणका कविता कृतिको अध्ययन यहाँ छुट्टा छुट्टै शीर्षकहरूमा गरिएको छ ।

### २.२.१ पहिलो चरण/आरम्भिक काल (वि.स २०२७ - २०३६ साल सम्म) का कविता सिर्जना

पूर्ण विरामको कविता यात्राको पहिलो चरण वि. स. २०२७ सालदेखि २०३६ साल सम्मको अवधि हो । कविता लेखनको अभ्यासको क्रममा रहेकाले कवि पूर्ण विरामको कविता यात्राको यस चरणलाई आरभिक काल पनि भन्न सकिन्छ । वि.सं. २०२७ साल बैशाख १८ गतेको 'नयाँ सन्देश' (९:३५) पत्रिकामा प्रकाशित बिना शीर्षकको कविता नै पूर्ण विरामका प्रथम प्रकाशित कविता हो । यस चरणमा उनले कलेजका विभिन्न प्रतियोगिताहरूमा सहभागिता जनाउने अभिप्रायले लेखेका कविताहरू पर्दछन् । जम्मा नौ वटा कविता पाइएको यस चरणमा उनले आफ्नो वास्तविक नाम बलराम शर्मा बाट नै कविता प्रकाशन गरेको देखिन्छ । यस चरणमा पूर्ण विरामका फुटकर कविताहरू मात्र प्रकाशित छन् ।

#### २.२.१.१ प्रथम चरणका कविता कृति

जम्मा नौ वटा कविता प्राप्त भएको यस चरणमा कवि पूर्ण विरामले अन्तिमका तिन वटा कविताको मात्र शीर्षक दिएको पाइन्छ । विभिन्न पत्रिकामा प्रकाशित उनका यस चरणका कविताहरूलाई क्रमबद्ध रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ -

| क. सं. | कविताको शीर्षक | प्रकाशन काल | प्रकाशन स्रोत |
|---|---|---|---|
| १. | ? | वि.स. २०२७ वैशास १८ | 'नयाँ सन्देश' '(९:३१) |
| २. | ? | वि.स. २०२७ जेठ २ | 'नयाँ सन्देश' (९: ३२) |
| ३. | ? | वि.स. २०२७ असार २६ | 'नयाँ सन्देश' (९:४३) |
| ४. | ? | वि.स. २०२७ साउन ३० | 'नयाँ सन्देश' (९: ८४) |
| ५. | ? | वि.स. २०२७ कात्तिक १४ | 'नयाँ सन्देश' (१०:९) |
| ६. | ? | वि.स. २०२९ असर १४ | 'नयाँ सन्देश' (११ :६७) |
| ७. | मैले देखेको सपनाभित्र | वि.स २०३६ पुस | 'प्रतिनिधि' (१:२) |
| ८. | भविष्यवाणी | वि.स. २०३६ पुस | 'प्रतिनिधि'(चरण १) |
| ९. | रहर छैन | वि.स. २०३६ चैत ८ | 'राष्ट्र पुकार' (१०:३४) |

### २.२.१.२ पहिलो चरणका कविताका प्रवृत्तिहरू

कवि पूर्ण विरामको कविता यात्राको पहिलो चरण प्रवृत्तिगत हिसाबले प्रयोगवादी कविता प्रवृत्तिको निकट देखा पर्दछ । त्यति बेलाको प्रयोगवादी कविता लेखनको प्रभाव गहण गरेका कविले निराशा, शून्यता, विसङ्गतिलाई कवितामा स्थान दिएका छन् । यस चरणका कवितामा मुख्यतः जीवनप्रति वितृष्ण बाँच्नुको निस्सारता, र अस्तित्व हीनताको भाव व्यक्त गरिएको छ ( आचार्य, पृ.३९) । यो चरण उनको आरम्भिक चरण पनि हो, त्यसैले परवर्ती चरणमा पाइने कविताका संरचनात्मक सौन्दर्यको उत्कर्ष यस चरणमा देखा परि सकेको छैन । तर वैचारिक, दार्शनिक एवम् भाव बोधका दृष्टिले यति बेला जीवनप्रतिको निराशाबोध र शुन्यवादी चिन्तन नै सैन्दर्य चेतनाको आधार बनेको छ (पाण्डेय, २०६८,पृ ६९) । 'नयाँ सन्देश', पत्रिकामा प्रकाशित कवितामा कविले जीवनप्रतिको निराशा यसरी व्यक्त गरेको छन् -

कति रोऊँ अब त
आँखा पनि थकिसके
कति बाँचू अब त
बाँच्ने आशा पनि अब त
बाँच्ने आशा पनि मरिसके

('नयाँ सन्देश', २०२७ वैशाख १८)

प्रयोगवादी कविता लेखन विद्यमान रहेको तत्कालीन परिस्थितिबाट प्रभावित हुन पुगेका कवि पूर्ण विराम यस चरणमा नितान्त वैयक्तिक अनुभूतिहरूमा केन्द्रित हुन पुगेको पाइन्छ । गुणात्मक-परिमाणात्मक दुवै दृष्टिले कमजोर रहेको उनको यस चरणका कवितामा मान्छेको निरूपायता र अर्थ हीनतालाई कविताको विषय बनाइएको छ । 'रहर छैन' शीर्षक कवितामा आफ्नो अकर्मण्यताको भाव यसरी व्यक्त गरिएको छ-

सुकिसकेको एउटा पातलाई
अब त काँधमा बोकिदिने
म भित्रको मान्छेसँग
कही समर्थ्य पनि छैन

('राष्ट्रपुकार', २०३६ चैत्र २८)

निजी अनुभूतिमा केन्द्रित भई दुरुहता, अमूर्ततालाई अँगाल्न पुगेका उनका यस चरणका कविताहरूले जीवनबाट थाकेको अवस्थाको चित्रण गर्न पुगेका छन् । व्यक्तिगत जीवनमा आफूले भोग्नु परेका आर्थिक, सामाजिक अभावहरूको चित्रण गर्नु पनि उनका यस चरणका कविताका प्रवृत्ति हुन् ।

यसप्रकार पूर्ण विरामका यस चरणका कवितामा पाइने मुख्य प्रवृत्तिहरूमा निराशा, शून्यता, विसङ्गति बोध, अस्तित्व हीनता जस्ता प्रयोगवादी कविताको प्रभावको साथै व्यक्तिगत जीवनका अभावहरूलाई अमूर्त शैलीमा निजी अनुभूतिसँग गाँस्नु पनि हो । जटिलता, दुरूहता, काव्यगत अनुशासनको अभाव, शीर्षक बिनाको कविता लेखन आदि पनि उनका यस चरणका कवितामा पाइने प्रवृत्ति हुन् । वि.सं. २०३६ सालको राजनीतिक घटना क्रम एवम् उनी भित्रै देखा परि रहेको परिपक्वताले उनको कविताको यस चरणलाई समाप्त गरी दोस्रो चरणको आव्हान गरेको देखिन्छ ।

### २.२.२ दोस्रो चरण/पञ्चायती काल (वि.सं. २०३६-२०४६ सालसम्म) का कविता सिर्जना

कवि पूर्ण विरामको दोस्रो चरण वि.सं. २०३७ देखि २०४६ सम्म करिब एक दशकको अवधि हो । २०३६ सालको राजनीतिक आन्दोलन, जनमत सङ्ग्रहपछि परिवर्तन भएको राजनीतिक स्थिति, पञ्चायती व्यवस्थाको निरंकुशताप्रति आम जनताको तिव्र असन्तुष्टि तथा स्रष्टाहरूको आन्दोलन आदि घटना क्रमहरूबाट कवि पूर्ण विरामको यो चरण प्रभावित देखिन्छ । नेपाली कवितामा प्रयोगवादी कविता लेखनको युग सकिएर सम सामायिक युग सुरू भएको अवस्थामा कवि पूर्ण विरामले पनि आफ्नो कविता लेखनलाई नवीन दिशा प्रदान गरेको पाइन्छ । यस चरणमा कवि पूर्ण विराम प्रारम्भिक कविता लेखनका क्रममा अवलम्बन गरेको प्रयोगवादी निराशावादी

जटिल कविता लेखनको प्रवृत्तिलाई त्यागी तुलनात्मक रूपमा सरल र सम सामयिक कविता सिर्जना गर्न पुग्दछन् । पूर्ण विरामको यस चरणमा 'इतिहासका किल्लाहरूमा' (२०४३) कविता सङ्ग्रह प्रकाशित भएको छ भने सङ्ग्रहमा परेका बाहेक उनन्साठी वटा विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरू प्राप्त भएका छन् ।

### २.२.२.१ 'इतिहासका किल्लाहरूमा' (२०४३) मा सङ्गृहीत कविताहरू

'इतिहासका किल्लाहरूमा' (२०४३) कवि पूर्ण विरामको पहिलो प्रकाशित कविता सङ्ग्रह हो । दोस्रो चरणका जम्मा सोह्र वटा कविताहरू रहेको यस सङ्ग्रहका कविताहरू क्रम बद्ध रूपमा निम्न अनुसार छन् -

१) सङ्केत २) आफूलाई लाग्ने आग्रह ३) सूर्यको अनुपस्थिति ४) सामसिम झिम ५) भर्खरै खोलिएका पसल ६) समय देख्छ यहाँबाट ७) माटोमुनि माटोमाथि ८) बायाँ लाग्दा ९) पुलिन्दा फर्काइदेऊ १०) जे बने पनि बन्ला ११) निद्रा नलागे कविता लेख १२) गोल बोली १३) नरेशमानले नै पढाउनुपर्छ १४) लम्क उनलाई रोक्न १५) गिलास समात्दा १६) ऐना र आँखा ।

### २.२.२.२. पत्र पत्रिकामा प्रकाशित फुटकर कविताहरू

कवि पूर्ण विरामको दोस्रो चरणमा विभिन्न भागबाट प्रकाशित पत्रिकाहरूमा छापिएका ५९ वटा कविताहरू प्राप्त छन् । 'इतिहासका किल्लाहरूमा' (२०४३) कविता सङ्ग्रहमा नपरेका ५९ वटा कविताहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ -

| क.सं. | शीर्षक | प्रकाशन काल | प्रकाशन स्रोत |
|---|---|---|---|
| १. | सल्लाह | वि.सं. २०३७ साउन-असोज | 'आरन'( १:२) |
| २. | कविता | २०३७ | 'लहरा' (१:१) |
| ३. | शहरमा के देखे ? | २०३७ असार | 'सौगात' |
| ४. | यौवन | २०३७ फागुन | 'पुष्पाञ्जली' |
| ५. | जागिर | २०३८ | 'दुबो' |
| ६. | एकटुक्रा देश देऊ | २०३८ | 'विश्वदूत' |
| ७. | मन अब तिमी | २०३८ | 'बन्धुसंगम' |
| ८. | मेरो लागि एउटा चिहान खनिदिए हुन्छ | २०३८ चैत २ | 'विश्वदूत' |
| ९. | दुई टुक्रा | २०३९ वैशाख | 'कुरौटे' |
| १०. | किन रोदन किन विस्मात् | २०३९ भदौ १६ | 'नयाँ करेन्ट' |
| ११. | आज्जु नै ठिक छैन | २०३९ पुस १६ | 'आजकल' |
| १२. | नत्र थुकि दिन्छु तपाइँहरूलाई | २०३९ पुस २५ | 'जनजागृति' |

| | | | |
|---|---|---|---|
| १३. | मेरो सहिदलाई | २०३९ माघ १ | 'जनजागृति' |
| १४. | विज्ञापन | २०३९ माघ १६ | 'जनजागृति' |
| १५. | शताव्दीको लोला | २०३९ चैत्र ११ | 'आजकल' |
| १६. | आफू त एउटा मान्छे | २०४० वैशाख-असार | 'मुस्कान' |
| १७. | आगन्तुकहरू | २०४० जेठ २९ | 'जनजागृति' |
| १८. | समयलाई हेर्दा | २०४० असार ३ | 'आजकल' |
| १९. | बौलाहा वर्तमान र कविता | २०४० साउन ८ | 'जनजागृति' |
| २०. | तीन नम्बरको वस्तीमा | २०४० साउन ११ | 'चासो' |
| २१. | एउटा पात्रोको किनमेल | २०४० असोज | 'समष्टि' (४:१) |
| २२. | यसबेला तपाईको ईश्वर | २०४० असोज-मंसिर | 'प्रतिबद्ध' (५:८) |
| २३. | भोकभोकै | २०४१ वैशाख २७ | 'आजकल' |
| २४. | छुद्र मानिस र मेरो बाटो | २०४१ जेठ २० | 'युगधारा' |
| २५. | जयगान ! भुसुनाको कान | २०४१ भदौ२४ | 'जनजागृति' |
| २६. | मसानघाटमा कपासको जिब्रो | २०४१ साउन १९ | 'समिक्षा' |
| २७. | दाँत कुँडिएको बेलाको स्वाद | २०४१ कार्तिक २४ | 'समिक्षा' |
| २८. | प्यारो रूखलाई तमसुक | २०४१ माघ १९ | 'समिक्षा' |
| २९. | मेरो आफ्नो भिमान | २०४१ | 'बगर (विशेष अंक ३:५)' |
| ३०. | चास्नी | २०४१ | 'बगर (विशेष अंक ३:५)' |
| ३१. | ऐतिहासिक शत्रु | २०४१ | 'बगर (विशेष अंक ३:५)' |
| ३२. | आकाश मात्रै छ केवल | २०४२ | 'जनजागृति' (४:५) |
| ३३. | शपथ ग्रहणका लागि केही सवाल | २०४२ असार ३ | 'युगधारा' |
| ३४. | हावा चल्यो | २०४२ भदौ २३ | 'जनजागृति' |
| ३५. | हामीलाई नभत्काउनु होला | २०४२ असोज २७ | 'जनजागृति' |
| ३६. | अहिलको उदास कोठा | २०४२ मंसिर १८ | 'जनजागृति' |
| ३७. | मन्दिरै जन्माउँछ कृक्षिरूक | २०४२ पुस ५ | 'समिक्षा' |
| ३८. | सास्तो भोग | २०४२ पुस १८ | 'महिमा' |
| ३९. | तितो पाठ | २०४२ फागुन १९ | 'जनजागृति' |
| ४०. | लाटो मौसममा बुलबुल | २०४२-०४३ | 'सौरभ' (५:४) |
| ४१. | लागि-रहेछ-लागि रहेछ | २०४३ असार ८ | 'जनजागृति' |
| ४२. | कोष्ठभित्रबाट | २०४३ असार २९ | जनजागृति' |
| ४३. | हिँडिसक्यो बितराछायाँ | २०४३ साउन १७ | 'मूल्याङ्कन' |
| ४४. | प्याजी रङगको आवाज | २०४३ साउन १९ | 'जनजागृति' |

| | | | |
|---|---|---|---|
| ४५. | सायोनारा | २०४३ मंसिर १६ | जनजागृति' |
| ४६. | यो अर्को थप तमसुक | २०४३ फागुन | 'उत्साह' (८:३६) |
| ४७. | यो पनि भनिहालू | २०४४ जेठ ४ | 'जनजागृति' |
| ४८. | आमासँग बन्दुक मागेको | | |
| ४९. | यसबेला मृत्यु पनि मागेको | २०४४ असार-असोज | 'पर्म' (९:१/२) |
| ५०. | सम्झेर जाउ जाने मानिस | २०४४ भदौ २२ | 'जनजागृति' |
| ५१. | खयल चिच्च्याउँछ तमोलीलाई सम्झेर | २०४४ कार्तिक | 'दृष्टि' (५:१) |
| ५२. | आगोको चित्रसँग कुरा भयो | २०४४/०४५ | 'लहर' (१०:१३/१४) |
| ५३. | जिन्दगी आज कुरा गर्छ | २०४५ चैत | 'अभिभारा' (७:३) |
| ५४. | अग्नि समूह सिफारिस गर्दछ | २०४५ चैत ८ | 'युगान्तर' |
| ५५. | छिचिमिरालाई पखिरहेछ अधित्यका | २०४६ असार २ | 'समीक्षा' |
| ५६. | रचनाका अर्थहरू | २०४६ पुस १४ | 'चाँदनी' (१:१) |
| ५७. | भर्खर एउटा मैनबत्ती निभ्यो | २०४६ माघ ११ | 'दृष्टि' (७:१३) |
| ५८. | एक जना आउँदैछ | २०४६ चैत | 'पग्लेर पनि तिम्रो मुटुबाट' कविता सङ्ग्रह |
| ५९. | तस्वीर र आग्रह | २०४६ चैत | 'सङ्केत' (सामयिक संकलन) |

### २.२.२.३ दोस्रो चरणका कविताका प्रवृत्तिहरू

कवि पूर्ण विरामको कविता यात्राको दोस्रो चरण प्रथम चरणको प्रयोगवादी निराशावादी कविता लेखनको आभ्यासिक चरणलाई त्यागी समसामयिक प्रवृत्तिका तुलनात्मकरूपमा परिपक्व कविता लेखनको चरण हो । वि.सं. २०३६ सालको राजनैतिक आन्दोलन, जनमत सङ्ग्रह जस्ता घटनाहरूले यस चरणको कविता लेखनलाई समेत प्रभाव पारेकाले पञ्चायती व्यवस्थाका विरोध नै उनका यस चरणका कविताको मुख्य प्रवृत्ति बन्न गएको छ । पूर्ण विरामका कविता यात्राको दोस्रो चरणको खास विशेषता भन्नु निराशावादबाट क्रमशः मुक्त हुँदै प्रगति वादतिर पाइला बढाउनु र कुरूपताका विरूद्ध सौन्दर्यका पक्षमा कलम चलाउनु हो (पाण्डेय २०६८, पृ.७०) । पूर्ण विरामका यस चरणका कविता पनि जटिल प्रकृतिका नै देखिन्छन् । संरचनामा जटिलतता, उनको प्रथम चरणकै प्रवृत्तिको निरन्तरता हो भने भावमा यथार्थ पन र प्रगतिवादी उन्मुखता उनको यस चरणका कवितामा पाइने भिन्न प्रवृत्ति हुन् । 'सङ्केत' शीर्षक कवितामा उनले जटिलतालाई यसरी प्रश्रय दिएका छन् -

> खान्छु शपथ पनि एक्लै नहिँड्ने
> सम्पूर्ण खोलाहरू

एउटै बाटो हिँडेर
बाढी आउँदा तोप नबग्ने सम्भावना
कतै रहन्छ र
तोप नटिक्ने सङ्केत हुँदैन र त्यो ?

(इतिहासका किल्लाहरूमा, पृ. २२)

पङ्क्ति र वाक्य विन्यासमा देखिने असचेतताले पनि उनका कतिपय कविता दुर्बोध्य र भाव सम्प्रेषणमा बाधा बन्न पुगेका छन् । सामूहिकताको पक्ष लिइएको प्रस्तुत कवितामा कविले पूर्ववर्ती चरणको एकल निजी आग्रहलाई त्याग्ने घोषणा गरेका छन् ।

दोस्रो चरणमा कवि पूर्ण विराम मार्क्सवाद प्रति आस्थावान रहिसकेको देखिन्छ । यस चरणका कवितामा उनले मार्क्सवादी जीवन दर्शनलाई आत्मसात गर्दै क्रान्ति र उज्यालोको घटना व्यक्त गरेका छन् । अन्याय, अत्याचारका विरुद्ध बन्दुक उठाउन आग्रह गर्ने पूर्ण विराम तत्कालीन शासन-सत्ता प्रति चरम विद्रोह बनी देखा पर्दछन् । 'दुई टुक्रा' शीर्षक कवितामा क्रान्तिको आवश्यकता बोध यसरी गरिएको छ -

राता फूलका बोटहरू रोप
अब परिबेश रातो पार्नुपर्छ हामीले
चिसा हल्लाहरूलाई छोप
अब मानिसलाई नै तातो पार्नुपर्छ हामीले
अन्यायभित्र बन्दुक उठाउन बुद्धले पनि केही भन्दैनन् ।

('कुरौटे', २०३९ वैशाख)

कम्युनिस्टहरूको सत्ता स्थापना गर्न राता फूलहरू रोपेर समग्र परिवेश रातो पार्नुपर्ने आग्रह गर्दै कविले निरंकुश पञ्चायती व्यवस्थाका विरूद्ध बन्दुक उठाई क्रान्ति गर्नुपर्ने बिचार व्यक्त गरेका छन् । यस्तो जर्जर परिस्थितिमा शान्तिका प्रतिक गौतम बुद्धले पनि हतियारको विरोध नगर्ने भन्दै कविले हिंसात्मक क्रान्तिको आवश्यकता बोध गरेका छन् ।

पञ्चायती व्यवस्थाको कारण समाजमा विद्यमान वर्ग विभेदको पनि कविले यस चरणमा महसुस गर्दै त्यसका विरूद्ध पनि विद्रोह हुनुपर्ने चाहना राखेका छन् । 'आगोको चित्रसँग कुरा भयो' शीर्षक कवितामा असहाय वर्ग प्रतिको सहानुभूति यसरी व्यक्त गरिएको छ ।

आगो हुँ केवल आगो हुँ
एउटै आकाशले ढाकिएको
पृथ्वीको रौनक हेर्न चाहन्छु
अनगिन्ती रोकडहरू पोलेर
एउटा वर्गलाई फु-मन्तर गरेर
अर्को असहाय वर्गलाई फूलका
एक-एक टुक्रा बाँड्न चाहन्छु ।

('लहर' १०: १३/१४, २०४४)

पूर्ण विराम यस चरणमा पञ्चायती व्यवस्थाको अन्त मात्र चाहँदैनन त्यसको अन्तपछि असहाय वर्गको सत्ता स्थापना हुनुपर्ने चाहना समेत व्यक्त गर्दछन् । हतियार सहितको क्रान्तिबाट रातो परिवेश (कम्युनिस्ट सत्ता) वर्ग सङ्घर्षको चाहना तत्कालीन शासकको विरोध वैयक्तिक अभाव स्थापना गर्न चाहने कविमा प्रगतिवादी कविता लेखनप्रतिको आकर्षण तिव्र रूपमा बृद्धि भएको देखिन्छ । अभाव र पीडाको अभिव्यक्ति, संरचनागत जटिलताको निरन्तरता कवि पूर्ण विरामका दोस्रो चरणका मुख्य प्रवृत्तिहरू हुन् । पहिलो चरणका तुलनामा मात्रात्मक रूपमा धेरै दुई दर्जन जति फुटकर कविता र एउटा कविता सङ्ग्रह प्रकाशित भएको यस चरणका कवि पूर्ण विरामका कविता गुणात्मक दृष्टिले पनि पूर्ववर्ती चरण भन्दा निकै अगाडि नै रहेका छन् । सम सामयिक विविध विषय वस्तुलाई आधार बनाइएको उनका कविताहरूमा दृश्यात्मक, श्रव्यात्मक, स्पर्शजन्य, घ्राणमूलक बिम्वका साथै मिथकीय बिम्वको प्रयोग  नवीन रूपमा प्रयोग भएको छ भने अप्रचलित र मौलिक प्रतीकहरूको प्रयोग पनि उत्तिकै भएकाले उनका यस चरणका कविता पनि जटिल र दुरूह नै  बन्न  पुगेका छन् ।

### २.२.३ तेस्रो चरण/प्रजातन्त्र काल (वि.सं.२०४७-२०५१ सम्म का कविता सिर्जना

कवि पूर्ण विरामको कविता यात्राको तेसो चरण वि.सं. २०४७ सालको राजनीतिक परिवर्तन स्वरूप देखापरको संवैधानिक  राजतन्त्रको स्थापना र २०५२ सालमा सुरू जनयुद्ध भन्दा पूर्वको अवधि हो । पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको सुरूवात भएको यस राजनीतिक पृष्ठभूमिमा प्रजान्त्रको स्थापना पनि जनताका माम, चाहना पुरा नभएकाले त्यसप्रतिको खबरदारी गर्ने काम पूर्ण विरामले यस चरणमा गरेका हुन् । यस चरणमा कवि प्रगतिवादप्रति पूर्णताः आस्थावान हुँदै अन्त राष्ट्रिय रूपमा कम्युनिस्ट आन्दोलमा आएको विघटन र नेपालमा परेको प्रभावको फल स्वरूप वामपन्थी  कम्युनिस्ट पार्टीमा देखा परेका विचलन र संशोधनका विरूद्ध पूर्ण विरामले यस चरणका कवितामा आवाज उठाएका छन् । मार्क्सवाद,

क्रान्ति, वर्ग सङ्घर्षका पक्षमा प्रतिबद्ध पूर्ण विरामले ती सबैका बिरुद्ध जानेहरूका लागि निर्मम आक्रमण गरेका छन् ।

यस चरणमा कविले प्रजातन्त्रको पुनस्थापना पछि देखा परेका विकृति, विसङ्गति कुशासन, भ्रष्टाचार तथा राजीतिक संस्कार हीनताको विरूद्ध पनि कलम चलाएका छन् । वि.सं. २०४७ देखि २०५१ सम्मको पाँच वर्षको अवधिको यस चरण उनका पूर्ववती चरण भन्दा र पहिल्लो चरण भन्दा पनि छोटो रहेको छ । यस चरणमा उनको एउटा कविता सङ्ग्रह 'गोविन्दले ठीक भन्यो' ( २०५०) र बत्तिस वटा सङ्ग्रहमा नपरेका तर विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरू पाइएका छन् ।

### २.२.३.१ 'गोविन्दले ठिक भन्यो' (२०५०) सङ्ग्रहमा सङ्गृहीत कविताहरू

'गोविन्दले ठिक भन्यो' (२०५०) प्रतिभा प्रवाहद्वारा प्रकाशित पूर्ण विरामको दोस्रो सङ्ग्रहात्मक कविता कृति हो । बत्तिस वटा कविताहरू रहेको प्रस्तुत सङ्ग्रहका कविताहरूको शीर्षक सूची क्रमबद्व रूपमा प्रस्तुत गरिएको छ-

१. मेरो प्रभातलाई कसले मार्‍यो ? २. गीत किन रोकिएको छ ? ३. फूलको कविता शव्दको रमिता ४. मुद्धाबाट व्युँभिन्छ विदा..... ५. याचिका ६. जोडो घटेको छैन मेरो प्रिय मानिस ७. नयाँ पुस्तक पढ्दा पढ्दै जलजला बोलिन् ८. लेखापाल ९. कति वर्ष भयो ? १०. नयाँ घाउ नै लेख्नु ११. पागलहरू किन मुद्दा दायर गर्छन् १२. त्यो योद्धा को हो ? १३. मालिकको रौं रौं हेर्ने उज्यलोलाई पर्ख १४. गृह त्याग १५. मरूभूमिमा एक थोपा पानी पर्‍यो यत्रो हल्ला किन ? १६. सत्य-कथा १७. धमैराबाट भौवा थारू चिठ्ठी लेख्छ १८. पूर्णाङ्क प्राप्त गर्न लायक छन् कप्तानका आदेशहरू १९. म आज यस्तो कुरा पनि गर्छु २० एउटा गोली खर्च गर नयाँ हावाका पहरेदाहरू २१. म को हुँ ? २२.क्रान्तिदेखि होसियार २३. गोविन्दले ठीक भन्यो

### २.२.३.२ पत्र पत्रिकामा प्रकाशित फुटकर कविताहरू

कवि पूर्ण विरामका तेस्रो चरणमा उपर्युक्त सङ्ग्रहमा नपरेका तर देशका विभिन्न भगका पत्रपत्रिकामा प्रकाशित ३२ वटा कविताहरू प्राप्त भएका छन् । ती निम्ननानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएका छन् ।

| क्र.सं. कविता शीर्षक | प्रकाशन मिति | प्रकाशन स्रोत |
|---|---|---|
| १. नयाँ वर्षमा निद्रा कता-कता दौडिरहेछ | २०४७ वैशाख २० | 'समीक्षा' |
| २. नसुतेको घोडा | २०४७ कर्तिक ९ | ,, |
| ३ .आ-आफ्ना बगैचामा फर्क राता फूलहरू | २०४७ असोज.मंसिर | 'सम्वाहक (१:१) |

| | | |
|---|---|---|
| ४. कारिन्दाको आँखा | २०४७ मंसिर १५ | 'गोरखापत्र' |
| ५. हुललाई प्रश्न गर्छु | २०४७ पुस १३ | 'समीक्षा' |
| ६. एउटा चट्टनको कथा | २०४७ चैत ८ | ,, |
| ७. रङ्ग फेर्न उभिएको मौसममा | २०४७ चैत | 'जनमत' |
| ८. वाक्स्वतन्त्रता | २०४७ | 'सहिद' (संयुक्त कविता सङ्ग्रह) |
| ९. केही वर्षपछि झोलामा नयाँ प्रस्तक होला | २०४८ बैशाख - जेठ | 'तन्नेरी (१३: १) |
| १०. मेरो कोठामा नाइल जत्रो भएर दुःख पसिरहेछ। | २०४८ जेठ २४ | 'समीक्षा' |
| ११. घोषणको सरांश | २०४८ असार १४ | 'समीक्षा' |
| १२. आफ्नो कारागारबाट | २०४८ भदौ १ | 'गोरखापत्र' |
| १३. सपनाको खातिर दुःखको बन्दरगामा जहाज कुरिरहँदा | २०४८ भदौ-मंसिर | 'तन्नेरी' |
| १४. राम्रो होला रामै होला | २०४९ कात्तिक-पुस | 'जनसाहित्य' |
| १५. हिडेको दिनलाई यसरी भने | २०४९ वैशाख | 'दायित्व' |
| १६. वर्तमान यसरी नै वितोस | २०४८ जेठ | 'मधुपर्क' |
| १७. राष्ट्रिय बाजसँग सम्झौता भएको मुलुकमा | २०४९ जेठ ८ | 'पृष्ठभूमि' |
| १९. गोरू हुन हिंडिरहेको बखतमा | २०४९ साउन | 'गरिमा' |
| २०. सहजै कहाँ पग्लिरहेछ सूर्य | २०४९ कात्तिक ८ | 'गोरखापत्र' |
| २१. पाप बराबर भइरहनेछ | २०४९ माघ-चैत | 'मधुश्री' |
| २२. गुफाका अर्थहरू र रगतका पर्खालहरू | २०४९ | 'नवकविता' |
| २३. मेची कसरी बग्यो | २०५० बैशाख | 'इन्द्रेणी' |
| २४. सिठ्ठीको बारेमा | २०५० कात्तिक | 'रणसङ्ग्राम' |
| २५. अद्वश्य सलाम | २०५० | 'बुँद' |
| २६. माखेसाङ्लो | २०५१ असार ३ | 'समीक्षा' |
| १७. हकदारहरू दावी गर धन्यवादको वर्षा गर्छु | २०५१ साउन | 'कलम' |
| २८.कसको क्षमता छैन राम्रो सपना मार्न | २०५१ साउन-भदौ | 'वेदना' |

| | | |
|---|---|---|
| २९. कथा सुन माउजे दुङ | २०५१ पुस ५ | 'जनादेश' |
| ३०. हाम्रो यन्त्रमा रुकुमका धनवहादुर विश्वकर्मा | २०५१ चैत १३ | 'नयाँमोर्चा' |
| ३१ फर्किरहको कुनै मानिस | २०५१ वसन्त | 'नवकविता' (पृ.२८) |
| ३२. अपराधी मौसम र कवि | २०५१ वसन्त | 'वर्तमान साहित्य (प्रतिभा प्रवाह साहित्य श्रङ्खला) |

### २.२.३.३ तेस्रो चरणका कविताका प्रवृत्तिहरू

वि.सं. २०४६ सालको प्रजातन्त्र पुनर्स्थापना पछि कम्युनिस्ट पार्टीहरूले अवलम्बन गरेको संशोधनवाद तथा राजनीतिक रूपमा देखा परेको विकृति-विसङ्गतिको विरूद्ध कविले यस चरणका कवितालाई उभ्याएका छन् । क्रान्तिको माग पुरा नभएकोले क्रान्ति अझै आवश्यक रहेको ठान्ने पूर्ण विरामले मार्क्सवादको औचित्य समाप्त भएको ठान्नेहरू सँग मार्क्सवादप्रति प्रतिबद्ध भएको कुरालाई समेत अभिव्यक्त गर्दै मार्क्सवादको औचित्य सावित गर्ने काम यस चरणमा गरेका छन् । पूर्ण विरामको यस चरणको मुख्य प्रवृत्ति भन्नु क्रान्तिको आवश्यकता बोध एवम् मार्क्सवादप्रतिको पूर्ण आस्था प्रकट गर्नु नै हो साथै वि.सं. २०४६ सालको राजनीतिक परिवर्तन पश्चात पनि अन्त्य नभएका विकृति, विसङ्गगति, कुशासनको विरोध गर्नु हो ।

प्रगतिवाद प्रति पूर्ण कटिबद्ध कवि पूर्ण विराम यस चरणमा 'मार्क्सवाद मरिसक्यो' भन्नेहरू प्रति निर्मम रूपमा प्रस्तुत भएका छन् । 'मुर्द्धाबाट ब्युझँन्छु विदा...' शीर्षक कवितामा मार्क्सवाद प्रतिको आस्था र संशोधन वादीहरूको विरोध यसरी गरिएको छ -

हिटलरलाई सलाम गर्नेहरू
अब जतिसुकै भाषण गर
म मुर्च्छित हुन्न
मुर्च्छामा देखिएका नक्कली मार्क्सहरू
मलाई अब मुर्दा पार्न सक्दैनौ
म ब्युँझेको छु, नक्कली मार्क्सहरू

('गोविन्दले ठीक भन्यो' पृ.२० दो सं.)

क्रान्तिलाई, मार्क्सवादलाई तिलाञ्जली दिएर हिटलर (तत्कालीन राजा) प्रति झुकेर सलाम गर्ने तत्कालीन कम्युनिस्ट-वामपन्थी पार्टी र तिनका नेताहरूप्रति व्यङ्ग्य प्रहार गरिएको प्रस्तुत कविताका पङ्क्तिमा मार्क्सवाद मुर्च्छित नभएको त्यो अझ ब्युँझिदैछ भन्ने आशय व्यक्त गरिएको

छ । क्रान्ति रोकिनु हुन्न भन्ने भावलाई 'गीत किन रोकिएको छ' शीर्षक कवितामा यसरी व्यक्त गरिएकोछ :

घाँटी-घाँटीमा गलघण्ट झुण्डयाइ दिने
साँढेहरू ओहोर-दोहोर गरिरहेको बखतमा
झन् गीत किन रोकिएको छु ?
गीत रोक्ने आदेश कसले दिएको छ
यस्तो आदेश मान्नै पर्ने बाध्यता
कुन समयले दिएको छ ?
गीत किन रोकिएको छ ?

(गोठीभ, पृ १२)

'गीत'लाई क्रान्तिको प्रतिक बनाई क्रान्तिको निरन्तरतामा जोड दिएको प्रस्तुत पङ्क्तिमा जस्तासुकै शासकको आदेश भए पनि क्रान्तिलाई जारी राख्नुपर्ने कुरा कविले व्यक्त गरेको छन् । संशोधन वादीहरूले क्रान्तिलाई रोक्न विभिन्न प्रयत्न गरेकोले यसलाई अस्वीकार गर्दै क्रान्तिलाई सञ्चालन गर्नु पर्ने पूर्ण विरामको मत देखिन्छ ।

वि.स २०४६ सालको राजनीतिक परिवर्तन पछि पनि जनताका समस्याहरू जस्ताको तस्तै रहेको कुरालाई पूर्ण विरामले आफ्ना कविताहरूमा व्यक्त गरेको छन् । फूलको कविता शब्दको रमिता शीर्षक कवितामा समसामयिक विषयको चित्रण यसरी गरिरहेको छ -

यसपालि धेरै चुलाहरू आगो नपाएर मुर्मुरिएका छन्
यसपालि धेरै चुराहरू अर्को देशको लडाइमा फुटेका छन् ।
यसपालि बाढीले खोलाले बगाएन मान्छेहरू बगायो
यसपालि बाली मरेन बरू बालीले लुकेर मान्छेहरू मार्‍यो ।

(गोठीभ, पृ.१४)

यहाँ तत्कालीन सयमको गरिवी, भोकमरी, माहिलाहरूले विधुवा हुनु परेको समस्या, प्राकृतिक विपत्तिबाट मान्छेले भोग्नु परेको समस्यालाई कविले व्यक्त गरेका छन् । प्रजातन्त्र पुनर्स्थापना भएको भनिए पनि त्यसले जनताका जीवनस्तरमा सुधार ल्याउन नसकेको प्रति कविले सचेत गराएका छन् । देश, राष्ट्र अझै सही बाटोमा पुगि नसकेको तथा देशमा उज्यालो आइ नसकेको भावलाई कविले 'लेखापाल' शीर्षक कवितामा यसरी व्यक्त गरेका छन् -

अलपत्रमा परेका फूलहरूलाई
सुरक्षितसाथ राष्ट्रको फूलदानीमा
बिस्तार-बिस्तारै राख्न बाँकी नै छ
हतार नगर सगरमाथा
यो झिसमिसे हो
उज्यालो हुन बाँकी नै छ
झलमल घाँम लाग्न बाँकी नै छ ।

(गोठीभ, पृ २८)

यो समय झिसमिसे भएकाले धेरै कुराहरू पुरानै छन्, कसैको चाहना पुरा भएको छैन भन्दै उज्यालो हुन झलमल घाम लाग्न बाँकी नै भएकाले हतार गर्न नहुने कविको टिप्पणी छ । सम सामयिक विकृति र विसङ्गति प्रति व्यङ्ग्य प्रहार गरिएको प्रस्तुत पङ्क्तिमा व्यञ्जनाका माध्यमबाट अर्थ सम्प्रेषण गरिएको छ ।

कवि पूर्ण विरामका यस चरणका कवितामा राष्ट्रको दयनीय स्थिति एवम् चुनावमा हुने विकृति तथा सत्ताको व्यवहारको समेत कुशलतापूर्वक चित्रण गरेका छन् । ‘क्रान्तिदेखि होसियार’ शीर्षक कवितामा कविले सम सामयिक परिस्थितको अङ्कन यसरी गरेका छन् -

हिजोआज सिक्किम खोज्ने
मलाई भूगोलका पाताहरू पल्टाउने भन्झट छैन
आफू उभिएको ठाउँ नै सिक्किम बन्न लागिरहेछ
..........................................................
म सुरसा नै चयन हुने चुनावहरू देखेर
ज्यादै नै आतङिकत छु
नागरिगकका मतहरू यस वखत हातहरूले खसाल्न पाउँदैन्न ।
सत्ताले मत खसाल्छ र बन्दुकले मत गणना गर्छ ।

(गोठीभ, पृ.६०)

यहाँ देश सिकिक्म जस्तो बन्न खोजेको तथा राष्ट्रियता सङ्कटमा परेको तत्कालीन समयको चित्रण गर्दै सत्ताले मत खसाल्ने र बन्दुकले मत गणना गर्ने प्रवृत्तिको विरोध गरिएको छ । चरम राजनीतिक विसङ्गति एवम् सत्तासीनहरूको सत्ताप्रतिको मोहले उत्पन्न परिस्थितिको पनि कविले चित्रण गर्न सफल भएका छन् ।

यस पकार कवि पूर्ण विराम तेस्रो चरणमा सशक्त प्रगतिवादी कविका रूपमा देखा पर्दछन् । मार्क्सवादलाई खाने भाँडो बनाउनेको विरूद्ध, शासकहरू सँग अङ्कमाल गरी क्रान्तिलाई धोका दिनेहरूका विरूद्ध कविले निर्मम प्रहार गरेका छन् । यसैगरी प्रजान्तन्त्रका हिमायतीहरूले समेत देशलाई बेच्दै सिक्किम बनाउने अभियानमा लागेको एवम् बन्दुकको भरमा शासन चलाउने प्रयात्न गरेको प्रति पनि कविले असन्तुष्टि व्यक्त गरेका छन् । बिम्ब प्रतीकको प्रयोगले यस चरणका कविता पनि अपेक्षाकृत सरल बन्न नसके पनि विषय बस्तुका रूपमा सम सामयिक यथार्थ र प्रगति वाद उनका कविताको विषय वस्तुगत प्रवृत्ति हो । यस चरणका कतिपय कविताहरूमा व्यङ्ग्य संरचनागत जटिलता, आयामगत स्थूलता पाउन सकिन्छ । 'गोविन्दले ठीक भन्यो' उनका यस चरणको उत्कृष्ट कविता सङ्ग्रह भए पनि उक्त सङ्ग्रहका कतिपय कविताहरू दुरुह समेत बन्न पुगेका छन् ।

### २.२.४ चौथो चरण/जनयुद्ध कालीन चरण (वि.स २०५२-यता) को कविता सिर्जना

वि.सं. २०५२ साल फागुन १ गतेबाट सुरू भएको जनयुद्ध नेपाली समाजको विशिष्ट परिघटना हो । जनयुद्धले नेपाली समाजका विभिन्न क्षेत्रमा प्रभाव पारेको पाइन्छ । नेपाली कविताका क्षेत्रमा समेत यसले जवर्जस्त प्रभाव जमाउन सफल भएको देखिन्छ । वि.सं. २०४६ सालको परिवर्तनले समेत क्रान्तिको अभिभारा पुरा गर्ने नसकेको परिप्रेक्ष्यमा नकपा माओवादीले सुरू गरेको जनयुद्धबाट हौसिएर कतिपय कविले जनयुद्धलाई मुख्य विषय बनाई कविता लेख्न पुगे । कवि पूर्ण विराम पनि यस्तै कवि मध्यमा पर्दछन् ।  उनले यस चरणमा वर्षौ देखि नेपाली समाजमा व्याप्त वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक असमानताको अन्त्य एवम् दलित मुक्ति जस्ता कतिपय सबालहरूको सम्बोधन नेपाली जनयुद्धले गरेपछि सो विषयलाई आफ्ना कवितामा प्रतिविम्बित गरेका छन् । जनयुद्धलाई एक पक्षले विरोध गरेपनि पूर्ण विरामले वर्षौ देखि देख्दै आएका क्रान्तिका सपना जनयुद्धले पुरा गर्ने भन्दै जनयुद्धका विरोधीहरूको विरूद्ध पनि कविता सिर्जना गरेका छन् । यस चरणमा उनले जनयुद्धलाई आलम्बन बनाई त्यसकै सापेक्षतामा कविता लेखेर उनी यस चरणमा प्रगतिवादी कवि एवम् जनयुद्धका क्रान्तिकारी कविका रूपमा समेत स्थापित हुन पुगेका छन् ।

वि.सं. २०६३ मा जनयुद्धको समाप्तिपछि भने कवि पूर्ण विरामका कविताहरू पनि सम सामयिक विविध विषयमा केन्द्रित हुन पुगेका छन् । यस समयमा उनले युद्धले अझै विजय प्राप्त गरि नसकेको तथा युद्धबाट थाक्ने, भाग्ने प्रवृतिको विरोध एवम् जनयुद्धका नेतृत्व कर्ताहरूलाई खबरदारी गर्दै जनताहरूलाई सचेत रहनु पर्ने कुरा व्यक्त गरेका छन् । यस समयमा

उनले समसामयिक घटनाहरू तथा विसङ्गती एवम् विकृतिप्रति पनि कविता रचना गरेका छन् । वि.सं. २०६३ सालपछिको अवधि कवितामा नयाँ पवृति देखा परेको समय अवधिलाई चौथो चरणको उपचरणका रूपमा मान्ने स्थिति देखिन्छ । यद्यपि यस चरणमा उनी जनयुद्धलाई कुनै न कुनै रूपमा विषय बनाउँदै आएको तथा मात्रात्मक रूपमा पनि चौथो चरण अन्तर्गत जनयुद्ध कालीन चरण नै मान्न उपयुक्त देखिन्छ । पूर्ण विरामको चौथो चरणमा 'ए ! मेरो आदरणीय लेकाली फूल' (२०६८) र 'लडन जन्मेकाहरूले' २०६४) गरी दुईवटा सङ्ग्रहात्मक कविता कृति तथा एकसय वटा जति फुटकर कविताहरू प्राप्त भएका छन् । मात्रात्मक र गुणात्मक दुवै दृष्टिले यो चरण सबभन्दा उर्वर देखिन्छ ।

### २.२.४.१ 'ए ! मेरो आदरणीय लेकाली फूल' मा सङ्गृहीत कविताहरू

वि.सं. २०४६ असोजमा अशोक सुवेदीद्वारा प्रकाशित पूर्ण विरामको तेस्रो सङ्ग्रहात्मक कविता कृति हो । यस सङ्ग्रहमा उनका पैतिस कविताहरू सङ्ग्रहित छन् ती यस प्रकार छन् -

| **क.सं शीर्षक** | **प्रकाशन साल** | **प्रकाशन स्रोत** |
|---|---|---|
| १. कसैको क्षमता छैन हाम्रो सपना मार्न | २०५१ | 'वेदना' |
| २. असल कार्यकर्ता | २०५२ | 'कलम' |
| ३. सत्ताको स्वभाव | २०५२ | 'नवकविता' |
| ४. एउटा भिन्न मानिस | २०५२ साउन | 'शव्द सङ्ग्राम' |
| ५. धेरैले बुझ्दैनन् ज्वालामुखी के हो ? | २०५३ बैसाख | 'कलम' |
| ६. समयका निर्माणहरू | २०५३ | 'रातो थुँगा' |
| ७. अर्को नालापनीमा आजका महिलाहरू | २०५३ पुस १४ | 'नयाँ मोर्चा' |
| ८. भर्खरै पियानो सिक्नेहरूलाई | २०५४ | 'बगर' |
| ९. करूणा र करूणाको आँखा | २०५४ कात्तिक-पुस | 'विपुल' |
| १०. तिमी नभएको भए | २०५४ वैशाख-असार | 'नेपाली साहित्य' |
| ११. के.के गर्ने ? | २०५५ असार ४ | 'योजना' |
| १२. तिमीलाई यो प्रदेशमा हेर्दा | २०५५ | 'गरिमा |

| | | |
|---|---|---|
| १३. पर्साकी जुरेली | २०५५ चैत ९ | 'जनादेश' |
| १४. सहरमा एउटा कवि | २०५५ | 'योजना' |
| १५. के गर्नु पर्छ आफ्नो देशमा तिमीले र मैले | २०५५ साउन- भदौ | 'कम्युनिस्ट' |
| १६. देशभर हिडिरहेको छु | २०५५ बैशाख ३ | 'योजना' |
| १७. हामी  जनताका कामदारहरू | २०५५ जेठ १९ | 'जनादेश' |
| १८. याङ्ग्रीको मृत्युमा | २०५५ भदौ | ,, |
| १९. मञ्जुको पट पोलिरहेछ | २०५५ चैत १९ | 'योजना' |
| २०. सिरानीले भन्छ | २०५६ फागुन १० | 'जनादेश' |
| २१. निगरानीमा | २०५६ मंसिर -माघ | 'कलम' |
| २२. सिर्जनाको जरो | २०५६ फागुन-साउन | 'कलम' |
| २३. ए ! मेरो आदरणिय लेकाली फूल | २०५७ | 'समकालीन नेपाली कविता |
| २४ कसो होला ? | २०५७ | 'समकालीन नेपाली कविता |
| २५. मिस्टर बुट्म्यान | २०५८ जेठ-साउन | 'कलम' |
| २६. यस घडीसम्मको लिखित तमसुक | २०५८ वैशाख | 'सहयात्री' |
| २७. ब्यूझेको समयमा पनि देखिएको थियो सपना | २०५८ जेठ | 'साहित्य-सन्ध्या' |
| २८. गन्धर्वका निम्ति एक कविता | २०५८ वैशाख | 'साहित्य-सन्ध्या' |
| २९. जिब्रो हराएको समयमा | २०५९ भदौ २४ | 'जनएकता' |
| ३०. एक धार्नीको सिङ्गो याज | २०५८ कात्तिक ९ | 'जनएकता' |
| ३१. अभिभावकज्यू | २०५९ फागुन २९ | 'जनएकता' |
| ३२ संवाददाताहरू भन्छन् | २०५९ फागुन | 'कलम' |
| ३३. आमालाई समर्पित कविता | २०६० | 'जनादेश' |
| ३४ आगो बाल्नेले आगो बालेकै हो | २०५४ | 'कलम' |
| ३५ रोल्पाको स्वर | २०५४ | 'कलम' |

### २.२.४.२ लडन जन्मेकाहरूले कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू

'लड्न जन्मेकाहरूले' (२०६४) विवेक सिर्जनशील प्रकाशन प्रा.लि.ले प्रकाशन गरेको कवि पूर्ण विरामको चौथो कविता सङ्ग्रह हो । वि.सं. २०५१ देखि २०६० साल सम्मका चौंतिस कविताहरू रहेको यस सङ्ग्रहका उक्त कविताहरू निम्न छन् -

| क.सं. शीर्षक | प्रकाशन साल | प्रकाशन स्रोत |
|---|---|---|
| १. भेरी नदीको किनारमा छापामारको पर्चा | २०५३ चैत २६ | 'जनादेश' |
| २. कालिकोटले पनि उज्यालोमाथि उज्यालो दियो | २०५७ साउन १७ | 'जनादेश' |
| ३. हावा चलिरहेको क्षण | २०५९ कात्तिक ३० | 'जनादेश' |
| ४. सहर सम्म पुग्ने निस्केको छु (४) | २०५७ असोज १५ | 'योजना' |
| ५. जे-जे सोध्छौ सोध पहाडी भेगलाई | २०५२ फागुन २२ | 'जनादेश' |
| ६. दिदीको हाल खबर | २०५४ मंसिर १० | 'जनादेश' |
| ७. हिमालको काखमा अवश्य यस्तो हुने छ | २०५४ मंसिर १० | 'जनादेश' |
| ८. विचरो गुलाफ | - | - |
| ९. रोल्पाको सानो केटो | २०५१ | 'नयाँ मोर्चा' |
| १०. थुइक्क पूर्ण | - | 'जनआव्हान' |
| ११. हाम्रो चाहना | - | - |
| १२. विस्तारै विस्तारै हामी सबै काम गरौला | २०५४ बैशाख | 'नवकविता' |
| १३.अभियानको सहयोगार्थ | २०५३ फागुन | 'आधार' |
| १४. कस्तो दिन | २०५५ बैशाख-असार | 'तन्नेरी' |
| १५. ठोक्ने मौसमले परिक्रमा गरिरहेछ | २०५५ चैत ४ | 'योजना' |
| १६. चोलो हेर्नेले मुटु देख्दैन | २०५२ पुस-फागुन | 'विपुल' |
| १७. बल्ल तिमी आफै राम्रो भएर देखापर्न थाल्यौ | २०५६ असोज | 'साहित्य सन्ध्या' |
| १८. गत वर्षको अवलोकन | २०५२ असोज १३ | 'समीक्षा' |
| १९. मेरो मालीबाटै म सिक्छु सबै कुरा | २०५३ असोज १ | 'जनादेश' |

| | | |
|---|---|---|
| २०. वरवधु दुवैले विद्रोह गर्नुपर्ने बेला भयो | २०५३ पुस १६ | 'जनादेश' |
| २१. मध्यरातमा छापामारको पुत्रले मसँग माग्छ आफ्नी आमा | २०५४ साउन २३ | 'महिमा' |
| २२. तत्काल मसँग सूर्य नमाग सावित्री | २०५३ जेठ १५ | 'जनादेश' |
| २३. यो वर्ष महासङ्घर्षको वर्ष | २०५२ साउन | 'शब्दसङ्ग्राम' |
| २४. उद्घाटित गोपनीयता | २०५४ | 'वेदना' |
| २५. तपाईको म्यादी खाका | २०६० वैशाख १५ | 'जनएकता' |
| २६. सामग्रीका गुन गुन | - | - |
| २७. सन्दुसको हाटमा | २०५६ जेठ १८ | - |
| २८. आयोजकको घोषणा र नेपाल सुन्दरी | २०५७ असार ३२ | - |
| २९. लड्न जन्मेकाहरूले | २०५५ वैशाख ३ | - |
| ३० हजुरलाई कस्तो लाग्यो ? | - | - |
| ३१. यस्तै छ हाम्रो संसार | २०५५ भदौ २७ | 'महिमा' |
| ३२ कर्दाग्रह | - | 'महिमा' |
| ३३. उहाँहरूको अर्थ | २०५३ मंसिर १ | 'जनादेश' |
| ३४. कलमको बकपत्र | | |

### २.२.४.३ पत्र पत्रिकामा प्रकाशित जनयुद्ध कालीन फुटकर कविताहरू

कवि पूर्ण विरामको यस चरणमा दुईवटा कविता सङ्ग्रहका अतिरिक्त सङ्ग्रहमा नपरेका सय वटा कविताहरू प्राप्त भएका छन् । विभिन्न काल खण्डमा देशका विभिन्न भागबाट प्रकाशित उक्त कविताहरू निम्नानुसार छन् -

| क्र.सं. कविताको शीर्षक | प्रकाशन साल | प्रकाशन स्रोत |
|---|---|---|
| १. नवीन दिशाको मार्ग | २०५२ जेठ ९ | 'जनादेश' |
| २. उज्यालोका निम्ति समर्पित घरबाट | २०५२ साउन ९ | 'जनादेश' |
| ३. समीरजङ्गको च्याङ्ग्रो र बारूदखानाको आदरणीय बाबा | २०५२ साउन २३ | 'जनादेश' |

| | | |
|---|---|---|
| ४. फोहोर, नगरा, म | २०५२ साउन | 'शब्दसङ्ग्राम' |
| ५. हाम्रो बाली खान निस्केका छन्  सलहहरू | २०५२ भदौ-पुस | 'पयर' |
| ६. पुतलीसडकमा हिडिरहेको कारिन्दा | २०५२ भदौ | 'कलम' |
| ७. सबैले बनाउन सक्छन् देश | २०५२ भदौ २० | 'जनादेश' |
| ८. भालूखोलमा एकजना चर्मकार बस्छन् | २०५२ कत्तिक २१ | 'जनादेश' |
| ९. यो सरकारले कसलाई के दिनेछ | २०५२ मंसिर २० | 'जनादेश' |
| १०. माओत्सेतुङले भन्नुभयो | २०५२ | 'जनादेश' |
| ११. पहाराको आदरणीय सिपाही | २०५२ | 'प्रतिभा' |
| १२. आला हजुर | २०५२ | 'नयाँ ज्योति' |
| १३. देशको परिस्थिति | २०५२ फागुन १ | 'जनादेश' |
| १४. हवल्दारको अर्जी | २०५३ बैशाख १० | 'महिमा' |
| १५. यस्तो देशमा सबै जन्मिऊन | २०५३ साउन ८ | 'जनादेश' |
| १६. उनीहरूको आदेश छ भने हामीलाई पनि आदेश छ | २०५३ | 'उभार' |
| १७. सबै छन् स्वतन्त्र | २०५३ माघ २२ | 'जनादेश' |
| १८. तपाईंहरूले गर्नुभएको कुरा यो देशमा ठ्याम्मै मिलेन | २०५३ चैत्र २४ | 'जनादेश' |
| १९. समाचार बाचन गरेपछि | २०५३ बेशाख १५ | 'जनादेश' |
| २०. हत्यरा ! तँ किन हल्ला गर्छस नेपालमा | २०५४ बैशाख २४ | 'जनादेश' |
| २१. मैले गाइरहेको गीत | २०५४ बैशाख २४ | 'जनादेश' |
| २२. मेरो आफ्नो एक भोट | २०५४ जेठ | 'साथी' |
| २३. जन्म्यो छापामार हुर्क्यो छापामार | २०५४  जेठ  ३२ | 'महिमा' |
| २४. समय आएको छ | २०५४साउन २१ | 'जनादेश' |
| २५. निर्दयी सत्ताले वेदनाको हत्या गर्दा | २०५४ कात्तिक ९ | 'महिमा' |
| २६. मेरा आँखाहरूमा पर्छन | २०५४ कात्तिक-पुस | 'नेपाली साहित्य' |

| | | |
|---|---|---|
| २७. मेरो भू-भागको नयाँ मानिस | २०५४ माघ ७ | 'जनादेश' |
| २८. तिमी नरक्षर भए पनि विद्यावावरीधि हासिल गरेको देखियो | २०५४ फागुन १९ | 'जनादेश' |
| २९. तिमीलाई चेतना भया | २०५४ चैत १९ | 'जनादेश' |
| ३०. एउटा लेखक एउटा पाठक | २०५५ पुस ४ | 'महिमा' |
| ३१. निर्मलाले नलेखेको चिठ्ठी | २०५९ जेठ ११ | 'जनादेश' |
| ३२. शत्रुको धरापभित्र | २०५६ जेठ १५ | 'महिमा' |
| ३३. घोषित युद्धको दूरबीन वरिपरि | २०५६ साउन ४ | 'जनादेश' |
| ३४. तीन जनाको निद्रा | २०५६ भदौ २९ | 'जनादेश' |
| ३५ माटोमा लेख्नुपर्ने कथा | २०५६ मंसिर २२ | 'महिमा' |
| ३६. गोजीमा एक खिल्ली सिगरेट छ | २०५६ पुस २७ | 'जनादेश' |
| ३७. हामी जे गर्छौं ठीक गर्छौं | २०५६ माघ १८ | 'जनादेश' |
| ३८. यो शताब्दीको उपदेश | २०५६ माघ १३ | 'महिमा' |
| ३९. उस्तै बजार | २०५६ चैत १४ | 'जनएकता' |
| ४०. उज्यालो भित्र मध्यपुरले बुझ्नु पर्छ | २०५८ जेठ | 'जनादेश' |
| ४१. अर्को सिहानुक हत्यारा होइन नेपालीहरू भन्छन् | २०५८ भदौ | 'साहित्यसन्ध्या |
| ४२. तिम्रो इलाकामा हाम्रो उपस्थिति | २०६० असार ३१ | 'जनादेश' |
| ४३. छत्रभङ्ग | २०६० भदौ २२ | 'जनादेश' |
| ४४. कुलोमा पानी जहाज | २०६१ साउन | 'शब्द संयोजन' |
| ४५. घाटोपदेश | २०६१ कात्तिक २३ | 'प्रकाश' |
| ४६. तिमी कुन बेला मेरा कविताहरू पढ्छौ ? | २०६१ पुस | 'वेदना' |
| ४७. चरित्र गन्ध | २०६२ जेठ २३ | 'जनएकता' |
| ४८. उसकै इतिहासबाट | २०६३ पुस १७ | 'प्रकाश' |
| ४९. लट्टाहरू फुकाल्दा | २०६३ फागुन-चैत | 'नौलो विहानी' |
| ५०. बेबिलोन बनाउनेहरू ऊँटलाई विदा गर | २०६३ चैत १२ | 'वर्गचेतना' |

| | | |
|---|---|---|
| ५१. वृक्षावलोकन | २०६४ वैशाख | 'गरिमा' |
| ५२. निदाउने छैन छाल | २०६४ वैशाख १४ | 'पहल' |
| ५३. पौवाकी पौवालीलाई | २०६४ जेठ | 'सुनकोशी आवाज' |
| ५४. कान्छाका सभा | २०६४ जेठ २१ | 'वर्गचेतना' |
| ५५. चन्द्रमानका चित्रहरू | २०६४ भदौ | 'गरिमा, |
| ५६. फेरि तन्कयो सकस | २०६४ पुस २८ | 'गोरखापत्र' |
| ५७. धेरैले भन्छन् | २०६४ माघ | 'गरिमा' |
| ५८. तिमन जन्मने चिन्ता | २०६५ वैशाख १४ | 'गोरखापत्र' |
| ५९. मान्छेकै बयान | २०६५ जेठ | 'गरिमा' |
| ६०. जमुना बहिनी अब मैले कसको के कुरा गर्नु ? | २०६५ असार | 'गोरखापत्र' |
| ६१.टोकरी बाहिरको फलहरू | २०६५ साउन २५ | 'गोरखापत्र' |
| ६२. किन ? | २०६५ भदौ १४ | 'गोरखापत्र' |
| ६३. सिमोनसँग के छ विकल्प | २०६५ कात्तिक | 'मधुपर्क' |
| ६४. गैडाको छाला | २०६५ पुस | 'क्रान्ति' |
| ६५. अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ | २०६५ चैत १ | 'गोरखापत्र' |
| ६६. लेख्न थाल्छिन् सुश्री अनुजाले कविता | २०६५ | 'भृकुटी' |
| ६७. अनौठो छ नयाँ वर्ष | २०६६ जेठ ९ | 'गोरखापत्र' |
| ६८. पुग्दो हो मृत्युसम्म युद्ध | २०६६ असोज | 'मधुपर्क' |
| ६९. गोदाम र दस्तावेज | २०६६ माघ | 'गरिमा' |
| ७०. कत्ति टाढा सर्दो रहेछ उज्यालो | २०६७ कात्तिक २७ | 'गोरखापत्र' |
| ७१. खोर्सानी बारीमा | २०६७ माघ | 'मधुपर्क' |
| ७२. भकुन्डौकै बजारमा | २०६८ जेठ | 'गरिमा' |
| ७३. यो समय हाम्रो निम्ति घातक छ | २०६८ असार | 'मधुपर्क' |
| ७४. फलामको खानीबाट | २०६८ भदौ १७ | 'गोरखापत्र' |

| | |
|---|---|
| ७५.तपाईहरू हिँडेपछि | (यसै चरणका कविता तर कुनैको स्रोत नखुलेको कुनेको मिति तथा कुनैको दुवै नखुलेको तर कविबाट प्राप्त जानकारी अनुसार यसै चरणमा विभिन्न पत्र पत्रिकामा प्रकाशित) |
| ७६ सुभद्राले नपढ्ने कविता | ,, ,,, ,, |
| ७७. मञ्जुको पट बोल्यो | ,, ,, ,, |
| ७८. हापुरेकी बाहिनी | ,, ,, ,, |
| ७९. हामीले बनाएको यन्त्रमा | ,, ,, ,, |
| ८०. उसको सहादतमा | ,, ,, ,, |
| ८१ उनीहरूको परिक्रमामा | ,, ,, ,, |
| ८२. शहरहरूमा पनि आदरयोग्य छापामारहरू | ,, ,, ,, |
| ८३ यहाँबाट फर्केपछि | ,, ,, ,, |
| ८४. योपल्ट मलाई विना झन्झट मतदान | ,, ,, ,, |
| ८५. मेरो तहखाना | ,, ,, ,, |
| ८६. राजधानीबाट तातो श्राप | ,, ,, ,, |
| ८७. संसदमानका सेनाहरू | ,, ,, ,, |
| ८८. उसको तस्वीर | ,, ,, ,, |
| ८९. विश्रामका दिनहरूमा | ,, ,, ,, |
| ९०. विधुवन भन्छ म पियानो बजाइरहन्छु | ,, ,, ,, |
| ९१ श्रङ्गार खोज्दा | ,, ,, ,, |
| ९२. यामकै कुरा | ,, ,, ,, |
| ९३. सूर्यका किरणहरू साक्षी छन् | ,, ,, ,, |
| ९४. केदार मर्‍यो | ,, ,, ,, |
| ९५. श्रद्धाको म्याद | ,, ,, ,, |
| ९६. पुछेको ऐनालाई हेर | ,, ,, ,, |
| ९७. समयले तौल्यो हजुरहरूलाई | ,, ,, ,, |
| ९८. अभियन्ताको प्रतिक्षमा | ,, ,, ,, |

९९. चे ग्वेभारालाई चिठी लेख्नै पर्ने भयो ,, ,, ,,

१००. तिनीहरूको राज्यमा ,, ,, ,,

### २.२.४.४ चौथो चरणका जनयुद्ध कालीन कविताका प्रवृत्तिहरू

पूर्ण विरामको कविता यात्राको चौथो चरण उनको कविता यात्राको उत्तरवर्ती चरण हो । २०५२ देखि हाल सम्म यस चरणमा उनले मुख्यतः २०५२ देखि २०६२/६३ सम्म जनयुद्धलाई मुख्य विषय वस्तु वा आलम्बन बनाएको पाइन्छ भने त्यसपछि जनयुद्धले अन्तपछि भने जनयुद्धको पूर्ण सफलता हात पार्न नसकि रहेकाप्रति खबरदारी र सचेतता अभिव्यक्त भएको छ । यस चरणका कविता प्रवृत्तिको विवेचना र निरूपण मै प्रस्तुत शोध केन्द्रित रहेकाले आगामी अध्ययनमा त्यसको पृथक प्रस्तुति गरिएको छ। यस क्रममा पूर्ण विरामका जनयुद्ध कालीन दुईवटा कविता सङ्ग्रह र सङ्ग्रहमा सङ्ग्रहित नभई फुटकर रूपमा पत्र पत्रिकामै सीमित रहेका कविताहरूलाई तिन बेग्ला बेग्लै अध्यायमा विवेचना गरिएको छ ।

# अध्याय तिन

# 'ए ! मेरो आदरणीय लेकाली फूल' मा सङ्गृहीत कविताका प्रवृत्ति

## ३.१ विषय प्रवेश

'ए ! मेरो आदरणीय लेकाली फूल कवि पूर्ण विरामको कविता यात्राको चौथो चरण अर्थात् जनयुद्ध कालीन कविता लेखनको चरण अन्तर्गत पहिलो कविता सङ्ग्रहका रूपमा देखा पर्दछ । प्रस्तुत सङ्ग्रहका प्रायः सबै कविताहरू जनयुद्ध कै अवधिमा रचना र सोही अवधिमा विभिन्न पत्र पत्रिकामा प्रकासन समेत भइ सकेका हुन् । प्रस्तुत सङ्ग्रहलाई अशोक सुवेदीले वि.स. २०६४ सालमा प्रकासन गरेका हुन्, जसमा पैंतिस कविताहरू सङ्गृहीत छन् ; जसको सूची यस अघिकै अध्यायमा भइ सकेको छ । यहाँ यस सङ्ग्रहका कवितामा पाइने प्रवृत्तिहरूको अनुशीलन गरिएको छ ।

### ३.१.१ जनयुद्धप्रतिको पूर्ण समर्थन भाव

वि.सं. २०५२ सालबाट सुरू भएको जनयुद्ध नेपाली समाजको विशिष्ट परिघटनाका रूपमा रहेको पाइन्छ । जनयुद्धले सम कालीन प्रगतिवादी कविहरूमा कुनै न कुनै रूपमा प्रभाव पारेपछि पूर्ण विराम जस्ता प्रगतिवादी-क्रान्तिकारी चेत भएका कविमा यसको प्रभाव जबर्जस्त रूपमा नै पऱ्यो (पाण्डेय, २०६८, पृ.८०) । पूर्ण विरामले आफ्नो कविता यात्राको चौथो चरण अथार्त् जनयुद्ध कालीन चरणमा जनयुद्धलाई मुख्य विषय वा आलम्वन बनाई सोही विषय सन्दर्भको सेरोफेरोमा आफ्ना कविताको सिजना गरेका छन् । जनयुद्धप्रति समर्थन भाव प्रकट गर्दै मानव मुक्तिको एकमात्र अस्त्र ठान्ने प्रवृत्ति उनका कवितामा पाइन्छ । 'धेरैले बुझ्दैनन् ज्वालामुखी के हो ?' शीर्षक कवितामा जनयुद्धको घोषणापछिको स्थितिको कलात्मक चित्रण यसरी गरिएको छ-

ज्वालामुखी ! तिमीले अलिकति लावा छाद्यौ
यथार्थमा स-साना भूकम्पका झड्काहरू छाद्यौ
अट्टालिकाहरूमा निकै कोलाहल छ
कोलाहालहरूमा ध्यानपूर्वक सुन्दा
अट्टालिकामा महाभूकम्प गएको आभास पाइन्छ ।

('ए ! मेरो आदरणीय लेकाली फूल', पृ.२४)

वि.सं. २०५२ सालमा तत्कालीन नेकपा (माओवादी) ले जनयुद्धको घोषणा गरेपछि त्यतिबेलाका शासन सञ्चालन गर्ने महल, दरबारहरूमा महा भूकम्प गएको हल्ला, खल्ला

मच्चिएको कुरालाई प्रस्तुत पङ्क्तिले स्पष्ट गरेको छ । 'ज्वालामुखी', 'लावा', 'अट्टालिका', 'भूकम्प' जस्ता बिम्बहरू मार्फत तत्कालीन समयमा जनयुद्धको घोषणाले शासक वर्गमा ल्याएको हलचलको कलात्मक चित्रण गर्न सफल भएको छ । 'असल कार्यकर्ता' शीर्षक कवितामा जनयुद्धमा समर्पित भएर हिंडेका कार्यकर्ताको चित्रण यसरी गरिएको छ -

देशले जब रगत माग्न थाल्छ
जब तिमी रक्तदान गर्न निस्किन्छौं
क्रान्तिको कठोर मार्गमा
यतिका वर्ष तिमी हिँडिसकेका छौं
म रक्तदान गर्न नसक्ने भनेर
कोठालाई कारागार बनाएर
कोठामा आफूलाई थुन्ने चेष्टा गर्दिन
तिम्रो सम्पूर्ण रगत बगेपछि
क्रान्तिलाई ठूलो व्यवधान उत्पन्न हुन्छ
मुलुकले रगतले मागेको बेलामा
हाम्रो रगत मागेको बेलामा
म तिमीलाई विश्वास दिलाएरै छाड्छु
म तिम्रो महाशुभ चिताउने
तिम्रो उद्देश्य भित्रको सहकर्मी हुँ ।

(पृ. २०)

जनयुद्धको आवश्यकता वोध गरिएको प्रस्तुत कविताका पङ्क्तिले मुलुकले रगत मागेको बेलामा कोठामा ढोका थुनेर बस्न नहुने विचार व्यक्त गरिएको छ । जनयुद्धमा सहभागी भएर, क्रान्तिका पक्षमा रक्तदान गर्न सके मात्र असल कार्यकर्ता बन्न सकिने धारणा कविको पाइन्छ ।

प्रस्तुत सग्रहमा कविले जनयुद्धप्रति शासन सत्ताले सुरू गरेको दमन र त्यसको विरोध गरी कविता लेखेको पाइन्छ । 'सत्ताको स्वभाव' 'मिस्टर बुट्म्यान' जस्ता कवितामा मुख्यतः शासन सत्ताको चित्रण गरिए पनि उनका धेरै जसो कवितामा तत्कालीन सरकारले जनयुद्ध प्रति अवलम्बन गरेको निर्णय नीतिको झल्को पाइन्छ । 'मिस्टर बुटम्यान' मा दमनकारी शासकको चित्रण यसरी गरिएको छ -

न्यायका निमित्त समर गरिरहेका आँखाहरूमा
घन बोकेर कीलाहरू ठोक्ने हो वा अन्याय गर्नेहरूका विरूद्धमा
विद्रोह पस्केर भुसुना हुनबाट जोगिने हो
मिस्टर बुटम्यान !
यो तिम्रो खोपडीले नै सोच्ने कुरा हो ।

(पृ.६०)

मिस्टर बुट्म्यानका रूपमा तत्कालीन शासकलाई चित्रण गर्दै उसलाई चेतावनी सहित विकल्प प्रस्तुत गरिएको उक्त कवितामा शासकहरूलाई अन्याय गर्नेहरूका विरूद्ध लाग्ने वा भुसुना हुने भन्ने कुरा तिम्रो खोपडीले नै सोच्ने कुरा हो भनी शासकहरूलाई सुध्रिनका लागि आग्रह गरेका छन् ।

जनयुद्धका क्रममा महिलाहरूको उल्लेख्य सहभागिता भएको पाइन्छ । कवि पूर्ण विरामले पनि जनयुद्धलाई महिला मुक्तिको अस्त्र ठान्ने महिला योद्धाहरूको समर्थनमा कविता लेखेका छन् । प्रस्तुत सङ्ग्रहमा 'अर्को नालापानीमा आजका महिलाहरू', 'करूणा र करूणाको आँखा', 'पर्साकी जुरेली', 'याङ्ग्रीकी मृत्युमा', 'मञ्जुको पट बोलिरहेछ', 'सिर्जनाको जुरो', 'आमालाई समर्पित कविता' आदि महिला र महिलाहरूको जनयुद्धप्रतिको समर्थन भावसँग सम्बन्धित कविताहरू हुन् । 'अर्को नालापानीमा आजका महिलाहरू' शीर्षक कवितामा महिलाहरूको भूमिकाको वर्णन यसरी गरिएको छ -

अर्को नालापानी झुल्केको परिस्थितिमा
खाँद्ने समय छैन सागहरूलाई गुन्द्रुक बनाउन
टिनका बट्टाहरूभित्र
हिंस्रक पशुहरूको रक्षार्थ हामीसँग रहेका बन्दुकहरूमा
अब बारूद खाँद्ने समय आएको छ
अत्याचारी ज्यानहरूलाई
बारूद खाँदिएको बन्दुकको सङ्गीत
सुनाउने अभिभारा हाम्रो काँधमा आएको छ

(पृ.२८)

नालापानीमा महिलाहरूले देखाएको वीरताको इतिहासलाई सम्झेर वर्तमानमा हिंस्रक पशुरूपी राष्ट्रघाती शासकहरूका विरूद्ध महिला मुक्ति र राष्ट्रिय मुक्तिका खातिर बन्दुक उठाउनु पर्ने जिम्मेवारी आजका महिलाहरूमा आएको कविको धारणा छ । प्रस्तुत कविताले अन्याय,

अत्याचारका विरूद्ध आजका महिलाहरूले घरायसी धन्दा छाडेर बन्दुक उठाउने समय आएको भाव व्यक्त गरेको छ ।

जनयुद्ध जातीय, लैङ्गिक, वर्गीय, क्षेत्रीय मुक्ति भएकाले सबैको मुक्तिका लागि जनयुद्ध आवश्यक भएकाले जनयुद्धमा सहभागी योद्धाहरूले वीरता र साहसका साथ क्रान्तिमा सहभागी हुनुपर्ने विचार पनि प्रस्तुत सङ्ग्रहका कवितामा पाइन्छ । 'सहरमा एउटा कवि' ले तत्कालीन कवि मानसिकताको चित्रण गर्न सफल भएको छ भने, हामी जनताका कामदारहरूले 'मा जनयुद्धका योद्धाहरूले गर्नुपर्ने कामको बारेमा सुझाइएको छ, 'गन्धर्वका निम्ति एक कविता' मा निम्न वर्गको गन्धर्व जातिलाई जातीय मुक्तिका लागि जनयुद्धमा सहभागी हुन आग्रह गरिएको छ भने 'रोल्पाको स्वर' मा क्षेत्रीय विभेदमा परेको रोल्पाको दयनीय स्थितिको चित्रण गर्दै युद्धको जन्म स्थलका रूपमा रोल्पाको महिमा गान गरिएको छ । 'रोल्पाको स्वर' कवितामा रोल्पामा सरकारी पक्षले गरेको दमनको चित्रण यसरी गरिएको छ -

> सरकारी बुसेफेलसहरूले पाशविक हमला गरिरहेको रोल्पामा
> सरकारी बुसेफेसलसहरू शालीन छन् भन्न अब
> राजधानीबाट कोही पनि रोल्पामा आउनु पर्दैन ।
>
> (पृ. ८०)

रोल्पामा पाशविक हमला भइ रहेको सन्दर्भलाई प्रस्तुत पङ्क्तिले स्पष्ट गरेको छ । जनयुद्धको उद्गम स्थल रोल्पामा तत्कालीन शासन सत्ताले सञ्चालन गरेको विभिन्न हत्या, आतङ्क, अत्याचार र अप्रेसनहरू प्रति प्रस्तुत पङ्क्तिले सङ्केत गरेको छ ।

जनयुद्धका क्रममा राष्ट्रियताको विषय पनि सशक्त रूपमा उठान भएको पाइन्छ । प्रगतिवादी-क्रान्तिकारी कवि हुनुका नाताले पूर्ण विरामले प्रस्तुत सङ्ग्रहमा राष्ट्रियतासँग सम्बन्धित विषयलाई 'आफ्नो देशमा तिमीले र मैले के गर्नु पर्छ', 'देश भरि हिँडिरहेको छु' जस्ता कवितामा अभिव्यक्त गरेका छन् । 'आफ्नो देशमा तिमीले र मैले के गर्नुपर्छ' शीर्षक कवितामा राष्ट्रिय स्वाधीनताको सवाललाई यसरी उठान गरिएको छ -

> आफ्नै देशमा जन्मेको लेन्डुप दोर्जेलाई देशनिकाला गर्न के गर्नुपर्छ
> तिमीले विधवा भए पनि चित्त नदुखाउने कठोर निर्णय गनुपर्छ
> सिकिक्म हुन लागेको पीडामा देशले खोलेको नयाँ धरौटी खातामा
> तिमीले हाँसी-हाँसी सिन्दुर, चुरा र पोते जम्मा गर्नुपर्छ ।
>
> (पृ. ४१)

सिक्किमलाई भारतसँग विलय गराउने लेन्डुप दोर्जेजस्तै नेपालमा पनि राष्ट्रघातीहरू लेन्डुप दोर्जे बन्न थालेको कुरालाई कविले सशक्त रूपमा उठान गरेका छन् । विधवा हुनु परे पनि आफ्ना श्रीमान्लाई राष्ट्रिय मुक्तिको अभियानमा लाग्नबाट रोक्न नहुने एवम् जनयुद्ध नै राष्ट्रिय मुक्तिको पनि महान अभियान भएको भन्दै जनयुद्धलाई समर्थन गरिएको छ ।

यस प्रकार कवि पूर्ण विरामले प्रस्तुत सङ्ग्रहमा जनयुद्धलाई पूर्ण समर्थन गरी जनयुद्धलाई नै मुख्य आलम्वन विषयका रूपमा पनि प्रस्तुत गरी सो क्रममा उठान भएका नारी मुक्ति, राष्ट्रियता, वर्गीय, क्षेत्रीय, जातीय, उत्पीडनको बिरोध, जनयुद्ध प्रति सरकारी पक्षको व्यवहार जस्ता विषयलाई अभिव्यक्त गरेका छन् । जनयुद्धका क्रममा अभिव्यक्त यिनै समग्र पक्षलाई कविले प्रस्तुत सङ्ग्रहका कविताहरूमा स्थान दिएका छन् ।

### ३.१.२ वर्ग सङ्घर्ष, क्रान्ति, विद्रोह, आक्रोश र पीडाको अभिव्यक्ति

जनयुद्धको मुख्य लक्ष्य वर्गीय उत्पीडनको अन्त्य गर्नु भएकाले जनयुद्धमा वर्ग सङ्घर्षलाई ज्यादा जोड दिइएको देखिन्छ । कवि पूर्ण विरामले जनयुद्धमा क्रममा व्यक्त क्रान्ति, विद्रोह, सङ्घर्षका भावलाई यस सङ्ग्रहका कवितामा व्यक्त गर्न पुगेका छन् । 'हामी जनताका कामदारहरूले' शीर्षक कवितामा क्रान्तिको पक्षमा यसरी विचार व्यक्त गरिएको छ -

जनमुक्तिका निम्ति हामीले बोकेको बन्दुकले
बारूदको साटो पानी छाद्न थालेमा
हामीले बन्दुक फाल्ने कामहरू गर्नुपर्छ
त्यसको विकल्पमा तोपहरू घचाड्ने कामहरू गर्नुपर्छ
(पृ. ४५)

बन्दुकले मात्र जनमुक्तिको युद्ध अपर्याप्त हुने भएको खण्डमा तोपको समेत प्रयोग गर्नुपर्ने विचार राख्दै प्रस्तुत कविता मार्फत क्रान्ति अपरिहार्य रहेको र यो विजयसम्म नपुगुन्जेल निरन्तर जारी रहनु पर्ने भाव अभिव्यक्त गरेको छ । जनयुद्धका क्रममा उठान भएको वर्ग सङ्घर्षलाई कविले पनि प्रस्तुत सङ्ग्रहमा स्थान दिएका छन् । 'गन्धर्वका निम्ति एक कविता' शीर्षक कवितामा वर्षौंदेखि हेपिएको र सामाजिक रूपमा पछाडि परेको गन्धर्वलाई जनयुद्धमा सामेल हुन यसरी आग्रह गरिएको छ -

बहिराहरूले राज गरेको देशमा
गन्धर्व ! अब फालिदेऊ काँधमा लर्किरहेको सारङ्गीलाई
आफ्नै छाप्राको कुनातिर
आँखा च्यातेर हेर्ने मौसम उदाएको छ

आँखा च्यातेर हेर
सारा दुःखहरूलाई मारिमेटी गर्न
जनसेनाको एउटा टोली तिमी भएतिर आइरहेको छ
तिमी मिसिऊ तिनीहरू भित्र
र काँधमा लर्काऊ तिनीहरूले झैं बन्दुक
गन्धर्व ! तिमी सुन्दर देखिने छौ
जब तिमी बजाउन थाल्ने छौ
बन्दुकबाट उत्पात नामक धुन
बहिराहरूले राज गरेको देशमा
बजिरहरूले सुन्न थाल्नेछन्
गन्धर्व ! तिमीले बजाएको बन्दुकको धुन ।

(पृ. ६८)

उत्पीडित जाति तथा गरिव वर्गको प्रतिनिधि पात्र गन्धर्वलाई जनयुद्धमा सामेल भई वर्गीय मुक्तिको सङ्घर्षमा लाग्न प्रस्तुत पङ्क्ति मार्फत आवहान गरिएको छ । वर्षौंदेखिको सामाजिक विभेद, शोषण र उत्पीडनलाई जनयुद्धको महा यात्रामा सहभागी भई अन्त्य गर्न सकिने कुरा यहाँ व्यक्त भएको छ ।

जनयुद्ध हतियार सहितको हिंसात्मक क्रान्ति भएकाले यस क्रममा पीडा, आक्रोशका स्वरहरू स्वभाविक रूपमा नै उठान हुने गर्दछन् । 'रोल्पाको स्वर' शीर्षक कवितामा शासन सत्ताको निर्मम व्यवहारप्रतिको आक्रोश यसरी व्यक्त गरिएको छ -

राजधानीमा भात खाएर राजधानीमै चुठेर
अब रोल्पामा आउनु पर्दैन
दिन डहाडै कुखुराको खोरबाट सरकारका बुसेफेलसहरूले
कुखुरा चोरिरहेका छन्
स्वयम्भूको प्रसाद गोजीमा बोकेर अब कोही पनि रोल्पामा आउनु पर्दैन ।

(पृ. ८०)

जनयुद्धको उद्गम स्थल रोल्पामा राजधानीमा बस्ने शासकहरूले गर्ने अत्याचारलाई यहाँ मुख्य विषय बनाइएको छ । रोल्पाले त्यस्ता शासकहरूप्रति आक्रोशको भाव व्यक्त गर्दै रोल्पा आउनु पर्दैन भनेर पीडाको अभिव्यक्ति समेत स्पष्ट पारेको छ । राजधानीमै खाने, राजधानीमै चुठ्नेहरूले रोल्पालाई बुझ्न नसक्ने भएकाले त्यस्ताले रोल्पामा कुनै पनि बहानामा आउनु पर्दैन

भन्दै अपराध र अत्याचार गरेर शान्तिको कुरा गर्ने प्रवृत्तिप्रति पनि यहाँ रोष प्रकट गरिएको छ । रोल्पामा क्रान्तिको आवश्यकता रहेकोप्रति सोही कवितामा पुनः यसरी व्यक्त गरिएको छ -

सरकारी बुसेफेलस मार्ने गोलो राजधानीमा गर्न सकिन्छ निर्माण
रोल्पामा आउन चाहनेहरू राजधानीबाट
त्यस्तो गोलो जति सकिन्छ त्यति बोकेर रोल्पामा आउनुहोस्
रोल्पा त्यस्तालाई मात्र स्वागत गर्न उत्सुक छ ।

(पृ. ८० उही)

रोल्पामा सब अन्याय, अत्याचार, शासकको खोक्रो शान्तिको कुरा धेरै भएकोले यहाँ अब गोला, बारूद, बन्दुक आवश्यक रहेकोले त्यस्ता सामान बोकेर ल्याउनेहरूलाई मात्र रोल्पाले स्वागत गर्ने कुरा यहाँ व्यक्त भएको छ । रोल्पामा अब क्रान्ति विद्रोह आवश्यक छ, सशस्त्र युद्ध गरेर मात्र रोल्पामा शान्ति स्थापना गर्न सकिने कुरालाई प्रस्तुत कविता स्पष्ट पारेको छ । रोल्पामा भएको सरकारी दमन, अत्याचारका विरूद्ध जनताले युद्धको घोषणा गर्नुपर्ने बेला आएको कुरालाई पनि यहाँ सङ्केत गरिएको छ । क्रान्तिको पक्षमा लाग्नेहरूलाई रोल्पाले स्वागत गर्ने कुरा समेत प्रस्तुत पङ्क्तिमा व्यक्त गरिएको छ ।

### ३.१.३ तत्कालीन अन्यायपूर्ण शासन व्यवस्थाको विरोध

जनयुद्धको घोषणापछि तत्कालीन शासकहरूले त्यसका विरूद्ध अन्याय, अत्याचार र दमन गर्न थालेपछि त्यसको विरोध गर्ने काम विभिन्न किसिमबाट भयो । पूर्ण विराम जस्ता क्रान्तिकारी कविले पनि जनयुद्धलाई सिद्ध्याउने सपना देखेका शासकहरूको अन्याय पूर्ण कदमको विरोध गरेको पाइन्छ । तत्कालीन शासकहरूको निर्दयी र निकृष्ट व्यवहारलाई कविले कविता मार्फत सशक्त, बिरोध गरेका छन् । 'पर्साकी जुरेली' शीर्षक कवितामा शासकको चरित्र चित्रण यसरी गरिएको छ -

कहिले जङ्गली व्यवस्थाको सभामा
सभानायक भएर पर्साकी जुरेली बस्छे
कहिले जनहत्यारालाई अलङ्कार पहिऱ्याउने सभामा
प्रमुख अतिथिको आसन ग्रहण गरेर पर्साकी जुरेली बस्छे
अत्याचारलाई थिलथिलै पारेरै छोड्ने अभियानका निम्ति
तोप बोकिसकेकाहरूका अगाडि
पर्साकी जुरेली तोपको मुखमै बस्छे ।

(पृष्ठ ३९)

'पर्साकी जुरेली'को बिम्बका माध्यमबाट तत्कालीन दमनकारी शासकको चरित्र चित्रण गरिएको यहाँ शासकहरू कति निकृष्ट र पतित हुन सक्दछन् भन्ने कुरालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । जनयुद्धका विपक्षमा तत्कालीन शासन सत्ताले गरेको व्यवहारको भण्डाफोर प्रस्तुत पङ्क्तिले गरेको छ । जनताका दुश्मनलाई अलङ्कार पहिऱ्याउने, जनसेवा योद्धाहरूको आन्दोलनलाई छेक्न खोज्ने प्रवृत्तिको जनाउ पनि यहाँ दिइएको छ । राष्ट्रघाती शासकहरू प्रति पनि कविले यस कवितामा विरोध प्रकट गर्दै त्यस्ताका विरूद्ध बन्दुक उठाउने आग्रह गरेका छन् । आफ्नै देशमा तिमीले र मैले के गर्नुपर्छ' शीर्षक कवितामा राष्ट्रघाती शासकहरूको विरोध यसरी गरिएको छ -

आफ्नै देशमा जन्मिएको मुसोलिनीको नागरिकता बदर गर्न के गर्नुपर्छ
तिमीले घरको सारा काम छोडेर बन्दुक बनाउने काम गर्नुपर्छ
मैले कविता लेख्न छोडेर बन्दुकमा बारूद कोच्ने काम गर्नुपर्छ
मैले काँधमा बन्दुक बोकेपछि
तिमीले घरको मूलढोकाको छेस्किनी खोल्ने काम गर्नपर्छ
म घरको मूलढोकाकाबाट बाहिर निस्केपछि
तिमीले गर्विलो मुस्कान छरेर मलाई सलाम गर्नुपर्छ
मैले मुसोलिनीको विरूद्धमा कविता भट्याउन छाडेको घोषणा गर्नुपर्छ
मुसोलिनीको नागरिकता बदर गर्न मैले बन्दुक पड्काउने काम गर्नुपर्छ ।
(पृ. ४१)

आफ्नै देशका राष्ट्रघाती, दलालहरूका विरूद्ध अब घरका सम्पूर्ण कामहरू छाडेर बन्दुक उठाउने समय आएको भन्दै कविले आफू पनि कविता लेख्न छाडेर बन्दुक उठाउन तत्पर रहेको जनाएका छन् । मुसोलिनीको रूप बोकेर जन्मेका राष्ट्रघातीहरूलाई देश निकाला गरी, उनीहरूको नागरिकता बदर गर्नुपर्छ र स्वाधीन राष्ट्र निर्माणका लागि जनताका सच्चा प्रतिनिधिहरूलाई छनौट गर्नुपर्ने भाव पनि प्रस्तुत पङ्क्तिमा व्यक्त भएको छ । विस्तारवाद र साम्राज्यवादसँग घुँडा टेकेर विभिन्न राष्ट्रघाती सन्धि-सम्झौता गर्ने तत्कालीन शासकहरूको विरोध यहाँ गरिएको देखिन्छ ।

तत्कालीन शासक वर्गले जनयुद्धलाई एक-दुई हाप्तामै सिद्ध्याउने सपना देखेका कुरालाई पनि कविले व्यक्त गरेका छन् ।'देशभरि हिंडिरहेको छु' शीर्षक कवितामा उक्त भावलाई यसरी व्यक्त गरिएको छ -

प्रकृतमा म जन्मेको दिनमा नै यहाँको शासक डराएको थियो
उसले आफ्नो काँपेको ओठ यो मुलुकमा देखाएको थियो
काँपेर उसले आफ्नो ढ्याङ्ग्रो बजाएको थियो
मेरो मृत्यु पन्ध्र दिनमै हुने ध्वनि जतातत‍ै बजारेको थियो
बलेको आगो निभाउने दिवास्वप्नका माझमा
नानाथरीका कचौरामा  पानी राखेर
खराखर जलतरङ्गनामक बाजा बजाएको थियो
आफ्नो फाँटका बन्दुकहरूलाई नचाएको थियो
आँखालाई सयनकक्षको खोपामा राखेर
धृतराष्ट्र हुँदै सङ्गीन चलाएको थियो
मलाई स्नेह गर्ने मुटुमा सङ्गीनले घोचेर
उसले नै सर्वप्रथम यो देशमा रगतको नदी बगाएको थियो ।

(पृ. ४३)

जनयुद्धको घोषणा पश्चात् त्यसलाई तत्कालीन शासकहरूले पन्ध्र दिनमा समाप्त पार्ने सपना देखेपनि शासक वर्गको दमनकारी नीति र हत्यारा गतिविधिले,बलेको आगो निभाउन खोज्ने सोचले जनयुद्धको घोषणाबाट आत्तिएको डराएको शासक वर्गले अन्धो बनेर सर्वप्रथम आफैले दिलबहादुर रम्तेलको हत्या गरी यो देशमा रगत बगाएको कुरालाई पनि सङ्केत गरिएको छ । शासकहरूमा कहिल्यै पनि माया, दया र स्नेह नहुने र उनीहरूले सत्तालाई टिकाइ राख्न सधैं यस्तै हर्कत गर्ने कुरालाई पनि यहाँ चित्रण गरिएको छ । शासक वर्गको मानसिकताको सफल चित्रण गर्न तथा तत्कालीन राजनीतिक, सामाजिक विषम परिस्थितिको चित्रण गर्न पनि प्रस्तुत कविता सफल देखिन्छ ।

प्रस्तुत कविता सङ्ग्रहमा अधिकांश कविताहरूमा तत्कालीन शासन व्यवस्था र शासकहरूको विरोध र चित्रण गरिएको पाइए पनि ‘सत्ताको स्वभाव’ ‘तिमी नभएको भए’, ‘के के गर्ने?’, ‘पर्साकी जुरेली’ ‘आफ्नो देशमा तिमी ले र मैले के गर्नुपर्छ’, ‘देशभरि हिडिरहेको छु’, ‘मञ्जुको पट बोलिरहेछ’, ‘ए मेरो आदरणीय लेकाली फूल’, ‘मिस्टर बुट्म्यान’, ‘आगो बाल्नेले आगो बालेके हो’, ‘रोल्पाको स्वर’ जस्ता कवितामा तत्कालीन शासन व्यवस्था, शासक वर्ग र तिनले अवलम्वन गरेका जनयुद्ध विरोधी कदमको चित्रण गर्दै त्यसको विरोध समेत गरिएको छ । ‘अभिभावकज्यू’ कवितामा हत्यारा शासकको विरोध यसरी गरिएको छ-

अभिभावकज्यू,
आजादको हत्याराले फेरि ओहोदाको सोपान चढ्नु हुन्न
र असनबाट लघारिएका साँढेहरूले
फेरि हाम्रा खर्पनहरूमाथि धावा बोल्ने काम गर्नु हुन्न
सकिन्छ भने आजादको हत्याराले चढ्ने ओहोदाको सोपानलाई
टुक्रा टुक्रा पारेरै छाड्नुपर्छ
हाम्रा खर्पनमाथि धावा बोल्ने साँढेहरूलाई
फेरि कहिल्यै निस्कन नसक्ने गरी पशुशाल भित्र हुल्ने काम गर्नुपर्छ
(पृ. ६४)

मुक्तिको युद्धमा लागेका योद्धाहरूलाई हाया गर्ने । हिजोका हत्यारा शासकहरू फेरि सत्तामा पुग्न कोसिस गरि रहेको राजाका पाउमा दाम चढाउँदै आवेदन दिन गइ रहेको सन्दर्भलाई सङ्केत गर्दै प्रस्तुत पङ्क्तिमा त्यस्ता साँढेरूपी शासकलाई पशुशाला तुल्य जेलमा सदाका लागि थुन्नु पर्ने कुरालाई प्रस्तुत पङ्क्तिले स्पष्ट पारेको छ । शासक वर्गले गरेको हर्कतलाई यहाँ तीक्ष्णरूपमा विरोध गरिएको छ । तत्कालीन राजनीतिक परिस्थितिमा आएको उत्तर चढावले एक थरी हत्यारा शासकहरू असनमा साँढे लखेटिए झैं लखेटिनु परेको सन्दर्भलाई प्रस्तुत गर्दै त्यस्ता हत्याराहरू भविष्यमा कुनै पनि सत्ताको सोपान चढ्न नसकून बरू उनीहरू चढ्ने भऱ्याङलाई नै टुक्र-टुक्रा पार्नुपर्छ भन्ने आग्रह अभिभावक ज्यू समक्ष गरिएको छ । यहाँ अभिभावक ज्यू भनेर क्रान्तिकारी नेतृत्व वर्गलाई सम्बोधन गरिएको आभास मिल्दछ । शासक प्रतिको आक्रोश र जनयुद्धमा लागेका योद्धाहरूको सम्मान गरिएको प्रस्तुत पङ्क्तिले हत्यारा शासकहरूको चरित्र चित्रण समग्र रूपमा गरेको छ ।

### ३.१.४ उदात्त महाख्यानको प्रस्तुति

जनयुद्धले नेपाली समाजमा विभिन्न प्रभावहरू सिर्जना गर्दै पुराना मूल्य-मान्यतालाई भत्काउँदै नवीन मान्यताहरू स्थापना गरेको देखिन्छ । यस क्रममा उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्गमा पैदा भएको नवीन आशाले विरूरूपताको अन्त गर्दै सुन्दरताको मूल्य स्थापना गऱ्यो । यही नवीन र उदात्त यथार्थलाई कवि पूर्ण विरामले आफ्ना कविता प्रस्तुत गरेको पाइन्छ । 'सिर्जनाको जुरो' शीर्षक कवितामा सिर्जनाको उदात्तताको आलेखन यसरी गरिएको छ -

कहिले मधेसाको कच्ची सडकमा
जुरोसहित सिर्जनाको उपस्थिति हुन्छ
कहिले बकलौरीमा सिर्जनाको

जुरोको अनावरण हुन्छ
उनले जुरो फुकाउनेबित्तिकै
पकलीको चौकी पनि ध्वस्त हुन्छ
इनरूवाको चौकी समेत
उनले जुरो फुकाउँदा खण्डहरमा परिणत हुन्छ ।

(पृ. ५४)

सिर्जना क्रान्तिकारी महिला योद्धाहरूको प्रतीक हो । जनयुद्धको महान एवम् कठिन मुक्ति युद्धमा सिर्जना जस्ता कैयौं महिला योद्धाहरूको साहसीपूर्ण युद्धगाथालाई यहाँ सिर्जनाका माध्यमबाट व्यक्त गरिएको छ । क्रान्तिकारी महिला योद्धाहरूले जनयुद्धका क्रममा फौजी आक्रमणमा होस वा राजनीतिक भूमिका सबैतिर सशक्त योगदान गरेको कुरालाई पनि यहाँ व्यक्त गरिएको छ । सिर्जनाको युद्ध कौशलका बारेमा सोही कवितामा यसरी प्रस्तुत गरिएको छ -

सिर्जनाको जुरोभित्र शाक्तिशाली ग्रिनेडहरू
हरेक क्षण अतिथि भएर बसिरहेका हुन्छन्
उनको जुरोभित्रका अतिथिहरूलाई कसले बुझ्छ ?
कसले बुझ्छ सिर्जनाले आफ्नो जुरोमा
अब कुन बेला हात हाल्छिन् ......

(उही पृ. ५५)

सिर्जनाले ग्रिनेडको साथमा युद्धमा साहसीपूर्ण सहभागिता जनाएको कुरालाई यहाँ व्यक्त गरिएको छ । सिर्जनाका माध्यमबाट नेपाली जनयुद्धमा महिलाहरूले महिला मुक्तिका निम्ति बम, बन्दुक बोक्न तयार भएको र यहाँको असमानतामूलक समाज र सत्ताको अन्त्य गर्न चाहेको कुरालाई यहाँ स्पष्ट गरिएको छ । पुरानो सोच, चिन्तन र मान्यतालाई त्यागेर नेपाली महिलाहरूले आफ्नो मुक्तिका खातिर नवीन र सुन्दर इतिहास लेख्न जनयुद्धमा सामेल भएको कुरालाई प्रस्तुत पङ्क्तिले अभिव्यक्त गरेको छ । 'मञ्जुको पट बोलिरहेछ' शीर्षक कवितामा सहिद मञ्जुको यसरी चित्रण गरिएको छ -

खुश्चेभको मुर्दा शरीरबाट निस्केका कीराहरू दौडेर
मलाई अनेकोटमा जिउँदै पोलेको तिमीले देख्यौ कि देखेनौ ?
अनेकोटमा मलाई जिउँदै जलाएको
तिमीले देख्यौ कि देखेनौ ?
म झ्वाँलामा उफ्रिरहेको समयमा

मेरो शरीरमा जालन्धरको इसारामार्फत
बर्सेका गोलीका आवाजहरू
तिमीले सुन्यौ कि सुनेनौ ?
(पृ. ४५)

महिला मुक्तिका लागि जनयुद्धमा सामेल भएका साहसी महिलाहरूमध्ये मञ्जुलाई अनेकोटमा तत्कालीन शासन सत्ताले जिउँदै जलाई हत्या गरेको कुरालाई प्रस्तुत पङ्क्तिले स्पष्ट पारेको छ । महिलाहरूको उत्साहपूर्ण सहभागिता जनयुद्धमा बढ्दै गएपछि त्यसबाट अत्तालिएको शासन सत्ताले कायरतापूर्वक मञ्जुजस्ता कैयौं महिलाहरूको हत्या गरे पनि उनीहरूले निर्माण गरेको उदात्त आख्यानलाई कसैले मेट्न नसक्ने कुरा पनि यहाँ व्यक्त गरिएको छ । 'याङ्ग्रीको मृत्युमा' शीर्षक कवितामा याङ्ग्रीको साहसिकताको वर्णन यसरी गरिएको छ -

अँध्यारो मरेर अँध्यारै जन्मेको देशमा
याङ्ग्रीको हातमा सयपत्रीको सट्टामा
सूर्य बोलाउनका निम्ति बन्दुक बोकेको देखियो
कयौ दिनदेखि लुट्टा परेको याङ्ग्रीको कपाल
याङ्ग्रीको मृत्यले भिजाएको आँखाबाट
क्लियोपेट्राको भन्दा कैयो गुना राम्रो
याङ्ग्रीको लट्टा परेको कपाल देखियो
अँध्यारो मरेर आँध्यारै जन्मेको देशमा
सूर्य बोलाउनका  निम्ति याङ्ग्रीले
बन्दुकमा वारूद बोक्ने अल्छी गरेका भए
किन उनेको मृत्यमा मरी मुटुमा खाप्सियो
रोपिएको अनुभव मलाई हुन्थ्यो
याङ्ग्रीले अँध्यारो मरेर अँध्यारै जन्मेको देशमा
सूर्य बोलाउनका निम्ति लगातार बन्दुकमा बारूद कोचिहिन्
उनले मृत्यु त्यागेर मेरो आँखामा लगातार बादल कोचिरहिन्
(पृ. ४६)

याङ्गी शोर्पा समुदायकी प्रथम महिला सहिद हुन् । उनको मृत्युलाई विषय बनाई लेखिएको प्रस्तुत कवितामा परम्परागत मृत्यु सम्बन्धी मान्यातालाई  तोडी, घरायसी बन्धनबाट मुक्त भई महिला मुक्तिका खातिर बन्दुक बोकेर जनयुद्धमा सामेल भएको कुरालाई मार्मिक ढङ्गले

व्यक्त गरिएको छ । याङ्ग्रीको बलीदानीपूर्ण सहादतका सन्दर्भमा लेखिएको यो कविता जनयुद्धमा सिर्जित उदात्त जीवन मूल्य र नवीन सौन्दर्य बोधको प्रतिनिधि कविता हो (पाण्डेय २०६८, ५४८) । जनयुद्धलाई सबै प्रकारका उत्पीडनबाट मुक्तिका लागि जनयुद्धमा सामेल भई बन्दुक उठाउन तयार हुने साहसी योद्धाको प्रतिकका रूपमा प्रस्तुत गरिएको छ । याङ्ग्री जनयुद्धले निर्माण गरेको बिम्ब चेतना पनि हो । याङ्ग्री जस्ता कैयौँ योद्धाहरूले निर्माण गरेको उदात्त महाख्यान निर्माणको क्रम जारी रहने कुरा पनि प्रस्तुत कवितामा अभिव्यक्त भएको छ । ध्वंसमा सौन्दर्य र आतङ्कमा आनन्द-जनयुद्धले निर्माण गरेको सौन्दर्य र सौन्दर्यको महाख्यान हो । पूर्ण विराम यसै सौन्र्दयका गायक हुन् र उनको यस (जनयुद्ध कालीन) चरणका कविता यसै सौन्दर्यात्मक माहाख्यानका उत्पाद हुन् (पोखरेल २०४६, पृ ३५) ।

जनयुद्धले स्थापना गरेको नवीन, मूल्य, मान्यता र महाख्यानको आलेखन गर्न प्रस्तुत सङ्ग्रहका 'सिर्जनाको जुरो,' 'मञ्जुको पट बोलिरहेछ', 'याङ्ग्रीको मृत्युमा', 'सहरमा एउटा कवि' जस्ता कविता उल्लेख्य छन् । जनयुद्धमा साहसपूर्वक सहभागी भइ नयाँ र सुन्दर इतिहास रच्ने काम गरेका योद्धाहरूको गाथा गाउने काम पनि उक्त कविताहरूमा पाइन्छ । यी कविताहरूले जनयुद्धको उदात्त महाख्यानको अभिलेखनको आयामलाई सुन्दर काव्य बिम्ब मात्र प्रदान नगरी सुन्दर इतिहासकै आलेखन समेत गरेका छन् ।

### ३.१.५ युद्धजन्य सुन्दर एवम् नवीन बिम्व-प्रतीकको प्रयोग

कवितालाई सुन्दर, कलात्मक भव्य बनाउने काम बिम्ब-प्रतीकले गरेको हुन्छ । जनयुद्धकै कवितामा पनि बिम्ब-प्रतीकको प्रयोग कुनै न कुनै रूपमा भएको हुन्छ । बिम्ब-प्रतीकको चयन कवितामा विषय वस्तु चयनका आधारमा हुने छर्दछ । कवि पूर्ण विरामले प्रस्तुत सङ्ग्रका कवितामा प्रशस्त बिम्ब-प्रतीकको प्रयोग गरेका छन् । कवि पूर्ण विरामको कवित्वको एउटा विशेषता बिम्ब-प्रतीकको कुशल प्रयोग गर्नु भएकाले उनले आफ्ना कवितामा नवीन, मौलिक एवम् सुन्दर बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । उनका जनयुद्ध कालीन कविताहरूमा युद्धजन्य बिम्ब-प्रतीकहरूको सशक्त प्रयोग गर्नुका साथै विभिन्न पौराणिक मिथकहरूको पनि प्रयोग गरिएको छ । 'आफ्नो देशमा तिमीले र मैले के गर्नुपर्छ' शीर्षक कवितामा बिम्ब-प्रतीकको प्रयोग यसरी गरिएको छ-

नेपालको फलामे चीललाई आपराध गरेर
अपराधीमा दर्ता भइसकेको बकुल्लोले
जोगमान सुचिकारको रतगले देशका नक्सा भिजाइसक्यो
हरेक रात, त्यो बकुल्लोले तिम्रो र मेरो निद्र चोरिसक्यो

निद्र र चोर्ने बकुल्लोलाई सुरसाको जदिम मालिस गर्नका निम्ति
भागीरथीको किनारामा पुऱ्याउन के गर्नुपर्छ ।

(पृ४१)

प्रस्तुत कवितामा 'फलामे चील', 'बकुल्ला' जस्ता दृष्य बिम्ब तथा जोगमान सूचिकारको प्रतिक एवम् 'सुरसा' र 'भागीरथी' को मिथकीय बिम्ब प्रयोग गरिएको छ । प्रस्तुत बिम्ब र प्रतिकको माध्यमबाट देशमा भइ रहेको अन्याय, अत्यचारका विरूद्ध सशक्त रूपमा राष्ट्रियता पक्षमा लडनु पर्ने कुरालाई व्यक्त गरिएको छ । बकुल्लोको भेष धारण गर्न दौरा सुरूवाल लगाएका शासकहरूले देशमा रक्तपात मच्चाएर राष्ट्रघाती कामहरू गरेका सन्दर्भमा त्यसका बिरूद्ध एक भएर अधि बढनु पर्ने कुरालाई यहाँ बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । 'त्यस घडीसम्मको लिखित 'तमसुक' शीर्षक कवितामा कलात्मक रूपमा बिम्बको प्रयोग यसरी गरिएको छ -

निर्दोष गुलाफको हत्या गरेर
आफ्नो कुममा गहना थाप्न हिँडेका काला भाँवराहरूले बुझ्नुन्
निर्दोष गुलाफको मृत्युमा
अर्को निर्दोष गुलाफले पीडाको गीत गाउनका निम्ति
शब्द चयन गर्ने छोडिसक्यो
पीडाको प्रतिरोधमा एउटा गुलाफले
एस.एल.आर बोकिसकेको कुरालाई
काला भँवराहरूले बुझ्नून्

(पृ.६३)

निर्दोष र जनयुद्धमा मुक्तिको चाहना बोकेर हिँडेका योद्धालाई गुलाफका माध्यमबाट व्यक्त गरिएको यस कविताले काला भवराका रूपमा हत्यारा शासक र उसका मतियारहरूलाई सम्बोधन गरेको छ । यहाँ 'निर्दोष गुलाफ' र 'काला भँवरा' शब्द चित्रका रूपमा देखिने दृष्य प्रतिकका रूपमा आएको छ । गुलाफ र भँवराले यहाँ अप्रस्तुत विधानका माध्यमबाट पनि अर्थ सम्प्रेषण गरेको हुँदा यसको प्रतिकात्मक अर्थ पनि रहेको देखिन्छ । बिम्बको रूपमा क्रमशः जनयुद्धको योद्धा र शाही शासकको माध्यमबाट पनि अर्थ सम्प्रेणष गरेको हुँदा यसको प्रतीकात्मक अर्थ पनि रहेको देखिन्छ । एस.एल आर बोक्ने सन्दर्भले यहाँ एउटा योद्धाको हत्याले त्यसको प्रतिरोधमा अर्को योद्धा जनयुद्धमा सहभागी भएको कुरालाई सम्बोधन गरेको छ । परम्परागत रूपमा प्रेमिका र प्रेमिकाको रूपमा अर्थ्याइने गुलाफ र भँवराको बिम्बलाई कवि पूर्ण विरामले नवीन अर्थको सापेक्षतामा

त्यसको प्रयोग गरेका छन् । यो नै कवि पूर्ण विरामको बिम्व प्रयोगको विशेषता पनि हो । 'ए ! मेरो आदरणीय लेकाली फूल' मा सुन्दर काव्य बिम्बको प्रयोग यसरी गरिएको छ -

ए ! मेरो आदरणीय लेकाली फूल
तिम्रो गाथमा अनवरती आराम रहोस्
फलाम टोक्नका निम्ति
एकत्रित भएका छन् भुसुनाहरू
रातका कट्टर पहरेदार भएर
गुफा गुफाबाट थरीथरीका कुकुहरू भुकिरहेका छन्
.................................................
गोली छाद्न नपाएका सत्ताका बन्दुकहरू
तिमीलाई खोजिरहेका छन् ।

(पृ.२३)

'लेकाली फूल' क्रान्तिकारी योद्धाको प्रतिक हो, समग्रमा क्रान्तिको प्रतिक हो । क्रन्तिको रक्षार्थ कविले प्रस्तुत कवितामा दुश्मनले कान्ति, क्रन्तिकारी योद्धालाई समाप्त पार्न कसरी चोहको छ भन्ने कुरालाई व्यक्त गर्दै त्यसबाट सचेत रहन आग्रह गरिएको छ । यहाँ फलाम टोक्नुले क्रान्तिलाई सिद्ध्याउने दुश्साहस गर्नु भन्ने अर्थ प्रदान गरिएको छ । भुसुना, कुकुरहरूको बिम्बले सत्ताका हिमायतीहरू र तिनका सुरक्षा कर्मीहरूलाई सम्बोधन गरेको पाइन्छ । त्यसै गरी गोली छाद्न नपाएका सत्ताका बन्दुकहरूले कुनै निहुँ पारेर निर्दोष जनताको हत्या गर्न नपाएका शासक र तिनका भरौटेहरूलाई अभिव्यक्त गरेको देखिन्छ । 'गोली', 'बन्दुक' जस्ता युद्धजन्य बिम्बको प्रयोग पनि यहाँ गरिएको छ । क्रन्तिको रक्षार्थ दुस्मनहरूबाट सुरक्षित रहन सम्बोधनात्मक शैलीमा व्यक्त गरिएको प्रस्तुत कवितामा दृष्य बिम्बको प्रयोग गरिएको छ ।

कवि पूर्ण विरामका प्रस्तुत कविता सङ्ग्रहका कवितामा चण्डाल', 'मुर्दा' 'ज्वालामुखी', लावा', 'भुकम्प' 'अट्टालिका', 'शास्त्रगर', 'बन्दुकको सङगीत', 'पियानो', 'पियानोवादक', 'मरूभूमि', 'चिहान', 'बाज', 'बकुल्लो', 'चिल', व्वाँसो, 'पर्साकी जुरेली', 'ग्रिनेड', 'बन्दुक', 'छर्रा', 'बारूद', 'गुलाफ', 'भँवरा', 'सूर्य', 'सिरानी', 'सिर्जनाको जुरो', 'लेकाली फूल', 'बुटम्यान', 'शिशिर', 'रेबिज बोकेर बगिरहेको बतास', 'तेजाव बनाउने कारखानाहरू', 'तानाशाहले पालनपोषण गरेका मृत्यका लपलपाउँदा जिब्राहरू', 'मरेको बैस च्यापिरहेको समयमा', 'नीला रङ्का भेडाहरू', 'बहिराले राज गरको देश', 'जिब्रो हराएको समय', 'एक धार्नीको सिङ्गो प्याज', 'अभिभावकज्यू', 'सरकारी बुसेफेलस', आदि दृश्यात्मक, श्रव्यात्मक बिम्बहरूको प्रयोग भएको भेटिन्छ । उनको प्रयोग गरेका

अधिकांश बिम्बहरूले प्रतिकको पनि काम गरेका छन् । पूर्ण विरामले प्रस्तुत सङ्ग्रहमा उनका कवितमा 'माओत्सेतुङ्', 'स्टालिन', 'च्याङ चिङ', 'क्लियोपेट्रा', मुसोलिनी, लेन्डुप दोजो, 'हिटलर', जोगमान सूचीकार 'याङ्गी', 'मञ्जु', 'खुश्चेम', 'बेबिलोन', 'अनेकोट', 'चेग्वेभारी', जस्ता ऐतिहासिक बिम्बको प्रयोग पनि पुरा मात्रामा गरेका छन् । त्यसैगरी 'बुद्ध', 'उर्वरा', 'धृतराष्ट्', 'जालन्धर', 'विष्णु', 'विरूपाक्ष', 'हरिश्चन्द्र', 'शृषेश्वर', जस्ता पौराणिक मिथकहरूको प्रयोग पनि कविले प्रस्तुत सङ्ग्रहमा प्रशस्त गरेका छन् ।

कवि पूर्ण विराम बिम्ब-प्रतीकका सशक्त प्रयोक्ता हुन् । उनले कवितामा प्रयोग गर्ने बिम्ब - प्रतिकका आधारमा उनका सबै कविताहरू सर्वसामान्यका लागि बोधगन्य छैनन् ।  यद्यपि कतिपय कविताहरू सरल पनि छन् । तर वौद्धिक पाठकका लागि भने उनका कविता र कवितामा प्रयुक्त बिम्ब-प्रतीक ओजपूर्ण नै देखिन्छन् ।

### ३.१.६ महिला मुक्तिको स्वर/नारी संवेदनाको चित्रण

कवि पूर्ण पूर्ण विराम नारी मैत्री कवि हुन् । उनका सबैजसो चरणका कविता नारीलाई विषय बनाई नारीको उदात्तताको वर्णन गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा उनले नारी मुक्तिको विषयलाई जनयुद्धसँग सन्दर्भिक गरेर नारीहरूको साहस, वीरता र बलिदानीको महिमा गाएका छन् । प्रस्तुत सङ्ग्रहका 'अर्को नालापानीमा आजका महिलाहरू', याङ्ग्रीको मृत्यमा , 'मञ्जुको पट बोलिरहेछ', 'सिर्जनाको जुरो' महिला मुक्ति र जनयुद्धमा महिलाहरूको उपस्थितिसँग सम्बन्धित कविता हुन भने 'करूणा र करूणाको आँखा', 'पर्साकी जुरेली' 'आमालाई समर्पित कविता' नारी संवेदनाको चित्रण गरिएका कविताहरू हुन् । 'अर्को नालापानीमा आजका महिलाहरू' शीर्षक कवितामा महिलाहरूले बन्दुक उठाउनु पर्ने बेला आएको कुरालाई यसरी व्यक्त गरिएका छ -

> अर्को नालापानी झुल्केको परिस्थितिमा
> खाँद्ने समय छैन सागहरूलाई बन्दुक बनाउन
> हिंस्रक  पशुहरूको रक्षार्थ हामीसँग रहेका बन्दुकहरूमा
> अव बारूद खाँद्ने समय आएको छ
> अत्याचारी ज्यानहरूलाई
> बारूद खाँदिएको बन्दुकको सङ्गीत
> सुनाउने अभिभारा हाम्रो जिम्मामा आएको छ ।
>
> (पृ. २८)

नालापानीको इतिहासमा  महिलाहरूले देखाएको वीरतालाई सम्झेर आजका महिलाहरूले पनि घरयसी काम धन्दालाई छाडेर क्रन्तिमा सामेल हुनुपर्ने, बन्दुकमा बारूद खाँद्नुपर्ने समय

आएको कुरा यहाँ व्यक्त गरिएको छ । अत्याचारी शासकहरूको अन्याय, अत्याचारका विरुद्ध बन्दुकको सङ्गीत सुनाउनु पर्ने बेला आएको सन्दर्भका माध्यमबाट लाल आतङ्क वा आतङ्कको सौन्दर्य व्यक्त गरिएको छ । नेपाली समाजमा सुरू भएको जनयुद्धमा आजका महिलाहरू पनि सहभागी भएर सबै किसिमको उत्पीडनबाट मुक्तिको कामना गर्न प्रस्तुत कवितामा आग्रह गरिएको छ । 'याङग्रीको मृत्युमा' शीर्षक कवितामा जनयुद्धकी महिला सहिद याङ्ग्रीको सम्झना यसरी गरिएको छ -

धेरैले नापिसकेका छन् याङ्ग्रीको उचाइ
सगरमाथा भन्दा पनि हजार फिट अग्लो छ
याङ्ग्रीलाई मृत्यपश्चात् मात्र मैले नाप्न सकेको छु
मलाई पश्चाताप छ
मैले याङ्ग्रीलाई जीवित हुँदा किन खतरा मोलेर
याङ्ग्रीलाई अभिवादन गर्न याङ्ग्री उभिएको ठाउँमा पुगिन !

(पृ. ४७)

याङ्ग्रीले महिला मुक्तिका लागि जनयुद्धमा सहादत प्राप्त गरेर आफ्नो उचाइलाई सगरमाथा भन्दा पनि अग्लो बनाएको कुरालाई यहाँ व्यक्त गरिएको छ । याङ्ग्रीको मृत्यु महान, साहसी र बलीदानीपूर्ण भएकाले उनको मृत्युले क्रन्तिमा उर्जा पैदा गरेको कुरालाई व्यक्त गर्दै कविले उनलाई स्वागत गर्न नपाएकोमा दुःख व्यक्त गरेका छन् । 'मञ्जुको पट बोलिरहेछ' शीर्षक कवितामा जनयुद्धकी सहिद मञ्जुको पट बोलेको कुरालाई यसरी व्यक्त गरिएको छ -

तिमीले देखेको भए लेख
खुश्चेभको मुर्दा शरीरबाट निस्केर
दौडिरहेका कीराहरूलाई निमिट्यान्न पार्न सक्ने कविताहरू
तिमीले अनेकोटमा मेरा शरीरमाथि
बर्सेका गोलीका आवाजहरू सुनेको भए लेख
जालन्धर र जालन्धरका इसाराहरूलाई
महारोग लगाउनसक्ने कविताहरू ।

(पृ. ४९)

अनेकोटमा निर्ममतापूर्वक हत्या गरिएकी मञ्जुको पटले आग्रह गरेको कुरालाई प्रस्तुत कवितामा व्यक्त गरिएको छ । ख्रश्चेभरूपी शासकको मुर्दा शरीरबाट निस्केका किराहरू मञ्जुलाई अनेकोटमा गोली बर्साएकाले त्यस्ता किराहरूलाई समाप्त पार्ने अभियानमा लाग्न मञ्जुको पटले

आग्रह गरेको छ । जालन्धर रूपका शासकहरूको इसारामा अनेकोटमा अकालमा धेरैको सामूहिक हत्या भएकाले त्यस्ता निर्दयी सत्ताका मालिकहरूलाई महारोग लगाउन सक्ने गरी सङ्घर्षमा उत्रन पनि मञ्जुको पटले आग्रह गरेको छ । सहिद मञ्जुले आफू लगायत अनेकोटमा मारिनेहरूको तर्फबाट सो हत्याकाण्डका नाइकेहरूलाई सतचूर्ण पार्न गरेको आग्रहलाई यहाँ व्यक्त गरिएको छ । यता पीडा, आक्रोश, सङ्घर्ष र प्रतिशोधको भावनालाई मञ्जुको नारी संवेदनका रूपमा चित्रण गरिएको छ । 'सिर्जनाको जुरो' शीर्षक कवितामा सिर्जनाको जुरोका वर्णन यसरी गरिएको छ -

उनको जुरोले थुप्रै व्याभिचारीहरूलाई
कान समातेर सयौचोटि उठबस गराउने गर्छ
जाली तमसुकका निम्ति चित नै बनेर
सिर्जनाको जुरो जाली तमसुकमका अगाडि
घना धर्ना तोडेर उपस्थित भएको हुन्छ
सिर्जनाको जुरोले धेरै बँधुवाहरूलाई
रिनबाट मुक्त गराउने कुरा कसले बुझ्छ ?

(पृ. ५५)

क्रान्तिको प्रतिक सिर्जनाको क्रान्तिकारी कार्यको वर्णन गरिएको यस कवितामा जनयुद्धमा महिलाहरूले व्याभिचारी, शोषक, सामन्तहरूलाई सशक्त कारबाही गरेको कुरालाई व्यक्त गरिएको छ । गरिब किसानहरूलाई ऋणको नाममा वर्सौं चुस्ने जमिन्दारहरूको जाली तमसुक जलाएको कुरा पनि यहाँ प्रकट गरिएको छ । यहाँ जनयुद्धमा महिलाहरूले निर्वाह गरेको सशक्त फौजी भूमिकाको प्रशंसा समेत गरिएको छ ।

प्रस्तुत सङ्ग्रहका उपरोक्त कविताहरूमा मुख्यतः नारी संवेदना र महिला मुक्तिको स्वर बुलन्द भएका हुन् । महिलाहरूले जनयुद्धमा प्रदर्शन गरेका सहास बलिदानी, वीरता एवम् उनीहरूको पीडा, आक्रोश र प्रतिशोधका भावनालाई मुख्य स्थान दिइएको छ । महिलाहरू पनि कठोर बन्न सक्छन् र यहाँका शासकहरूलाई जनयुद्धका माध्यमबाट सबक सिकाउन सक्छन् भन्ने भाव व्यक्त गर्ने काम पनि कविले गरेका छन् । राष्ट्रियतालाई बचाउनका लागि आजका महिलाहरू नालापानीमा महिलाहरूले प्रस्तुत गरेको साहसलाई पुनः प्रदर्शन गर्न पनि तयार रहेको कुराको समेत चित्रण यस कवितामा गरिएको छ ।

### ३.१.७ बौद्धिक र व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग

कवि पूर्ण विराम वौद्धिक र व्यङ्ग्यशील कवि हुन् । उनका कविता वौद्धिक प्रकृतिका छन् र उनले धेरै कवितामा व्यङ्ग्यात्मकताको समेत प्रयोग गरेका छन् । पूर्ण विरामका प्रस्तुत

कविता सङ्ग्रहका कवितामा प्रशस्त बिम्ब-प्रतीकको प्रयोग गरिएकाले उनका कविताहरू जटिलतातर्फ उन्मुख देखिन्छन् । यद्यपि बौद्धिक-प्राज्ञिक पाठकले उनका कविता बुझ्न सकेपनि सबै सामान्यले भने उनका सबै कविता बुझ्न सम्भव छैन् । तर पूर्ण विरामका सबै कविता दुरूह र दुर्बोध्य छैनन् । 'हामी जनाताका कामदारहरूले' शीर्षक कवितामा सरल भाषाको यसरी प्रयोग गरेको छन् -

हामी जनताका कामदारहरूले
जसरी भए पनि र जुनसुकै अवस्थामा पनि
जनताकै निम्ति कामहरू गर्नुपर्छ ।
टुप्पामा बसिरहेका जनताका वैरीहरूलाई
निरन्तर घुँएत्रोले हान्ने कामहरू गरिरहनुपर्छ
हामी जनताका निम्ति किसिम किसिमका
अनौठा-अनौठा कामहरू गरिरहनुपर्छ ।

(पृ. ४६)

जनताका कामदारहरू अर्थात जनयुद्धका योद्धाहरूले सधै जनताका पक्षमा काम गरि रहनुपर्ने, शासन सत्तामा बसेकाहरूलाई ढालेर जनताका सामु ल्याउनु पर्ने कुरालाई यहाँ सरल भाषामा व्यक्त गरिएको छ । 'जिब्रो हराएको समयमा' शीर्षक कवितामा जटिल भाषा-शैलीको प्रयोग यसरी गरिएको छ -

जिब्रो हराएको समयमा
आमालाई बगाउन टेम्स नदी पनि रगरग गरिरहेको छ ।
मेरै टाउकोमा खस्न आयात गरिदेछ
पुलिन्दामार्फत मिसिसिपीबाट तातो खरानी
हराएको जिब्रो पाइएको समय पाइयो भने
म धेरैलाई बुझाउन सक्छु
हिजोको अफगानिस्तान कस्तो थियो
र अहिले अफगानिस्तान कस्तो छ
कस्तो छ जेनिन र
रमल्लाह नाम गरेको सहरके
हालत भित्रको हालखबर कस्तो छ ?

(पृ. ७०)

वाक् स्वतन्त्रताको अभाव रहेको समयलाई त्रित्रण गरिएको प्रस्तुत कवितामा राष्ट्रियताको सङ्कट, अफगानिस्तान बन्न लागेको नेपालको स्थिति तथा बैद्धिक वर्गकहरूको दयनीय स्थितिको चित्रण गरिएको छ । टेम्स नदी, मिसिसिपीको तातो खरानी, अपगानिस्तान र त्यसका जेनिन र रमल्लाह  सहरको सन्दर्भले प्रस्तुत कविता वौद्धिक प्रकृतिको बन्न गएको छ । सर्व सामान्यका लागि दुर्बोध्य  र जटिल भए पनि वौद्धिक प्राज्ञिक पाठकका  लागि भने प्रस्तुत कविता बोधगम्य नै देखिन्छ ।

कवि पूर्ण विराम कवितामा व्यङ्ग्यको सशक्त प्रयोग गर्ने कवि हुन् । उनले प्रस्तुत सङ्ग्रहका कतिपय कवितामा पनि व्यङ्ग्यको प्रयोग गरेका छन् । 'भर्खर पियानो सिक्नेहरूलाई' 'मिस्टर बुट्म्यान', 'सहरमा एउटा कवि' प्रस्तुत सङ्ग्रहका व्यङ्ग्य प्रयोगका दृष्टिले उल्लेख्य कविताहरू छन् । 'सहरमा एउटा कवि' शीर्षक कवितामा कविले आफैमार्फत यसरी व्यङ्ग्य भाव व्यक्त गरेका छन् -

हेर यो सहरमा म पनि कविता लेख्छु
सहर ध्वस्त बनाउन नै म पनि कविता लेख्छु
कवितालाई पछार्नका निम्ति म सान्चा पहलमान हुँदै
हेर यो सहरमा एउटा कवि हुँदै कविता लेख्छु
मौज्दातमा मसँग मसी नहुँदा
म बोक्दिन मसान नभएको बहाना
कागज नभएर पनि म गर्दिन कुनै गुनासो
हेर यो सहरमा मेरी छाती एउटा सादा कागज हो
जसमा कविता लेख्न मसीको जरूरत पर्दैन ।

(पृ. ४०)

कविहरूप्रति व्यङ्ग्य गरिएको यस कवितामा विभिन्न वहाना र प्रलोभनमा कविता लेख्ने अवसरवादी कवि साहित्यकारको भण्डाफोर गरिएको छ । जनयुद्धका पक्षमा आफूले जस्तो सुकै समस्याका बिच पनि कविता लेख्ने प्रतिवद्धता व्यक्त गर्दै कविले आफ्नो वैयक्तिक अभाव र समस्याको बाबजुद पनि क्रान्तिका पक्षमा निरन्तर कलम चलाइ रहने भाव व्यक्त गरेका छन् ।

शैली शिल्पका दृष्टिले विवेच्य सङ्ग्रहका कविताहरू वक्रोक्तिमूलक, लक्षणा र व्यञ्जनागम्य तथा लयात्मक र कला चेतनाले युक्त देखिन्छन् । वौद्धिक शैलीमा लेखिएका उनका अधिकांश कविताहरू कोरा नारावादी बन्नबाट टाढै छन् । शीर्षकको पुनरावृत्ति तथा वाक्य-पदहरूको पुनरावृत्तिले गीतिमयताको आभास पनि कतिपय कवितामा पाइन्छ । 'ए मेरो आदरणीय

लेकाली फूल’ शीर्षक कवितामा दस पटक शीर्षकको पुनरावृत्ति हुनु यसको दृष्टान्त हो । प्रस्तुत सङ्ग्रहका कवितामा आग्रह मूलक, सम्बोधनात्मक र आत्मवाची शैलीको बहुल प्रयोग भएको भेटिन्छ । त्यसका अतिरिक्त परवाची शैली, तृतीय पुरूष शैली, संस्मरणात्मक शैली र नाटकीय शैलीको प्रयोग पनि कतिपय कवितामा भएको पाइन्छ ।

यस प्रकार प्रस्तुत सङग्रहका कवितामा पूर्ण विरामले मिश्रित भाषाका अतिरिक्त वौद्धिक एवम् कलात्मक भाषा शैली र व्यङ्ग्यात्मकताको प्रयोग गरेको पाइन्छ । यस कवितामा पाइने सौन्दर्य उनका यिनै भाषा शैलीगत प्रवृतिका आधारमा निर्क्योल हुन्छन् ।

## ३.२ निष्कर्ष

कवि पूर्ण विरामको चौथो चरण (वि.स २०५२ यता) जनयुद्ध कालीन चरणको पहिलो कविता सङ्ग्रह ‘ए ! मेरो आदरणीय लेकाली फूल’ (२०६४) उनको उत्कृष्ट कविता कृति हो । जनयुद्धलाई समर्थन गरेर लेखिएका पैंतिस कविता रहेको प्रस्तुत सङ्गहमा वर्ग सङघर्ष, क्रान्ति, विद्रोह, आक्रोश, पीडाको स्वारलाई कवितामार्फत अभिव्यक्त भएका छन् । प्रस्तुत सङ्ग्रहका अधिकांश कविताहरूले तत्कालीन अन्यायपूर्ण शासन व्यस्थाको विरोध गरेका छन्  र नयाँ जनवादी शासन व्यवस्थाको चाहना राखेका छन् । जनयुद्धले निमार्ण गरेका् महान् इतिहासलाई प्रस्तुत संङ्ग्रहका कतिपय कविताहरूले आलेखन गर्नुका साथै उदात्त महाख्यान निर्माणको सन्दर्भलाई प्रस्तुतीकरण गरेका छन् । युद्धसँग सम्बन्धित विभिन्न बिम्बहरू त्था प्रतीकहरूको सशक्त प्रयोग गरिएका प्रस्तुत सङ्गहका अधिकांश कविताहरू बिम्बात्मक र प्रतीकात्मक छन् । जनयुद्धमा व्यक्त महिला मुक्तिको स्वरलाई पनि यस सङ्ग्रहका कतिपय कविताले मह□वपूर्ण स्थान दिनुका साथै नारी संवेदनाको कलात्मक चित्रण गर्न समेत सफल भएका छन् । वौद्धिक र कलात्मक भाषा शैलीका माध्यमबाट कविले प्रस्तुत सङ्ग्रहका कवितालाई नारावादी आरोपबाट मुक्त गराउनुका साथै व्यङ्ग्यात्मकताको कुशल प्रयोग समेत गरेका छन् ।

# अध्याय चार

# लड्न जन्मेकाहरूले मा सङ्गृहीत कविताका प्रवृत्तिहरू

## ४.१ विषय प्रवेश

कवि पूर्ण विरामको जनयुद्ध कालीन कविता लेखनको चौंथो चरण अन्तर्गतको दोस्रो कविता सङ्ग्रह हो । वि. सं. २०६४ सालमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि द्वारा प्रकाशित प्रस्तुत सङ्ग्रमा चौंतिस वटा कविताहरू रहेका छन् । वि.स. २०५१-२०६० सम्मको अवधिमा विभिन्न पत्र-पत्रिकाहरू प्रकाशित कविताहरूको सङ्गालोका रूपमा प्रस्तुत सङ्ग्रह रहेको छ । यहाँ प्रस्तुत कविता सङ्ग्रहका कवितामा पाइने प्रवृत्तिको निरूपण गरिएको छ ।

### ४.१.१ मुख्य विषय वस्तुका रूपमा जनयुद्धको प्रयोग

पूर्ववर्ती कविता सङ्ग्रहमा जस्तै यस कविता सङ्ग्रहका अधिकांश कवितारूमा पनि जनयुद्ध नै मुख्य विषयका रूपमा प्रयोग भएको देखिन्छ । जनयुद्धलाई जनताको मुक्तिको साधन ठान्ने तथा जनताको युद्ध मान्ने अभिप्राय उनका यस सङ्ग्रहका कविताले बोकेको भेटिन्छ । 'जे- जे- साध्छौ सोध पहाडी भेगलाई' शीर्षक कवितामा जनयुद्धको औचित्य र महिमा यसरी व्यक्त गरिएका छ -

पहाडी भेगले बोकेको दूरबीनको बारेमा सोध्ने हो भने
पहाडी भेगले भन्नेछ
उसको दूरबीन अरूले बोकेको भन्दा
भिन्न र मौलिक भएको कुरा गर्नेछ
हेर्ने हो भने हेर पहाडी भेकले बोकेको दूरबीन
त्यसम जनयुद्ध प्रष्ट देख्नेछौ
र देख्नेछौ पहाडी भेगले बोकेको दूरबीनमा
एउटा गणतान्त्रिक मुलुकको उज्यालो अनुहार
जे - जे सोध्छौ सोध पहाडी भेगलाई
त्यसले कसैलाई पनि हुस्सुभित्र अल्मल्याउने छैन ।

(पृ. १८)

जनयुद्धको उद्गम थलोका रूपमा पहाडी भेग भएकाले जनयुद्धका बारेमा पहाडी भेगलाई नै धेरै कुरा थाहा भएको कुरा यहाँ व्यक्त गरिएको छ । नेपालको जनयुद्ध संसारका कुनै पनि क्रान्ति भन्दा भिन्न र मौलिक भएको भन्दै जनयुद्धले बोकेको विचारले भविष्यमा गणतान्त्रिक

मुलुकको उज्यालो अनुहार देखिने कुरालाई पनि प्रस्तुत कविताले अभिव्यक्त गरेका छ । कविको भविष्य द्रष्टाचेत प्रस्तुत कविताबाट प्रष्ट भएको देखिन्छ ।

विवेच्य सङ्ग्रहका सबैजसो कविताहरूमा जनयुद्ध केन्द्रीय विषय वस्तुको रूपमा प्रकट भएको पाइन्छ । यस सङ्ग्रका कविता र तिनमा प्रस्तुत विषय वस्तुलाई क्रम बद्ध रूपमा यसरी प्रस्तुत गरिएको छ -

| **क्र.सं. कविता शीर्षक** | **विषयवस्तु (केन्द्रीय विषय वस्तु जनयुद्धका सापेक्षतामा)** |
|---|---|
| १. भेरी नदीको किनारम छापामार पर्चा | - जनयुद्धमा छापामार चौकी आक्रमण गरेको विषय |
| २. कलिकोटले पनि उज्यालोमाथि उज्यालो दियो | - जनयुद्धमा कालिकोटको योगदान |
| ३. हावा चलिरहेको क्षण | - जनयुद्धमा भएको फौजी आक्रमण |
| ४. सहर सम्म पुग्न निस्केको छु | - जनयुद्धको अभीष्ट र गन्तव्यको चर्चा |
| ५. जे-जे सोध्छौ सोध पहाडी भोगलाई | - जनयुद्धको उद्‌गम थलोका रूपमा पहाडी भेगको चर्चा |
| ६. दिदीको हालखबर | - जनयुद्धपछि महिलाहरूमा आएको परिवर्तन |
| ७. हिमालको काखमा अवश्य यस्तो हुनेछ | - नेपालमा जनयुद्धको औचित्यको चर्चा |
| ८. बिचरो गुलाफ | - क्रान्तिकारी योद्धा प्रतिको सहानुभूति |
| ९. रोल्पाको सानो केटो | - रोल्पामा जनयुद्धको आवश्यकता |
| १०. थुइक्क पूर्ण | - आत्मव्यङ्ग्य |
| ११. हाम्रो चाहाना | - जनयुद्धको सफलताको कामना |
| १२. बिस्तारै बिस्तारै हामी सबै काम गरौला | - सचेततापूर्वक जनयुद्ध जारी राख्नु पर्ने कुराको चर्चा |
| १३. अभियानको सहयोगार्थ | - जनयुद्धको सहयोगका लागि आग्रह |
| १४. कस्तो दिन ! | - जनयुद्ध कालीन विषय परिस्थितिको चित्रण |
| १५. ठोक्ने मौसमले परिक्रमा गरिरहेछ | - प्रत्याक्रमणको समय आएको कुराको चर्चा |
| १६. चोलो हेर्नेले मुटु देख्दैन | - जनयुद्धमा महिलाको योगदान |
| १७. बल्ल तिमी आफै राम्रो भएर देखापर्न थाल्यौ | - जनयुद्धमा बढ्दो जन समर्थनको चर्चा |
| १८. गत वर्षको अवलोकन | - जनयुद्धको पूर्व सन्ध्याबाट अघिल्लो वर्षको स्मरण |
| १९. मेरो मालीबाटै म सिक्छु सबै कुरा | - जनयुद्धको नेतृत्व प्रतिको विश्वास |
| २०. बरबधु दुवैले विद्रोह गर्नु पर्ने बेला भयो | - राष्ट्रियताका लागि सबै एक जुट हुन आग्रह |

| | |
|---|---|
| २१. मध्यरातमा छापामारको पुत्रले मसँग माग्छ आफ्नी आमा | - छापामारको परिवारको चित्रण |
| २२. तत्काल मसँग सूर्य नमाग सावित्री | - जनयुद्धको दीर्घ कालीन सफलता खोज्न आग्रह |
| २३. यो वर्ष महासंघको वर्ष | - २०५२ सालमा जनयुद्ध हुने भविष्यवाणी |
| २४. उद्घाटित गोपनीयता | - जनयुद्ध प्रतिको गोप्य समर्थन |
| २५. तपाईको म्यादी खाका | - युद्ध विरामलाई सदुपयोग गर्न शासकप्रतिको आग्रह |
| २६. सामग्रीका गुन गुन | |
| २७. सन्दूसको हाटमा | - अनेकथरी जनयुद्ध विरोधी शासकहरूको चित्रण |
| २८. आयोजकको घोषणा र नेपाली सुन्दरी | - महिलाहरूको फेरिएको चिन्तनको प्रस्तुति |
| २९. लड्न जन्मेकाहरूले | - निरन्तर लडाइँको लागि आग्रह/जनयुद्धको निरन्तरताको कामना |
| ३०. हजुरलाई कस्तो लाग्यो ? | - जनयुद्धका अनेक कारबाहीको चर्चा |
| ३१. यस्तै छ हाम्रो संसार | - क्रान्तिकारीहरूको दायित्वको चर्चा |
| ३२. कर्दाग्रह | - राष्ट्रियताको सवालको उठान |
| ३३. उहाँहरूको अर्थ | - क्रान्तिको रक्षाको आग्रह |
| ३४. कलमको बकपत्र | - राष्ट्र घातीहरूको बिरोध |

यस प्रकार विवेच्य सङ्ग्रहका चौंतिस वटै कवितामा कुनै न कुनै रूपमा जनयुद्ध मुख्य विषय बनेर आएको देखन्छ । जनयुद्धलाई केन्द्रमा राखी त्यसको सापेक्षतामा जनयुद्धका वहु आयामहरूलाई यस सङ्ग्रहका कवितामा मुख्य विषय बनाइएको छ ।

### ४.१.२ मार्क्सवादी-माओवादी वैचारिक प्रतिबद्धता

पूर्ण विराम प्रगतिवादी कवि हुन् । दोस्रो चरणदेखि नै आफ्ना कवितामा प्रगतिवादी मान्यतालाई आत्मसात गर्न पुगेका पूर्ण विरामले जनयुद्ध कालीन चरणका कवितामा प्रगितवादी क्रान्तिकारी वैचारिक मान्यतालाई समेत दृढतापूर्वक समर्थन गरेको देखिन्छ । यस कविता सङ्ग्रहका कवितामा उनले मार्क्सवादी-माओवादी वैचारिक मान्यतालाई दह्रोसँग आत्मसात गर्दै वर्ग सङ्घर्ष, सशस्त्र क्रान्ति र छापामार युद्ध जस्ता मार्क्सवादी-माओवादी क्रान्तिकारी मान्यतालाई पनि अवलम्वन गरेका छन् । 'रोल्पाको सानो केटो' शीर्षक कवितामा युद्धको आवश्यकतालाई यसरी व्यक्त गरिएको छ -

म रोल्पाको सानो केटो अनुनय गर्छु
जमिनमुनिको सुर्यलाई युद्धारम्भको थलो बनाउनु पर्छ रोल्पालाई
र युद्धबाटै आतङ्कको हत्या गर्नुपर्छ
तथाकथित प्रजातन्त्रको पेशाक पहिरेकाहरूलाई
मारिमेटी पार्नु पर्छ देशबाटै
म रोल्पाको सानो केटा
युद्धपछि जन्मिने शान्तिको माग गर्दछु
म छेमण्डमा दर्ता भएको छ
युद्धबाट हुने मक्तिको माग गर्दछु ।

(पृ. २६)

यहाँ जनयुद्धको पूर्व सन्ध्यामा रोल्पामा सरकारी पक्षबाट भइ रहेको आतङ्क, हत्याको अन्त्यको लागि युद्धको आवश्यकता देखेको भन्दै युद्धबाट नै शान्तिको जन्म हुन्छ भन्ने माओवादी मान्यताको समर्थन पनि गरिएको देखिन्छ । प्रजातन्त्रको नाममा आतङ्क, हत्या मच्चाउनेहरूलाई समाप्त पारी जनवादी राज्य सत्ता स्थापना गर्नुपर्छ भन्दै सबै प्रकारका मुक्तिको साधन युद्ध, सङ्घर्ष हो भन्ने मार्क्सवादी- माओवादी वैचारिक मान्यतालाई प्रस्तुत कविताले समर्थन गर्न पुगेको पाइन्छ । 'लड्न जन्मेकाहरूले' शीर्षक कवितामा निरन्तर क्रान्तिको पक्ष पोषण यसरी गरिएको छ -

बलिदानले ओतप्रोत भइसकेको मुटुमा
चालै नपाई छिर्न सक्छ आफ्नो नाकै कोटेरै
भए पनि मशुसमान बाँच्ने वेकम्माको
धड्कन आफ्नो मुटुभित्र
त्यस्तो बेलामा हामीले आफ्नै
मुटुको धड्कनको विरूद्धमा लड्नपर्छ
आफैले आफ्नो मुटु कोपार्ने
किसिमको लडाइँ लडिरहनु पर्छ
हामी लड्न जन्मेकाहरूको निम्ति
कहिल्यै कुनै पल कोरिएको हुन्न
युद्धविराम नामक रेखा
हामी लड्न जन्मेकाहरूले
मृत्यपर्यन्त लडिरहनुपर्छ-लडिरहनुपर्छ ।

(पृ. ६८)

युद्ध क्रान्तिको निरन्तरतामा जोड दिइएको प्रस्तुत कवितामा क्रान्तिकारी योद्धाहरूले युद्ध पर्यन्त लडि रहनु पर्ने विचार व्यक्त गरिएको छ । क्रान्तिकारी योद्धाहरूको लड्नु बाहेक अर्को कुनै उद्देश्य नहुने भएकाले लडाइँ एवम् युद्धका क्रममा निराशा, पलायनले सताउन सक्ने भएकाले त्यसका विरूद्ध आत्म सङ्घर्ष गर्नु पर्ने कुरा पनि यहाँ व्यक्त गरिएको छ । युद्धको विराम तथा अन्त्य कहिल्यै पनि नहुने हुँदा जनताको मुक्ति नहुन्जेल युद्धलाई जारी राख्नु पर्ने माओवादी मान्यतालाई यस कविताले समर्थन गर्न पुगेको छ । निरन्तर क्रान्ति जनताको लागि उत्सव पनि हो, भन्ने माओवादी मान्यतालाई प्रस्तुत कविताले दृढतापूर्वक आत्मसात गर्दै युद्धको निरन्तरमा जोड दिएको छ । 'यस्तै छ हाम्रो संसार' मा जनयुद्धका योद्धाहरूलाई यस्तो आग्रह गरिएको छ-

कैयौ वर्षदेखि खान नपाएका
आँतहरूलाई राशनकार्ड दिन बन्दुक
बोकेर निस्केकाहरूले
आफ्नो आन्द्रा बटारिए पनि
बन्दुक बोकेर राशनकार्ड बाँडेदै हिडिरहनुपर्छ
आफ्नो समूहबाट कसैले बन्दुक फालेर
आफूलाई आघात विवरण गरेपनि
आघात हजम पार्दै ब
बन्दुक बोक्नेहरूले बन्दुक बोकेर हिँडिरहनुपर्छ ।

(पृ.७२)

भोका, नाङ्गा, गरिब, दुःखीको मुक्तिका लागि क्रान्ति, जनयुद्ध आवश्यक परेकाले जनयुद्धका योद्धाहरूले भोकै, नाङ्गै बस्नु परेपनि जनताका पक्षमा सधै लडि रहनु पर्ने कुरालाई यहाँ व्यक्त गरिएको छ । क्रान्तिका क्रममा गद्दारहरू क्रान्ति छाडेर भाग्ने भए पनि क्रान्तिलाई त्यस्ताबाट बचाएर झन् सशक्त बनाउनु पर्ने कुरालाई पनि यस कवितामा व्यक्त गरिएको छ । माओवादी जनयुद्धको क्रममा भएको घटना सन्दर्भका आधारमा क्रन्तिका क्रममा देखापर्ने आत्म समर्पणवादी, पलायनवादी विचारलाई निस्तेज पार्नु पर्ने कुरालाई यस कविताले स्पष्ट पारेको छ । माओवादी मान्यतालाई दह्रोसँग आत्मसात गर्दै बन्दुकद्वारा नै राज्यसत्ता जन्मेको कुरालाई प्रस्तुत कविताले अप्रत्यक्ष रूपमा सम्बोधन गर्न पुगेको देखिन्छ । 'ठोक्ने मौसमले परिक्रमा गरिरहेछ' शीर्षक कवितामा प्रत्याक्रमणको आवश्यकता यसरी प्रकट गरिएको छ -

नानीहरूलाई टुहुरा बनाउन सरकारले बोकिरहेको छ बन्दुक
त्यस्तो बन्दुकलाई तिमी पनि बन्दुक लिएर ठोक
ठोक्ने मौसमले परिक्रमा गरिरहेछ
मौसमको परिक्रमाको सहयोगार्थ मात्रै पनि तिमीले ठोक ।

(पृ. ३७ ।

सरकारले जनताको युद्धलाई दबाएर केटाकेटीहरूलाई टुहुरा बनाउन बन्दुकको सहारा लिएर हत्या आतङ्क मच्चाएकाले यसका विरूद्ध क्रान्तिकारीहरूले पनि बन्दुक नै उठाई त्यसको जवाफ दिनुपर्ने सुभाव यहाँ व्यक्त गरिएको छ । सरकारी ज्यादती र आक्रमण पराकाष्ठामा पुगेकाले त्यसको प्रत्याक्रमण गर्नुपर्ने कुरालाई पनि यस कवितामा स्पष्ट पारिएको छ । बन्दुकको बदला बन्दुक नै उठाउनु पर्ने माओवादी मान्यतालाई प्रस्तुत कविताले दृढतापूर्वक समर्थन गरेको छ ।

कवि पूर्ण विरामले आफ्नो क्रान्तिकारी राजनीतिक व्यक्तित्व तथा प्रगतिवादी-विद्रोही कवि व्यक्तित्वका कारण विवेच्य सङ्ग्रहका कवितामा माओवादी जनयुद्धमा अबलम्बन गरिएको माओवादी सैद्धान्तिक मान्यता र सशस्त्र क्रान्ति, जनबादी राज्यसत्ता स्थापना जस्ता कुरालाई दृढतापूर्वक आत्मसात गर्नुका साथै मार्क्सवादी-लोनिनवादी मान्यताको पनि पक्ष पोषण गरेको देखिन्छ ।

### ४.१.३ शासन-सत्ताको अन्याय अत्याचारको विरोध

जनयुद्धको घोषणाले तत्कालीन शासन सत्तामा निकै ठुलो हलचल ल्याएको देखिन्छ । तत्कालीन शासन सत्ताले जनयुद्धलाई दमनका माध्यमबाट सिध्याउने रणनीति लिएपछि जनयुद्धका पक्षधरहरूले त्यसको बिरोध गरेको पाइन्छ । कवि पूर्ण विरामले आफ्ना कवितामा तत्कालीन शासनको अन्याय, अत्याचारपूर्ण कदमको बिरोध गर्दै क्रान्तिको पक्ष पोषण गरेको देखिन्छ । 'हाम्रो चाहना' शीर्षक कवितामा शासकप्रतिको आक्रोश यसरी व्यक्त गरिएको छ -

मुलुकमा उत्पात मच्चाइरहेका
जालन्धरहरू कति छिटो निर्वस्त्र भए
दोबोटोमा हुस्सु फैलाउने
निरोहरू कत्ति छिटो दोबाटोबाट
अन्तर्ध्यान भए
हाम्रो चाहना छ
एकतारे बाजा सदाकालका निम्ति बज्नुपर्छ

त्यसमा तिम्रा हातका औलाहरूले
अखण्ड चलहल गरिरहनुपर्छ ।

(पृ. ३०)

शासकहरूको अन्याय अत्याचार पराकाष्ठामा पुगेकाले अब उनीहरूको सत्ता टिक्ने वाला छैन, उनीहरू नाङ्गो भइ सकेका छन्  भन्दै निरोहरूले रूने दिन, जालन्धरहरूले समाप्त हुने दिन आएको कुरालाई यहाँ व्यक्त गरिएको छ । त्यसका निम्ति जनयुद्धलाई कुशलतापूर्वक सञ्चालन गर्नुपर्ने कुरालाई कविले जोड दिएका छन् । प्रस्तुत कवितामा कविले शासकलाई पौराणिक पात्र 'जालन्धर' र निरो सँग तुलना गरेका छन् । 'ठोक्ने मौसमले परिक्रमा गरिरहेछ' शीर्षक कवितामा शासकहरूको विरोधका लागि यसरी आव्हान गरिएको छ -

तिम्रा बस्त्रहरू धूजा -धूजा पार्न
तिम्रो घरमा पसेका हुन सक्छन् सरकारका मुसाहरू
घन बनाउने सीप तिमीमा छँदैछ
त्यस्ता मुसाहरूलाई घनले ठोक
त्यस्ता मुसाहरूलाई घनले ठोक्नु
तिमीले कसैको अनुमति लिनुपर्दैन
त्यस्ता सरकारिया मुसाहरूलाई तिमीले घनले ढोक ।

(पृ. ३७)

मुसाको रूप धारण गरेका सरकारी प्रतिनिधिहरूले जनयुद्धलाई समाप्त पार्न लागि परेकाले त्यस्तालाई आक्रमण गरेर निस्तेज पार्नुपर्ने कुरालाई यस कवितामा व्यक्त गरिएको छ । यहाँ जनयुद्धका क्रममा सरकारी जासुसह ले जनयुद्धालाई धुजा-धुजा पार्न सक्रिय भएको कुरालाई व्यक्त गर्दै त्यस्ताका विरूद्ध क्रान्तिको घनले आक्रमण गर्न योद्धाहरूलाई आग्रह गरिएको छ । सरकारले आफ्ना मातहतका हरेक अङ्गलाई जनयुद्धका विपक्षमा प्रयोग गरेकाले त्यस्ता सरकारिया मुसाबाट सचेत रहँदै त्यस्ताका विरूद्ध क्रन्तिको जेहाद छाड्दै क्रान्तिलाई गुणात्मकरूपमा अगाडि बढाउन पनि प्रस्तुत कविताले आव्हान गरेको छ । 'बल्ल तिमी आफै राम्रो भएर देखापर्न थाल्यौ' शीर्षक कवितामा शासन सत्ताको विरोध गर्नेको प्रशंसा यसरी गरिएको छ -

तिमीले बल्ल देख्न थाल्यौ
सत्ताले स्याउलालाई निर्दोष मानिसका रगतले
लफक्कै भिजाएका दृष्यहरू
सत्ताले छेमण्ड बनाएका बच्चाहरूका रोदनहरूमा
बल्ल तिमीले पनि आफ्नो मन कुँडाएका
परिदृष्यका जुलुसहरू देखाउन थाल्यौ
बल्ल तिमी आफै राम्रो भएर देखा पर्न थाल्यौ ।

(पृ. ४१)

निर्दोष मानिसलाई हत्या गर्ने सरकारी अत्यचारका विरूद्ध मानिसहरू निरन्तर सचेत हुँदै गएको कुरालाई प्रस्तुत कविताले व्यक्त गरेको छ । कतिका बुवाआमा बितेर धेरै बाल बालिका टुहुरा भइ सकेकाले त्यस्ताको रोदनलाई मनन् गरी सत्ताका मतियारहरूका विरूद्ध क्रान्तिको जुलुस पैदा गर्नु पर्ने कुरालाई यहाँ अभिव्यक्त गरिएको छ । सत्तामा बस्ने शासकहरूको निर्दयी, हत्यारा र दमनकारी प्रवृत्तिको चित्रण गर्दै जनताको युद्धलाई उनीहरूले कसरी दमन गर्न चाहन्छन् भन्ने कुरालाई पनि यस कविताले सफल चित्रण गरेको छ । 'सन्दूसको हाटमा' शीर्षक कवितामा शाासकहरूको चित्रण यसरी गरिएको छ -

सन्दूसको हाटमा आफ्नै चिहान खन्नका निम्ति
सबैले बोकेर चट्टानलाई जिस्क्याउने ख्याले पनि कुनै सन्दूसबाट निस्क्यो
जमिनमुनिको सूर्य खान सकिन्छ भनेर आफ्नो जिन्दगी आफ्नै
दाँतले टोक्ने विक्षिप्त हनुमान पनि
सन्दूसको हाटमा कुनै सन्दूसबाट निस्क्यो ।

(पृ.६३)

प्रस्तुत कवितामा शासकहरूले आफ्नो मृत्यु आफैले निम्त्याएको कुरालाई 'ख्याले' र 'हनुमान' का रूपमा व्यक्त गरिएको छ । यहाँ साबेल बोकेर चट्टानलाई जिस्क्याउने 'ख्याले' र जमिनमुनिको सुर्य खान खोज्ने हनुमानका रूपमा शासकलाई चित्रण गरिएको छ । चट्टानरूपी जनयुद्धलाई साबेलले ध्वस्त पार्न खोज्नु तथा जमिनमुनिको सूर्यका रूपमा रहेको उज्यालो भविष्यलाई समाप्त पार्न खोज्ने विक्षिप्त हनुमानलाई मूर्खका रूपमा प्रस्तुत गरिएको छ ।

शासकहरूको विभिन्न रूपधारी अनुहारलाई जनताले छर्लङ्ग चिनि सकेकाले उनीहरूको अब कुनै प्रकारको शक्ति नटिक्ने कुरालाई पनि यस कवितामा व्यक्त गर्न खोजिएको देखिन्छ ।

यस सङ्ग्रहका धेरैजसो कविताहरूमा तत्कलीन परिस्थिति एवम् शासन सत्ताको चित्रण कुनै न कुनै रूपमा गरिएको पाइन्छ । कतै शासन सत्ताले राष्ट्र बेचेको कुरा, कतै जनताको मुक्ति युद्धलाई दमन गर्न नर संहार गरेको कुरा र कतै विभिन्न जासुस र सुराकीका भरमा क्रान्तिकारी योद्धाहरूलाई हत्या गरी नानीहरूलाई टुहुरा बनाएको सर्न्दभलाई प्रस्तुत सङ्ग्रहका कविताहरूले व्यक्त गरेका छन् । शासकहरूका विभिन्न रूपको तथा भूमिकाहरूको पनि चित्रण गरिएको प्रस्तुत कवितामा शासकहरूको त्यस्ता व्यवहारको विरोध र सुन्दर गणतान्त्रिक र जनवादी राज्यसत्ता स्थापनाको कामना पनि गरिएको भेटिन्छ ।

### ४.१.४ उदात्त महाख्यानको प्रस्तुति

जनयुद्ध नेपाली समाजको विशिष्ट परिघटना हो । यसले नेपाली समाजमा विभिन्न मह□वका प्रभावहरू सिर्जना गर्दै उदात्त इतिहास निमार्णलाई मुख्य ध्येय बनाएको देखिन्छ । पुराना मूल्य, मान्यता, संस्कारको अन्त गरी नवीन मूल्य स्थापना गर्न जनयुद्धले मुख्य भूमिका निर्वाह गरेको देखिन्छ । सबै जाति, क्षेत्र, लिङ्गमा आएको चेतनाको लहर तथा जनयुद्धप्रतिको समर्थनले यसको प्रभावलाई बढवा दिएको हो । सबैखाले कुरूपताको अन्त गरी महान र सुन्दर इतिहास निर्माणमा जनयुद्धले खेलेको भूमिकालाई कवि पूर्ण विरामले पनि आफ्ना कवितामा स्थान दिएको भेटिन्छ । प्रस्तुत सङ्ग्रहका कविता पनि कविले जनयुद्धका क्रममा प्रदर्शित उदात्तताको महाख्यानलाई लेखन गर्ने प्रयत्न गरेका छन् । 'दिदीको हालखबर' शीर्षक कवितामा दिदीको वर्णन यसरी गरिएको छ -

दिदीले आफ्नो उध्रेको चेली पनि सिउन छाड्नु भएछ
देश उध्रेको छ भनेर बडो मार्मिक बात मार्न थाल्नुभएछ
सियो बोकेर आफ्नो गाँउभित्र मध्यान्हमै घुम्न थाल्नुभएछ
अर्काको पसिनाको सर्बत खान पल्केकाहरूलाई
मौका पर्न बित्तिकै सियोले च्वास्स-च्वास्स घोच्न थाल्नुभएछ ।

(पृ.१९)

जनयुद्धले गाउँ घरका महिला दिदी-बहिनीमा सकारात्मक प्रभाव परेको तथा उनीहरूले जनयुद्धलाई हर तरहले सहयोग गर्न थालेको कुरालाई यस कवितामा व्यक्त गरिएको छ । हिजोका महिलाहरू आज अर्कै स्वरूपमा देखा पर्न थालेको तथा उनीहरूको भूमिका फेरिएको कुरालाई पनि

यहाँ व्यक्त गरिएको छ । सामाजिक मूल्य-मान्यताहरूलाई त्यागेर नवीन मूल्य स्थापना गरी क्रान्तिमा सहभागी हुने महिलाहरूले उदात्त इतिहास निर्माणमा सशक्त भूमिका निर्वाह गरेको कुरालाई पस्तुत कविताले स्पष्ट पारेको छ । सोही कवितामा जनयुद्धप्रति दिदीले गरेको सकारात्मक भूमिकालाई यसरी वर्णन गरिएको छ -

दिदीले गाउँखाने कथा पनि हाल्न छोडनुभएछ
तुलसीदासकृत रामायणको दोहा पनि गुनगुनाउनु छोड्नुभएछ
दिदीले गाउँमा जनयुद्धका बारेमा पो बताउन थाल्नु भएछ
एडिज पर्वतको पनि सविस्तार वर्णन गर्न थाल्नुभएछ
झमक्क साँझ परेपछि बालिएको टुकीलाई
अभिवादन गर्न पनि छोड्नुभएछ
दिदीले खुट्टा बजारेर गोञ्जालोलाई सलाम गरें भनेर भन्नु थाल्नुभएछ
दिदीले म जन्मेको दिन पनि बिर्सिसक्नु भएछ
माओसेतुङ जन्मेको दिनको र समयको पो
दिदीले हेक्का राख्न थाल्नुभएछ
छापामारको दीर्घायुको कामना गर्नुहुन्छ दिदी
र गर्नुहुन्छ हृदयदेखि नै जनयुद्धको विस्तार होस् भन्ने कामना
दिदीले अन्य कामना गर्न छाड्नुभएछ
दिदीले कस्तो राम्रो कामना पो गर्नु थाल्नुभएछ ।

(पृ. २०)

जनयुद्धमा महिलाहरूले घरयसी कामकाज छाडेर, पुराना रुढि र कुसंस्कारलाई त्यागेर नवीन इतिहास लेखनका लागि गरेको योगदानलाई यस कवितामा चर्चा गरिएको पाइन्छ । अबका महिलाहरू, दिदीहरू जनयुद्धको महानताको गाथा गाउन थालेको छन्, उनीहरूले माओत्सेतुङ, गोञ्जलोको वर्णन गर्न थालेका छन् छापामारको दीर्घायुको कामना गर्न थालेका छन् । जनयुद्धको विस्तारको कामना गर्न थालेका छन्, हिजोका महिलाले गाउँखाने कथा हाल्ने, रामायणको दोहा गुन गुनाउने कामलाई छाडेका छन् । प्रस्तुत कवितामा नयाँ आख्यान, उदात्त आख्यानको निर्माणार्थ महिला दिदीहरूले जनयुद्धमा देखाएको योगदनलाई प्रशंसा समेत गरिएको छ ।

### ४.१.५ राष्ट्रियताको भावना/राष्ट्रिय स्वाभिमानप्रतिको सचेतता

कवि पूर्ण विराम राष्ट्रियताप्रति सचेत कवि  हुन् । पूर्ववर्ती कविताहरूमा जस्तै यस सङ्ग्रहका कवितामा पनि राष्ट्रघातीहरूको विरोध गरी तिनीहरूका विरूद्ध सङ्घर्ष गर्दै राष्ट्रिय

स्वाभिमानको रक्षा गर्नु पर्ने कुरामा जोड दिइएको छ । 'वरवधु दुवैले विद्रोह गर्नुपर्ने बेला भयो' शीर्षक कवितामा कविको राष्ट्रियताप्रतिको सचेततालाई यसरी व्यक्त गरिएको छ -

मैले पनि अब केवल कोठामा  राखेर आफूलाई
राष्ट्रभक्त छु भन्ने देखाउने बेला गयो
राष्ट्रका निम्ति प्रज्वलित अग्निमा
शब्दको मात्र घ्यू हालेर मख्ख पर्ने बेला गयो
नाना थरीका उपमाहरू बटुलेर कवितामा
म राष्ट्रिय कवि हुँ भन्ने बेला पनि गयो
मैले पनि विद्रोह गर्नुपर्ने बेला भयो
कविता नै कवि हो भनेर प्रदर्शित गर्नुपर्ने  बेला भयो ।

(पृ.४८)

राष्ट्रियताको लागि अब कोठे बहस होइन विद्रोह गर्नुपर्ने बेला भएको कुरालाई यस कवितामा व्यक्त गरिएको छ । बोल्ने मात्र होइन अब काम गरेर देखाउनु पर्ने भन्दै कविले आफूले पनि कवितामा मात्र राष्ट्रियताको कुरा होइन व्यवहारमा पनि उतार्नु पर्ने कुराको बोध भएको विचार व्यक्त गरेका छन् । कवितामा जस्तै राष्ट्रियताका पक्षमा विद्रोह गर्नु पर्ने बेला आएको कुरा यहाँ प्रस्तुत गरिएको छ । कविले आफ्ना कवि जीवनका सापेक्षताबाट समग्र राष्ट्रप्रति सचेत समुदायहरूलाई राष्ट्रियताका लागि विद्रोह गर्न आग्रह गरेका छन् । 'कलमको वकपत्र' मा राष्ट्रघातीहरूका विरूद्ध सचेत रूपमा लड्नु पर्ने कुरालाई यसरी व्यक्त गरिएको छ -

मलाई तिमी प्रयोग गर्न सक्छै
र इच्छानुसार राष्ट्रघातीहरूका विरूद्धमा
कविता लेख्न सक्छौ
यसबाट केही हुन सक्ने छैन
राष्ट्रमाथि घात गर्नेहरूले
किन गर्न सक्दैनन्  र कविताहरूमाथि घातक हमला ?
मलाई आफ्नो खल्तीमा राखेर
सुरक्षित छु नठान यो सहरमा
के मानिसहरूलाई टोक्नु आगाडि
बारूलाहरूले टोक्नु अनुमति लिने गछन् ?

(पृ.७६)

राष्ट्रघातीहरूले अब कसैले बोलेको, लेखेको कुरा सन्नु छाडेकाले उनीहरूका विरूद्ध हतियार उठाउनु पर्ने कुरालाई यस कविताले सम्बोधन गर्न खोजेको देखिन्छ । कवितामार्फत राष्ट्रघातीहरूका बिरूद्ध जति आवाज उठाए पनि त्यसले केही नभएको बरू उल्टै त्यसका बिरूद्ध घातक हमला भएकाले अब सशक्त रूपमा हतियार उठाएर राष्ट्रघातीहरूलाई समाप्त पार्नु पर्ने कुरालाई कलम मार्फत व्यक्त गरिएको छ । राष्ट्रियताप्रति सचेत र जागरूक कवि पूर्ण विरामका कवितामा राष्ट्रियताका लागि पनि हतियार उठाएर क्रान्ति गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ ।

### ४.१.६ महिला मुक्ति र नारी संवेदनाको चित्रण

कवि पूर्ण विराम महिला मुक्तिको आवाज र नारी संवेदनालाई सशक्त रूपमा चित्रण गर्ने कवि हुन् । पूर्ववर्ती कविता सङ्ग्रहका कवितामा जस्तै यस कविता सङ्ग्रहका कवितामा पनि उनले नारीलाई विषय बनाई कविता लेख्नुका साथै कतिपय कवितामा महिला मुक्तिका लागि आवाज समेत उठाएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका ‘दिदीको हालखबर’, ‘चोलो हेर्नेले मुटु देख्दैन’, ‘तत्काल मसँग सूर्य नमाग सावित्री’, ‘आयोजकको घोषणा र नेपाल सुन्दरी’ जस्ता कवितामा नारी संवेदना र महिला मुक्तिको सन्दर्भलाई व्यक्त गरिएको छ । ‘चोलो हेर्नेले मुटु देख्दैन’ शीर्षक कवितामा नारी संवेदनाको चित्रण यसरी गरिएको छ -

को भन्छ म यो देशमा
केवल आफ्नो भान्छामा, बसेर
तरकारी काट्दै केवल भात मात्र
पस्किरहेकी छु ?
अत्याचारी सरकारको विरूद्धमा
निहत्था खसम जुलुसमा जान लाग्दा
मेरो मन काटिन्छ कि काटिँदैन
खसमलाई देशको निम्ति
मैले पस्केकी छु कि छैन ?

(पृ. ४०)

श्रीमान्लाई आन्दोलनमा, जुलुसमा पठाएर क्रान्तिका लागि सहयोग गरेको कुरालाई यहाँ व्यक्त गरिएको छ । आफ्नो मुटु समान श्रीमानलाई आन्दोलनमा पठाउनु देशको निम्ति ठूलै सहयोग भएकोले नारीहरू भान्छामा भात मात्र पस्केर बस्दैनन् क्रान्तिका निम्ति क्रान्तिकारी योद्धाहरू पनि पस्कन सक्दछन् भन्दै महिलाको विद्रोही र क्रान्तिकारी संवेदनाको चित्रण यस

कवितामा गरिएको छ । 'दिदीको हालखबर' शीर्षक कवितामा महिला मुक्तिका लागि महिला दिदीहरूको सक्रियताको यसरी वर्णन गरिएको छ -

दिदीले सालको पात टिप्न छाड्नुभएछ
दुनो, बोतो र टपरी पनि बनाउन छोड्नु भएछ
दर्शनढुङ्गामा हँसियालाई घोटेर
त्यसको धारलाई मजबुत बनाउन थाल्नुभएछ
धारिलो हँसिया बोकेर गाउँमा विचरण गर्न थाल्नुभएछ
फटाहाको मुटुमा दिदीले ढ्याङ्ग्रो पो बजाउन थाल्नुभएछ ।

(पृ. १९)

परम्परागत घरायसी कामकाजबाट मुक्त भई आजका महिला दिदीहरू हतियार उठाई क्रान्ति गर्न तयार रहेको र महिला मुक्तिका लागि सक्रिय भएको कुरालाई प्रस्तुत कविताले स्पष्ट पारेको छ । गाउँ-गाउँमा हतियार बोकेर फटाहाहरूलाई हायल कायल पार्न पनि आजका महिलाहरू सक्षम भएको कुरा व्यक्त गरिएको छ । जनयुद्धले महिलाहरूमा ल्याएको परिवर्तन र महिला मुक्तिप्रति उनीहरूको जागरूकताले जनयुद्धमा धेरै महिला दिदी-बहिनीहरू सामेल भएको कुरालाई पनि प्रस्तुत कविताले सम्बोधन गर्न खोजेको देखिन्छ ।

कवि पूर्ण विरामले 'आयोजकको घोषणा र नेपाल सुन्दरी' कवितामा पूँजीवादी समाजले घोषणा गर्ने नेपाल सुन्दरी भन्दा मुक्ति युद्धमा सामेल गाउँकी महिला वास्तविक रूपमा नेपाल सुन्दरी हो भन्ने भाव व्यक्त गर्दै ग्रामीण महिलाहरूमा जनयुद्धले पैदा गरेको परिवर्तनको चित्रण गरिएको छ । 'तत्काल मसँग सूर्य नमाग सावित्री' शीर्षक कवितामा कविले आफ्नो जीवन संगिनीलाई क्षण भरमै जनयुद्धको उपलब्धि नखोज्न आग्रह गरेका छन् । कविको वैयक्तिक जीवनमा आइ परेका समस्या, अभाव र विचलनलाई पनि प्रस्तुत कविताले सङ्केत गर्न खोजेको देखिन्छ ।

### ४.१.७ बिम्व-प्रतीकको कुशल प्रयोग

कवि पूर्ण विराम बिम्ब-प्रतीकको सशक्त प्रयोग गर्ने कवि हुन् । पूर्ववर्ती कविता सङ्ग्रहका कवितामा जस्तै प्रस्तुत सङ्ग्रहका कवितामा पनि उनले बिम्ब-प्रतीकलाई कविताको मुख्य साधन ठानेका छन् । कवितालाई सुन्दर र कलात्मक बनाउन बिम्ब-प्रतीकको आवश्यकतालाई कविले राम्रैसँग बोध गरेको देखिन्छ । बिम्ब-प्रतीकको कलात्मक प्रयोगले नै उनका कविताहरू नारावादी बन्नबाट मुक्त छन् । 'बिचरो गुलाफ' शीर्षक कवितामा बिम्ब-प्रतीकको प्रयोग यसरी गरिएको छ -

काला कोटहरूको दौडाहाहरूको माझमा
काला बगलीहरू तयार गरिसकेको छस् जङ्गबहादुर तैंले
संविधानले छुल छुल्ती मुतिसकेको देख्दा पनि
बिचरो गुलाफलाई सुख भएन
झुण्ड्याइ दे बिचरो गुलाफलाई
धर्मभक्तलाई झुण्ड्याएजस्तै
सिफलमै आखिर तँलाई बिचरो गुलाफलाई
झुण्ड्याएकोमा कुनै बात लाग्ने वातावरण छैन ।
(पृ. २५)

यहाँ 'गुलाफ' क्रान्तिकारी योद्धा, क्रान्ति र क्रान्तिकारी बिचारको प्रतिक हो भने 'जङ्गबहादुर' निरंकुश शासक र शासन व्यवस्थाको प्रतिक हो । 'गुलाफ' र 'जङ्गबहादुर' आफैमा बिम्ब र प्रतिक दुबै हुन् । 'काला कोट' को बिम्बले सरकारी अधिकारीलाई व्यक्त गरेको छ । निरंकुश तानाशाही शासन र त्यसबेला त्यस्तो शासनको बिरोध गर्नेहरूले भोग्नु परेको पीडालाई यस कवितामा चित्रण गरिएको छ । 'संविधानले छुलछुल्ती मुत्नु' को बिम्बले तत्कालीन संविधानको संवैधानिकता सङ्कटमा परेको कुरालाई बिम्बित गरेको देखिन्छ । 'सन्दूसको हाटमा' शीर्षक कवितामा शासकहरूको बिम्ब यसरी उतारिएको छ -

कुनै सन्दूसबाट कालरात्रीकै कालो सर्प
वेशभूषा फेरेर निस्क्यो
एक दशक अगाडि अगुल्टोले हानेको कुकुर
प्रजातन्त्र मुकेर मानिसहरूलाई टोक्न
सन्दूसको हाटमा कुनै सन्दूसबाट निस्क्यो
देशलाई काठ बनाएर काठ काट्ने कीरो नै पनि
सन्दूसको हाटमा कुनै सन्दूसबाट निस्क्यो
बन्दुकलाई चम्चा बनाउँदै फोहोर रिकापीमा
लालीगुराँसको ब्रेकफास्ट, लन्च र डिनर गर्ने
क्षुद्र सारस समेत सन्दूसको हाटमा
कुनै सन्दूसबाट निस्क्यो ।

(पृ. ६३)

प्रस्तुत कवितामा नेपाली राजनीतिक बजार अथार्त् राजनीतिक परिदृश्यका रूपमा 'सन्दूसको हाट' को बिम्ब प्रस्तुत गरिएको छ । 'कालरात्रीको कालो सर्प', 'अगुल्टोले हानेको कुकुर', 'काठ काट्ने कीरो', 'क्षुद्र सारस' को बिम्बले तत्कालीन राजनीतिक नेताहरूलाई प्रतिबिम्बित

गरेको छ । पञ्चायत कालका हिमायती मानिनेहरू प्रजातन्त्र आएपछि पनि प्रजातन्त्रलाई सिद्ध्याउन त्यसकै हिमायती बनेर आएकोले राजनीतिक नेताहरूमा देखिएको बाँदरे, चैते प्रवृत्तिलाई उपरोक्त बिम्बहरूले सङ्केत गरेका छन् । राजनीतिक बजारमा देखिएका यस्ता अनेक खाले व्यक्तिहरूलाई यहाँ उपरोक्त बिम्बहरूद्वारा व्यक्त गरिएको छ । साथै तत्कालीन नेपाली राजनीतिमा देखिने यस्ता अनुहारप्रति कवितामा व्यङ्ग्य समेत प्रहार गरिएको छ ।

'लड्न जन्मेकाहरूले' कविता सङ्गहका कविताहरूमा विभिन्न बिम्बहरू प्रतिक, पुराकथा (मिथक), सन्दर्भहरूको प्रयोग गरेको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा 'यामिनी', 'जूनकिरी', 'चकचक' गरिरहेको अमावश्या', 'लालटिन', 'काला ख्याकहरु', 'महापातकी', 'हावा चलिरहेको क्षण', 'स्वयम्भूको नाकले बारूदको गन्ध सुँघ्नु', 'परेवाको रगतले रङ्गिएको परिवेश' 'निर्वस्त्र नाङ्लोको हावामा दही च्यूरा खाइरहेका माउसुलीका मेलाहरू', 'मेघ मडारिएको वातावरण', 'पहाडी भेगले बोकेको दूरबीन', 'हिमालको काख', 'गुलाफ', 'जङ्गबहादुर', 'संविधानले छुल छुल्ती मुत्नु', 'बन्दुकको उत्ताउलो सङ्गीत', 'जमिनमुनिको सूर्य', 'कालभैरवको काला नृत्यहरू', 'एकतारे बाजा', 'मानव अधिकारको भाषण गर्ने नागाबाबाजी', 'ठोक्ने मौसम', 'बकुल्लोको जिब्रो', 'सरकारका मुसाहरू', 'माली', 'कालरात्रीको कालो सर्प', 'अगुल्टोले हानेको कुकुर', 'काठ काट्ने कीरो', 'क्षुद्र सारस', 'गिद्ध', 'अजीव लुकमान', 'सन्दूसको हाट', 'घाइते जिब्राहरूको मेला', 'शव्दका बडवानलहरू', जस्ता बिम्बहरूको प्रयोग भएको भेटिन्छ । उपरोक्त बिम्बहरू मध्ये कतिपय बिम्बहरू जस्तै : 'जूनकिरी', 'काला ख्याक', 'स्वयम्भू', 'परेवा', 'जङ्गबहादुर', 'बकुल्लो', 'मुसा', 'कालो सर्प', 'गिद्ध', आदिले प्रतिकको काम पनि गरेका छन् । प्रस्तुत सङ्ग्रहमा 'महिषासुर', 'हेरोद', 'दुर्योधन', 'जरासन्ध', 'बीरबल', 'धृतराष्ट्र', 'सिकन्दर', 'बुसेफेसल', 'सुपर्णखा' 'हनुमान' जस्ता पौराणिक मिथकहरूको प्रयोग गरिएको छ । त्यसैगरी यस सङ्ग्रहमा 'माओत्सेतुङ्', 'नास्त्रेदमस', 'बोकासा', 'धर्मभक्त', 'जङ्गबहादुर', 'चियाङ चिङ', 'बाङमिङ', 'हिटलर', 'लुकमान', जस्ता ऐतिहासिक बिम्बको समेत प्रयोग गरिएको पाइन्छ ।

यस प्रकार बिम्ब-प्रतीकको सशक्त प्रयोग गर्ने पूर्ण विरामले सामाजिक, राजनैतिक, ऐतिहासिक, पौराणिक स्रोतका बिम्ब-प्रतीकको प्रयोग गरेका छन् । नवीन र मौलिक सन्दर्भमा बिम्ब-प्रतीकको प्रयोग गर्ने पूर्ण विराम बिम्ब-प्रतीकका कुशल प्रयोक्ता समेत हुन् ।

### ४.१.८ वौद्धिक तथा व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग

पूर्ण विराम कवितामा वौद्धिकताको अपेक्षा गर्ने कवि हुन् । त्यसैले उनलाई 'दुरुहताका कवि' (चापागाई, २०५१ : ३६) पनि भन्ने गरिन्छ । यद्यपि कवि पूर्ण विरामका सबै कविता दुरुह र जटिल छैनन् । बिम्व-प्रतीकको प्रयोगले तथा वक्रोक्तिमूलक, व्यङ्ग्यात्मक र व्यञ्जनात्मक शैलीका

कारणले उनका कविता वौद्धिक प्राज्ञिक पाठकका लागि विशेष सुहाउँदिला देखिन्छन् । तर कलात्मक रूपमै लेखिएका भएपनि धेरै कविताहरू सरल प्रकृतिका पनि छन् । भन्नुपर्ने कुरालाई सरल र सहज रूपमा व्यक्त गरिएका यस्ता कविता कोरा नारावादी भने छैनन् । 'लड्न जन्मेकाहरूले' कविता सङ्ग्रहमा पनि उनका मिश्रित भाषा शैलीका कविताहरू भेटिन्छन् । 'यस्तै छ हाम्रो संसार' शीर्षक कवितामा बोधगम्य भाषाको प्रयोग यसरी गरिएको छ -

कैयौं वर्षदेखि खान नपाएका
आँतहरूलाई रासनकार्ड दिन बन्दुक
बोकेर निस्केकाहरूले
आफ्नो आन्द्रा बटारिएपनि
बन्दुक बोकेर रासनकार्ड बाँड्दै हिँडिरहनुपर्छ
आफ्नै समूहबाट कसैले बन्दुक फालेर
आफूलाई आघात वितरण गरेपनि
आघात हजान पार्दै
बन्दुक बोक्नेले बन्दुक बोकेर हिंडिरहनुपर्छ

(पृ. ७२)

'रासनकार्ड', 'आघात', 'हजम', जस्ता जटिल शव्दको प्रयोग भए पनि बन्दुक बोक्ने योद्धाहरूले बन्दुक छाडेर क्रान्तिबाट पलायन हुनु हुँदैन भन्ने भावलाई अभिधात्मक रूपमा प्रस्तुत गरिएकाले यस कविता वोधगम्य र सरल प्रकृतिको नै देखिन्छ । 'सन्दूसको हाटमा' शीर्षक कवितामा बिम्व-प्रतीकको अधिक प्रयोगले जटिलताको सिर्जना यसरी गरिएको छ -

दैत्यको निम्ति गवुवा बोकेर
सदैव भैंसी दुहुने गरेको गोहार पनि
सन्दूसको हाटमा कुनै सन्दूसबाट निस्क्यो
मरिसकेको वाङ मिङको औंला पनि
सन्दूसको हाटमा कुनै सन्दूसबाट निस्क्यो
लालुपातेको शरहदबाट पतिया पुर्जी पाएर
सुपर्णखाको नाकको हबिगत भोगिरहेको
खुइलिएको लालुपातेको थुङगो पनि
सन्दूसको हाटमा कुनै सन्दूसबाट निस्क्यो

(पृ. ६३)

राजनीतिको फोहोरी मैदानमा देखिएका तथा कथित नेताहरूको चरित्र चित्रण गरिएको प्रस्तुत कवितामा 'दैत्य', 'गबुवा', 'गोहार', मरि सकेको वाङ मिङको औंला, 'लालुपातेको शरहद','पतिया पुर्जी', 'सुपर्णखाको नाक', 'खुइलिइएको लालुपातेको थुङ्गो', जस्ता सन्दर्भले कविता जटिल र दुरुह बन्न पुगेको छ । पङ्क्तिभरि बिम्व - प्रतिक र सन्दर्भको प्रयोग गरिएकाले प्रस्तुत कविता सर्व सामान्यका लागि दुर्बोध्य देखिन्छ । वौद्धिक - प्राज्ञिक पाठकले निकै कष्ट-मेहनतका साथ मात्र कवितालाई अर्थ्याउन सक्दछ । यसर्थ पूर्ण विराम तुलनात्मक रूपमा जटिल र दुरुहताका कवि भए पनि उनलाई पूर्णत : दुरुह र जटिल कविका रूपमा मात्र चित्रण गर्न सकिदैन । मिश्रित भाषा शैलीका वौद्धिक कविताले उनको कविता प्रवृत्ति रहेको देखिन्छ ।

पूर्ण विरामको अर्को पक्ष व्यङ्ग्यात्मकता हो । उनले पूर्ववर्ती कविता सङ्ग्रहमा जस्तै प्रस्तुत कविता सङ्ग्रहमा पनि व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेको भेटिन्छ । व्यङ्ग्यका माध्यमबाट उनले तत्कालीन शासक तिनका अत्याचार तथा शासन व्यवस्था प्रति प्रहार गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहको 'थुइक्क पूर्णे' आत्मव्यङ्ग्य शैलीको प्रयोग गरिएको उत्कृष्ट कविता हो । 'थुइक्क पूर्णे' कवितामा आफैंप्रतिको व्यङ्ग्य यसरी व्यक्त गरिएको छ -

आँसुले भिजेका दैलाहरूमा दीर्घकालीन हाँसोले
पोत्न हिँडेकाहरूलाई तेरो टाउको माथि सूर्य
बसिरहेको समय भित्र नै
हातमा बन्दुक बोकेर काल भैरवहरूले
काला नृत्यहरू प्रस्तुत गरे
मनमा के सोचेर तैंले काल भैरवहरूसँग
युद्ध गर्न तरवार उठाइनस्
काला नृत्यहरू गर्नेहरूका विरुद्धमा
के सोचेर तैंले रोदिमा नाच नाचिनस्
किन यस्तो बेलामा च्याम्ब्रुङ बजाइस्
किन बजाइस् ललहरी बोकेर च्याम्ब्रुङ् थुइक्क पूर्णे ।

(पृ. २७)

शासकहरूले बन्दुकका भरमा हत्या, आतङ्क चलाइ रहँदा त्यसका विरुद्ध हतियार उठाउन नसकेको एवम् उनीहरूका विरुद्ध आक्रमण गर्न नसकेको कुराप्रति आफैमाथि व्यङ्ग्य प्रहार गरिएको प्रस्तुत कवितामा आत्मव्यङ्ग्यका माध्यमबाट त्यत्रो अन्याय-अत्याचारलाई टुलु टुलु हेरेर बस्नेहरू प्रति व्यङ्ग्य प्रहार गरिएको छ । अन्यायपूर्ण शासन व्यवस्थाप्रति निरीह र नत

मस्तक भएर बस्ने समाज प्रति कविको व्यङ्ग्य देखिन्छ । व्यङ्ग्यको तीर आफूलाई सोझ्याएर त्यसको आघात अन्यत्रै प्रहार गर्ने शैली कवि पूर्ण विरामको मौलिक शैली रहेको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहका 'तपाईको म्यादी खाका', 'सन्दूसको हाटमा', 'आयोजकको घोषणा' र 'नेपाल सुन्दरी' जस्ता कवितामा पनि व्यङ्ग्यको प्रयोग भएको भेटिन्छ । भाव र शैली दुबैमा व्यङ्ग्यको सिर्जना गर्न सक्ने सामर्थ्य कवि पूर्ण विराममा रहेको पाइन्छ ।

## ४.२ निष्कर्ष

'लड्न जन्मेकाहरूले' कवि पूर्ण विरामको चौथो चरण अर्थात् जनयुद्ध कालीन चरणको दोस्रो कविता सङ्ग्रह हो । वि.सं. २०६४ पुसमा विवेक सिर्जनशील प्रकाशन द्वारा प्रकाशित प्रस्तुत सङ्ग्रहमा चौंतिस वटा कविताहरू रहेका छन् । वि. सं. २०५२ सालबाट सञ्चालित जनयुद्धलाई केन्द्रीय विषय वस्तुका रूपमा प्रयोग गरिएको यस सङ्ग्रहका कवितामा जनयुद्धले अवलम्वन गरेको मार्क्सवादी माओवादी बैचारिक मान्यतालाई दृढतापूर्वक आत्मसात गरेको देखिन्छ । जनयुद्धलाई दमन गरी सिध्याउने लक्ष्य बोकेको तत्कालीन शासन र सरकारको व्यवहारको प्रस्तुत सङ्ग्रहका कविताले विरोध गर्नुका साथै नयाँ गणतान्त्रिक राज्य व्यवस्थाको परिकल्पना पनि गरेका छन् । जनयुद्धले निर्माण गरेको उदात्त महाख्यानलाई कवि पूर्ण विरामले यस सङ्ग्रहका कतिपय कवितामा आलेखन गर्ने काम गरेका छन् । राष्ट्रघातीका विरुद्ध सशक्त विद्रोहको माग गरिएको प्रस्तुत सङ्ग्रहका कतिपय कविताले राष्ट्रिय स्वाभिमानको सङ्कट आइ रहेको तत्कालीन परिवेशको चित्रण समेत गरेको देखिन्छ । महिला मुक्ति र नारी संवेदनाको चित्रण गर्ने पूर्ण विरामले यस सङ्ग्रहका कवितामा पनि जनयुद्धले महिलामा ल्याएको जागरण र त्यसको प्रभावको कुशलतापूर्वक चित्रण गरेको देखिन्छ । विविध थरीका बिम्ब-प्रतीक पुराकथाको प्रयोग गरी कवितालाई कलात्मक र ओजपूर्ण बनाउने पूर्ण विरामको यस सङ्ग्रहका कवितामा पनि त्यसलाई कायमै राख्दै सरल जटिल दुबै प्रकारको भाषाको प्रयोग गरेको पाइन्छ । कवि पूर्ण विरामले आफैलाई थुकेर आत्मव्यङ्ग्यका माध्यमबाट समाजलाई घच घचाउने काम पनि यस सङ्ग्रहका कवितामा गरेका छन् । प्रस्तुत सङ्ग्रह पूर्ण विरामको चौथो चरणको जनयुद्धको उत्कृष्ट कवितात्मक दस्तावेजका रूपमा  रहेको देखिन्छ ।

# अध्याय पाँच

# पूर्ण विरामका जनयुद्ध कालीन फुटकर कविताका प्रवृत्तिहरू

## ५.१ विषय प्रवेश

कवि पूर्ण विरामको कविता यात्राको चौथो चरण अर्थात् जनयुद्ध कालीन चरणमा दुईवटा कविता सङ्ग्रहका अतिरिक्त ती सङ्ग्रहमा नपरेका तर विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका सय वटा कविताहरू प्राप्त भएका छन् । वि.स. २०५२ सालदेखि हाल सम्मको अविधिमा देशका विभिन्न भागबाट प्रकाशित पत्र पत्रिकामा उनका यी कविताहरू छरिएर रहेका छन् । प्राप्त सय कविताहरू मध्ये अधिकांश कविताको मिति, स्रोत खुलेको छ भने केहीको मिति स्रोत खुल्न सकेको छैन् । यहाँ उक्त सय कविताहरू मध्ये केहि प्रतिनिधि कवितालाई छनोट गरी त्यसकै आधारमा प्रवृत्तिहरूको अनुशीलन गरिएको छ ।

### ५.१.१. केन्द्रीय विषय वस्तुका रूपमा जनयुद्धको प्रयोग

कवि पूर्ण विरामका यस चरणमा प्राप्त फुटकर कविताहरूको केन्द्रीय विषयवस्तु पनि जनयुद्ध नै रहेको देखिन्छ । जनयुद्धका क्रममा अभिव्यक्त विचारहरूलाई उनले यस चरणका कवितामा पनि स्थान दिएका छन् । जनयुद्धका क्रममा पूर्णतः समर्थन जनाई सम्पूर्ण मानव मुक्तिको महायज्ञका रूपमा मान्ने काम कविले गरेका छन् । यस क्रममा उनले जनयुद्धको औचित्य र महिमा पुष्टि गर्ने काम समेत गरेका छन् । 'घोषित युद्धको दूरबीन वरिपरि' शीर्षक कविताामा जनयुद्धको मार्मिक चित्रण यसरी गरिएको छ -

मैले कोपरिरहेको चिम्नीको मुखबाट
उही पुराना धुवाँका मुस्लाहरू निस्किरहेका छन्
संगिनको सहारा बोकेर चिम्नीको मुखबाट
उही मुर्दाको साथमा काला ख्याक र पिचाशहरू निस्किरहेका छन्
च्याङ्वाको प्राण चुसिसकेका बोक्साहरू
रजाइको अवधि गीत गाउँदै
मैलै कोपरिरहेको चिम्नीको मुखबाट भकाभक निस्किरहेका छन्
जे-जे निस्किरहेका छन्
मेलै कोपरिरहेको
हाइड्रोजन ग्यास सकिएको वेलुन जस्ता भएर
सडकमा पछारिएर फुट्नका निम्ति निस्किरहेका छन्

घोषित युद्धाको दूरबीन वरिपरि
कपास जस्तो हलुका भएर हावासँग उड्ने
सामाग्रीको रूप धारण गरेर निस्किरहेका छन् ।

('जनादेश' २०५६ साउन ४ गते)

जनयुद्धमा तत्कालीन शासक वर्गले गरेको हत्या, आतङ्क र दमनको सजीव चित्रण यस कवितामा गरिएको छ । जनयुद्धका क्रान्तिकारी योद्धामाथि काला ख्याक र पिशाच बनी संगीनले रोप्दै रजाइको गीत गाउने अत्याचारी शासकको चित्रण गरिएको प्रस्तुत कवितामा त्यस्ता शासकहरू हावा सकिएको वेलुन जस्तो भएर सडकमा पछारिने विचार समेत व्यक्त गरिएको छ । शासन सत्ताले जनयुद्ध र त्यसका योद्धाहरू माथि गर्ने निर्मम दमन, हत्या र आतङ्कको परिवेशलाई यस कविताले सशक्त रूपमा अङ्कन गरेको छ । 'मेरो भू-भागको नयाँ मानिस' शीर्षक कवितामा जनयुद्धको औचित्य यसरी व्यक्त गरिएको छ -

डुङ्डुङ्ती गन्हाइरहेको चुल्ठोमा तेजाव वर्षाएर
एक प्रकारले अन्यन्तै विशिष्ट उत्पात मच्चाइरहेका छौ
बन्दुकै बन्दुकको बार बोकोर नांगा आङ्का निम्ति
एक प्रकारले कपासको बिउ जताततै निरन्तर छरिरहेका छौ
एक प्रकारले तिमी मेरो भू-भागको नयाँ मानिस बनिरहेका छौ ।

('जनादेश ' २०५४ माघ ७)

जनयुद्धले भोका, नाङ्गाहरूको मुक्तिका लागि निरन्तर काम गरिरहेको कुरालाई यहाँ व्यक्त गरिएको छ । जनयुद्धका छापामारहरूले शासकहरूको विरूद्ध आतङ्क र उत्पात मच्चाए पनि त्यसले भोका-नाङ्गा, गरीव, दुखीहरूलाई भने उत्साह पैदा गरेको कुरालाई यस कवितामा व्यक्त गरिएको छ । नयाँ मानिसका रूपमा उदाएका जनयुद्धका योद्धाहरूले जनतालाई गास, बास, कपासको व्यवस्था गर्न निरन्तर क्रान्तिलाई अगाडि बढाइ रहेको कुरालाई यस कवितामा स्पष्ट पारिएको छ । जनयुद्ध आतङ्कको सौन्दर्य हो भन्ने कुरालाई पनि प्रस्तुत कविताले प्रमाणित गरेको छ । विशिष्ट उत्पात मच्चाउनुले जनयुद्धको आताङ्कको सौन्दर्यलाई पुष्टि गर्दछ । 'यस्तो देशमा सबै जन्मिऊन' शीर्षक कवितामा जनयुद्धमा उत्साहबर्द्धक सहभागिताको चित्रण यसरी गरिएको छ -

जवान छोराका परिश्रम मार्फत
आफ्ना बुढा आँतहरूमा भोजन खसालेर
जीवन गुजारा गर्न हुने
आमाहरूले पस्किदिनुभयो

आफ्ना भोजनमा प्रबन्धलाई लत्याएर
मेरो सपनाको निम्ति आफ्ना जवान छोराहरू
म यस्ता आमाहरूले भरिएको देशमा
जन्मन पाएकोमा गर्व गर्छु
म मेरो अधीनमा रहुन्जेल आफ्नो निधार
म यस्ता आमाहरूका पाउमा
निसंकोच आजीवन राख्छु आफ्नो निधार

('जनदेश', २०५३ साउन ८)

यहाँ बुढा बुबा आमाले आफ्नो बुढेस कालको एक मात्र सहारा छोरालाई जनयुद्धमा पठाएर गरेको अमूल्य योगदानप्रति आभार व्यक्त गरिएको छ । खाने, लाउने सबै व्यवस्था छोराले नै गरेको अवस्थामा छोरालाई जनयुद्धमा सम्पेर आफु एक्लै दु:खपूर्ण रूपमा बाँच्न समेत तयार रहेका बा-आमाप्रति कवितामा गर्व गरिएको छ । जनयुद्धको क्रममा धेरै बुवा-आमाले आफ्नो एक मात्र सहारा जवान छोराहरूलाई क्रान्तिमा सामेल हुन मात्र पठाएनन् बलिदानीको कोटा समेत पुऱ्याए । त्यस्ता महान वुवा आमाको सम्मानमा प्रस्तुत कविता केन्द्रित रहेको छ । यस्ता आमा बुवा जसप्रति देश नै ऋणी छ त्यस्ता आमा बुवा अझै जन्मिऊन भन्ने अपेक्षा पनि कविताले राखेको पाइन्छ । जनयुद्धको सफलताका लागि महान् योद्धाहरूको अदम्य साहस र वीरता आवश्यक पर्ने भएकाले सबै आमा-बुवाले आफ्ना जवान छोराहरूलाई समर्पण गरेर समग्र मानव मुक्तिका लागि त्याग गर्न पनि प्रस्तुत कविताले आग्रह गरेको देखिन्छ ।

### ५.१.२ तत्कालीन अन्यायपूर्ण शासन व्यवस्थाको विरोध

कवि पूर्ण विरामका कवितामा शासन व्यवस्थाले सञ्चालन गरेको हत्या, आतङ्क, दमन जस्ता अन्याय, अत्याचारपूर्ण कदमहरूको विरोध र त्यसप्रति रोष प्रकट गरिएको पाइन्छ । पूर्ववर्ती दुइ कविता सङ्ग्रहमा जस्तै सङ्ग्रहमा नपरेका फुटकर कविताहरूमा पनि उनले तत्कालीन अन्यायपूर्ण शासन व्यवस्थाको विरोध-गरेको देखिन्छ । 'हत्यारा ! तँ किन हल्ला गर्छस नेपालमा' शीर्षक कवितामा हत्यारा शासकहरूप्रति यसरी रोष प्रकट गरिएको छ -

'हत्यारा ! तँ किन हल्ला गर्छस
मेरो तीर्थ गौतमलाई तैले बन्दुकले मारें भनेर
तँसगँ भएका क्षेयास्त्रहरूले केही नोक्सान पुऱ्याउन नसक्ने
छापामारहरू जन्मिसकेको मेरो देश नेपालमा

.........................................

महाकान्तिको निम्ति परेवाहरूले समेत

आफ्ना चुच्चाले भ्याएसम्म बारूद ओसारिसकेको मेरो देश नेपालमा

('जनदेश' २०५४, वैशाख २४)

यहाँ विदेशी आडमा हत्या, आतङ्क मच्चाइ रहेको तत्कालीन शासन सत्तालाई जनयुद्धलाई समाप्त पार्ने दिवास्वप्न नदेख्न चुनौति दिइएको छ । तीर्थ गौतमलाई हत्या गरेर उत्साहित भएका शासकहरूलाई एउटा तीर्थ गौतमको हत्याले सैयौं तीर्थ गौतम जन्माउने कुराको हेक्का राख्न हत्यारा शासकहरूलाई आग्रह गरिएको प्रस्तुत कवितामा क्रान्तिका निम्ति परेवाहरूले समेत चुच्चाले बारूद ओसोर्न थालेको बेलामा यसलाई समाप्त पार्न कुचेष्टा नगर्नका लागि चेतावनी पनि दिइएको छ । तत्कालीन शासकका मतियारहरूले साम्रज्यवादी, विस्तारवादी आडमा हत्या, आतङ्क चलाई न्यायपूर्ण जनताको युद्धलाई दमन गर्न लागि परेकोप्रति कवितामा रोष प्रकट गरिएको छ । 'तिमीलाई चेतना भया' शीर्षक कवितामा दमनकारी शासकहरूलाई यसरी चेतवानी दिइएको छ -

महान् यात्रामा हिडेका यात्रुहरूका गोडाहरूमा तरवार बोकेर

तिमीले आजीवन प्रहार गरिरहेपनि

महान यात्रामा कुनै कमी नआउने

कुराको तिम्रीलाई चेतना भया

केही यात्रुका गोडाहरू छिनालेकोमा

तिमी खुनीमा दर्ता भइसकेका छौ

आफू खुनीयाँ भएको कुराको तिमीलाई चेतना भया ।

(जनादेश, २०५४, चैत ११)

जनयुद्धको महान् मुक्ति यात्रामा हिँडेका योद्धाहरूमाथि शासकहरूले जति सुकै आक्रमण र दमन गर्न खोजे पनि त्यसले जनयुद्धको महान् यात्रामा कुनै पनि कमी नआउने बरू झनै वृद्धि हुने कुराको हेक्का शासकहरूलाई होस् भन्ने विचार यस कवितामा व्यक्त भएको छ । केही योद्धाहरूलाई हत्या गरेर खुसी भएका शासकहरू हत्यारामा दर्ता भइ सकेको स्थितिमा हत्यारा शासकको कुनै हैसियत नरहने कुराप्रति पनि कवितामा सम्बोधन गरिएको छ । तत्कालीन शासन सत्ताले जनयुद्धको महान् मुक्ति यात्रामा सामेल भएका योद्धाहरूमाथि सञ्चालन गरेको निर्मम दमन, हत्या, आतङ्कको चित्रण गर्दै जस्ता शासकहरूलाई आफ्नो समाप्तिको दिन नजिकै आइ रहेकोप्रति कवितामा सजग गराइएको छ । 'समय आएको छ' शीर्षक कवितामा राष्ट्रघाती शासकप्रति यस्तो विचार व्यक्त गरिएको छ -

देश ताछ्नेहरूले अत्यन्तै क्रूर भएर
देश ताछिरहेका यथार्थ सहजै देखिने
समय आएको छ
देश ताछनेका विरूद्धमा जो-जो हिँडिरहेका छन्
तिनको दीर्घायुको कामना गर्नुपर्ने समय आएको छ
बरू आलु नताछिकनै खाउँला भन्दै
आलु ताछ्ने औजार
देश ताछ्नेका विरूद्धमा हिँडिरहकोहरूलाई
अत्यन्तै गोप्य रूपमा
हस्तान्तरण गर्नुपर्ने समय आएको छ ।

('जनादेश' २०५४ साउन २१)

देशलाई ताछ्ने राष्ट्रघातीहरूलाई तिनीहरूका विरूद्धमा क्रान्तिको जेहाद छाड्नु पर्ने बेला आएको कुरालाई यहाँ व्यक्त गरिएको छ । राष्ट्रघाती सम्झौता गरेर, सीमा मिच्नेहरूलाई कुनै कारबाही नगरेर राष्ट्रघाती काम गरि रहने शासकहरूलाई सशस्त्र युद्धद्वारा निस्तेज पार्नु पर्दछ भन्ने भाव यस कवितामा व्यक्त भएको छ । राष्ट्रघातीहरूका विरूद्ध हतियार सङ्कलन गर्दै क्रान्तिकारीहरूलाई हस्तान्तरण गर्नु पर्ने र क्रान्तिलाई सशक्त बनाउनु पर्ने कुराको जोड प्रस्तुत कवितामा दिइएको छ । देशभित्रकै राष्ट्रघातीहरूका विरूद्ध केन्द्रित यस कविताले राष्ट्रिय मुक्ति युद्धको आवश्यकतातर्फ सङ्केत गरेको देखिन्छ ।

जनयुद्ध कालीन चरणका फुटकर कवितामा 'हाम्रो बाली खान निस्केका हुन् सलहहरू', ( 'पयर' २०५२ भदौ-पुस), 'यो सरकरले कसलाई के दिने छ' ('जनादेश' : २०५२ मंसिर २०), 'हवल्दारको अर्जी' ('महिमा', २०५३, बैशाख १९), 'उनीहरूको आदेश छ भने हामीलाई पनि आदेश छ' ('उभार',२०५३), 'तपाइँहरूले गर्नुभएको कुरा यो देशमा ठयाम्मै मिलेन' ('जनादेश', २०५३ चैत २४) 'निर्दयी सत्ताले वेदनाको हत्या गर्दा' ('महिमा' २०५४ कार्तिक ९) 'शत्रुको धराप भित्र' ( 'महिमा', २०५६ जेठ १५) आदि कवितामा तत्कालीन शासन सत्तको जनयुद्ध विरोधी गतिविधिको चित्रण तथा त्यसको विरोध गरिएको छ । साथै तत्कालीन शासन व्यवस्थाको अन्यायपूर्ण, अत्याचारपूर्ण गतिविधिको विरोध गर्दै न्यायपूर्ण र समानतामा आधारित शासन व्यवस्थाको परिकल्पना समेत गरिएको देखिन्छ ।

### ५.१.३ राष्ट्रियताप्रतिको सचेतता

कवि पूर्ण विरामले आफ्ना कविताहरूमा राष्ट्रियतालाई महत्त्व दिँदै आएको पाइन्छ । पूर्ण विरामका जनयुद्ध कालीन चरणका सङ्ग्रह इतरका कविताहरूमा राष्ट्रिय भावना, राष्ट्रियता प्रतिको सचेतता प्रदर्शित भएको छ । राष्ट्रघातीहरूले देशलाई कमजोर बनाएको, विस्तारवादी-साम्रज्यवादीहरूले राष्ट्रिय स्वाभिमानमाथि खलल पुऱ्याएकाले त्यस्ताका विरूद्ध क्रान्ति गर्नु पर्ने कुरालाई कुरालाई समेत कविले जोड दिइएको पाइन्छ । 'सबैले बनाउन सक्छन् देश' शीर्षक कवितामा देश बचाउन र बनाउन कविहरूलाई यसरी आग्रह गरिएको छ -

हरेक राष्ट्रमा त्यहि राष्ट्रका राष्ट्रिय दुम्सीहरूले
या हरेक राष्ट्रमा आफ्ना विषालु काँढाले
घोचेर आतङ्क मच्चाइरहेको अन्तराष्ट्रिय दुम्सीले
दिएको घाउको कविता लेखिरहनु भएका कविहरू
कसले भन्छ तपाइँहरू कविता मात्रै लेख्ने सामर्थ्य राख्नु हुन्छ
देश बनाउन पटकै जान्नु हुन्न
कविता मात्र बनाउन जान्नु हुनछ
हेनुहोस् झ्यालबाट बाहिर र देश लगायत
देशबाट बाहिर
राष्ट्रिय या अन्तराष्ट्रिय दुम्सीलाई गाड्न
आगोले जमिन खनिरहेको छ
जमिन खन्ने अभियानमा प्रत्यक्ष संलग्न हुनुहोस
र कविहरूले पनि राष्ट्रिय वा अन्तराष्ट्रिय दुम्सीको
निम्ति चिहान खनेर देशहरू सुन्दर बनाएको
देखाइ दिनु होस् ।

('जनादेश' २०५२ भदौ २०)

राष्ट्रिय र अन्तर्राष्ट्रिय दुम्सीहरूलाई समाप्त पार्न कविहरूलाई अग्रह गरिएको प्रस्तुत कवितामा प्रतिकात्मक रूपमा दुम्सीका मार्फतबाट राष्ट्रघाती, दलाल, षडयन्त्रकारी र हस्तक्षेपकारी शक्तिलाई सङ्केत गरिएको छ । स्वदेशी दलाल र विस्तारवादी साम्राज्यवादी दलाल दुबैलाई समाप्त पार्ने अभियानमा आजका कविहरूले राष्ट्रियताको मुद्दालाई कविताको मुख्य विषय बनाउनु पर्ने कुरामा यस कविताले जोड दिएको पाइन्छ । कविहरू कविता मात्र लेख्न जान्दैनन्, अवश्यक परेमा देशी विदेशी राष्ट्रघाती दलालहरूलाई गाड्नलाई चिहान पनि खन्न सक्दछन्

भन्ने कुरालाई यहाँ व्यक्त गरिएको छ । प्रस्तुत कवितामा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा रहेका दलालहरूले राष्ट्रिय स्वाभिमानमा आँच आउने काम गरि रहेकाले त्यस्तालाई निस्तेज पारी स्वतन्त्र र स्वाधीन एवम् सुन्दर राष्ट्र निर्माणको अभियानमा सबै लामबद्ध हुनुपर्ने कुरातर्फ सम्बोधन गरिएको छ । 'मेरो आफ्नो एक भोट' कवितामा राष्ट्रिय स्वभिमानप्रति यस्तो विचार व्यक्त गरिएको छ -

असमान सन्धिलाई चिथोरेर
र विस्तारवादको नायकसँग भएको दौत्य सम्बन्ध
खाली सिसी सडकमा बजारेर क्षत-विक्षत पारेजस्तै
चकनाचूर पार्ने किरिया खानुहुन्छ भने
मेरो एक भोट तपाईलाई
यदि तपाईँ त्यसो गर्न सक्नुहुन्न भने
मेरो आफ्नो एक भोट के के लागि तपाईंलाई ?

'(जनादेश' २०५४ जेठ ७)

सत्तामा रहँदा विस्तारवादी नाइकेहरूसँग असमान राष्ट्रघाती सन्धिहरू गर्ने तर सत्ताबाट बाहिरिएर चुनावमा भोट माग्न जाँदा विभिन्न आश्वासन दिने नेताहरूलाई राष्ट्रियताको मुद्दालाई चुनावको मुख्य मुद्दा बनाउन प्रस्तुत कवितामा आग्रह गरिएको छ । सन् १९५० लगायतका असमान सन्धिहरूको खारेज गर्ने र विस्तारवादी नायकसँग भएका राष्ट्रघाती सम्झौताहरूलाई जलाउने सर्तमा मात्र भोट दिने जवाफ चुनावमा भोट माग्न आउने नेताहरूलाई फर्काइएको यस कवितामा राष्ट्रिय राजनीतिक विसङ्गतिको चित्रण समेत गरिएको छ । भोट माग्न जाँदा ठूला-ठूला कुरा गर्ने तर सत्तामा पुगेपछि विभिन्न राष्ट्रघाती कामहरू गर्ने राजनीतिक नेताहरू प्रति प्रस्तुत कवितामा व्यङ्ग्य समेत प्रहार गरिएको छ ।

कवि पूर्ण विरामका जनयुद्ध कालीन चरणका फुटकर कविताहरूमा 'देशको परिस्थिति' ( 'जनादेश', २०५२ फागुन १), 'माटोमा लेख्नुपर्ने कथा' ('महिमा' २०५६ मंसिर २२) जस्ता कवितामा पनि राष्ट्रिय परिस्थिति र राष्ट्रियताप्रतिको सचेतता प्रकट भएको पाइन्छ । कवि पूर्ण विरामले राष्ट्रियताको सवाललाई पनि जनयुद्धकै सापेक्षतामा हेर्दै जनयुद्धबाट नै राष्ट्रियताको पनि संरक्षण र संवर्द्धन हुन सक्ने धारणा व्यक्त गरेको पाइन्छ ।

### ५.१.४ नारी संवेदनाको चित्रण

कवि पूर्ण विरामले जनयुद्ध कालीन फुटकर कविताहरूमा पूर्ववर्ती सङ्ग्रहका कविताहरूमा जस्तै नारीवादी दृष्टिकोणलाई यस चरणमा पनि स्थान दिएका छन् । जनयुद्धमा महिलाहरूको

सहभागिता तथा महिलाहरूले जनयुद्धमा पुऱ्याएको कुनै न कुनै योगदानलाई उनले यस चरणका कतिपय फुटकर कविताहरूमा अभिव्यक्ति दिएका छन् । नारी संवदेनालाई मह□व दिने कवि पूर्ण विरामले यस चरणका फुटकर कवितामा नारीहरूको वीरता, साहस, वलिदानी र त्याग आदिको चित्रण गर्नुका साथै जनयुद्धले नारीहरूमा ल्याएको परिवर्तनको तस्वीर अङ्कन गर्ने प्रयास समेत गरेको पाइन्छ । 'यस्तो देशमा सबै जन्मिऊन्' शीर्षक कवितामा महिला दिदीहरूले जनयुद्धका लागि गरेको त्याग र सहयोगलाई यसरी व्यक्त गरिएको छ -

मेरो सपनाको निम्ति आफ्ना कानका ढुङ्ग्रीहरू फुकालेर
मलाई तोपहरू खरिद गर्न ढुङ्ग्रीहरू अनुदान गर्ने दिदीहरू
आफ्ना नाकहरूमा सिन्काहरू घुसारेर
मलाई मेरो सपनाको निम्ति फुलीहरू हस्तान्तरण गरेर
आफ्ना नाकहरू बुच्चा राख्ने दिदीहरू
म यस्ता दिदीहरू भएको मुलुकमा
जन्मन पाएकोमा गौरव गर्छु
म यस्ता दिदीहरूलाई
म मेरो प्राण रहुन्जेलसम्म
सम्मान नै सम्मान प्रकट गर्छु ।

('जनादेश' २०५३ साउन ८)

कविको सपना अर्थत् जनयुद्धका निमित्त आफ्नो गरगहना फुकालेर क्रान्तिलाई सघाउने महिला दिदीहरूप्रति प्रस्तुत कवितामा गहिरो सम्मान प्रकट गरिएको छ । नेपाली जनयुद्धमा महिला दिदीहरूको उत्साहवर्द्धक सहभागिता बढेको सन्दर्भलाई यस कविताले बोध गराउँदछ । मानव मुक्तिको लागि गरिएको जनयुद्धले महिला मुक्तिको पक्षमा सशक्त पहल कदमी अगाडि बढाएपछि घर धन्दामा सीमित महिला दिदी बहिनीहरू नयाँ इतिहास निर्माण गर्न जनयुद्धमा कुनै न कुनै रूपमा सामेल भएको सन्दर्भलाई पनि प्रस्तुत कविताले पुष्टि गरेको छ । महिला मक्तिको सपनालाई अर्थात् सम्पूर्ण मानव मुक्तिकै सपनालाई युगौंदेखिको उत्पीडनबाट मुक्तिका लागि महिलाहरूमा आएको उत्साहको नव सञ्चारलाई यस कवितामा चित्रण गरिएको छ । 'निर्मलाले नलेखेको चिठ्ठी' शीर्षक कवितामा महिला सहिद निर्मलाप्रति यस्तो भाव व्यक्त गरिएको छ -

निर्मलालाई अगाध स्नेह गर्छौ भने
हरपल राख्ने गर अनेकोट नाउँ गरेको गाउँलाई आफ्नो आँखामा
झ्वाँलामा उफ्रिरहेको निर्मलाको शरीरमाथि गोलीहरू

वर्षिरहेका दृष्यहरू हरपल  राख आफ्नो टाउकोमाथि
प्रचलनमा रहेको श्रद्धञ्जली तिमीले निर्मलालाई दिनु पर्दैन
दुष्ट हेरोदहरूलाई  चिहान खन्ने सामग्री नै
निर्मलाको निम्ति नौलो श्रद्धाञ्जली हुनेछ ।

('जनादेश' २०५६ जेठ ११)

अनेकोटमा तत्कालीन सरकारका  पक्षबाट हत्या गरिएकी सहिद निर्मलाको सम्झनामा लेखिएको प्रस्तुत कवितामा निर्मलाको हत्यारालाई बदला लिनु नै उनीप्रतिको सही श्रद्धान्जली हुने कुरा व्यक्त गर्रिएको छ । अनेकोटमा निर्मलाको शरीरमाथि कैयौँ गोली बर्साउने हेरोदरूपी दुष्ट हत्याराहरूलाई चिहान खन्न तयार रहनु नै निर्मलाको निम्ति सच्चा श्रद्धाञ्जली भएको कुरा यस कवितामा  अभिव्यक्त भएको छ । महिला मुक्ति एवम् सम्पूर्ण मानव मुक्तिकै लागि जनयुद्धमा लागेकी निर्मलालाई निर्ममतापूर्वक हत्या गरिनुले तत्कालीन  शासन वर्गको अन्याय अत्याचारको पराकाष्ठालाई पनि यहाँ दर्साइएको छ । जनयुद्धमा क्रममा निर्मलाजस्ता धेरै महिलाहरूले सहादत प्राप्त गरि सकेको तर तिनीहरूको सपना एवम् उनीहरूको हत्यारालाई सजाय दिने काम अझै बाँकी नै रहेकाले क्रन्ति जारी राख्नुपर्ने र सहिदका सपना पुरा गरेर उनीहरू प्रतिको वास्तविक श्रद्धान्जली अर्पण गर्नै पर्ने कुरालाई यस कविताले मुख्य भावार्थका रूपमा व्यक्त  गरेको छ ।

कवि पूर्ण विरामका जनयुद्ध कालीन चरणमा 'निर्दयी सत्ताले वेदानाको हत्या गर्दा' ( 'महिमा' २०५४, कात्तिक, ९), 'तिमी निरक्षर भए पनि विद्यावारिधि हासिल गरेको देखियो' ( 'जनादेश' २०५४ फागुन १९)' 'जमुना बहिनी अब मैले कसको के कुरा गर्नु' ('गोरखापत्र' २०६५ असार), 'लेख्न थाल्छिन् सुश्री अनुजाले कविता' ('भुकुटी' २०६५), 'पौवाकी पौवालीलाई' ( 'सुनकोशी आवाज' २०६४ जेठ), 'श्रद्धाको म्याद (गोरखापत्र) 'सुभद्राले नपढ्ने कविता' (स्रोत नखुलेको), 'हापुरेकी बहिनी' (स्रोत नखेलेको) जस्ता कवितामा नारीलाई विषय बनाई नारी मुक्ति र नारी संवेदनाको चित्रण गरिएको छ ।

### ५.१.५ दलित मुक्ति र दलित सौन्दर्यको चित्रण

जनयुद्ध वर्गीय मुक्तिको लागि गरिएको सङ्घर्ष भएकोले त्यस क्रममा धेरै जाति तथा वर्गहरूले आफ्नो मुक्तिका लागि जनयुद्धमा साथ सहयोग गरेको पाइन्छ । दलित मुक्तिको सन्दर्भ पनि जनयुद्धको मुख्य मुद्दा थियो । जनयुद्धका क्रमका प्रथम सहिद दिल बहादुर रम्तेल पनि दलित हुनुले यो कुराको पृष्टि गरेको छ । दलित मुक्तिको सवाललाई पूर्ण विरामले पनि जनयुद्ध कालीन चरणका कतिपय फुटकर कविताहरूमा अभिव्यक्ति प्रदान गरेको भेटिन्छ । जनयुद्ध कालीन चरणका 'भालू खोलमा एकजना चर्मकार बस्छन्' ('जनादेश' २०५२ कात्तिक २१), 'नवीन दिशाको

मार्ग' (२०५२ जेठ ९), 'सबैले बनाउन सक्छन् देश' (२०५२ भदौ २०, जनादेश') कविता दलित मुक्ति र दलित सौन्दर्यसँग सम्बन्धित कविता हुन् । 'भालू खोलामा एकजना चर्मकार बस्छन्', शीर्षक कवितामा दलितप्रतिको सहानुभूति यसरी व्यक्त गरिएको छ -

निर्दयी अतीतले वितरण गरेको दरिद्रता र अभावबाट
शनै -शनै ख्याउटी भएर मरेकी
स्वास्नीको अनुहार खिचेको आँखालाई
बेला-बेलामा आँसुले हलुकासँग पखाल्दै
भालू खोलामा एकजना चर्मकार बसछन् !
देशवासीको जीवनस्तर उन्नत  भइसकेको
झ्याली बजिसकेको देशमा
भालू खोला देश बाहिर परेको जस्तै गरेर
भालू खोलामा एकजना चर्मकार बस्छन् ।

('जनादेश' २०५२ कार्तिक २१)

परापूर्व कालदेखि नै हेपिँदै, दलिँदै आएका दलितहरू अभाव र दरिद्रताले भोकभोकै अकालमा मर्नु परेको तथा उनीहरूको जीवन स्तर यथास्थितिमा रहि रहेको एवम् राज्यले समेत उनीहरूलाई उपेक्षा गरेको सन्दर्भलाई प्रस्तुत कविताले सम्बोधन गरेको छ । जनयुद्धको पूर्व सन्ध्यामा दलित मक्तिका लागि पनि भावी जनयुद्ध केन्द्रित हुनु पर्दछ भन्ने कुरालाई यस कविताले सङ्केत गरेको छ । भालु खोलामा बस्ने एकजना दलित चर्मकारलाई विषय बनाएको यस कवितामा भोकमरीले गर्दा चर्मकारले श्रीमती गुमाएको र उसको पनि सोही स्थिति हुन लागेको दयनीय स्थितिको चित्रण गर्दे सामाजिक कलङ्कका रूपमा रहेको दलित  प्रथाको अन्त्यका लागि जनयुद्धको आवश्यकता महसुस गरिएको देखिन्छ । 'सबैले बनाउन सक्छन् देश' शीर्षक कवितामा दलित सौन्दर्यको चित्रण यसरी गरिएको छ -

फलामलाई भरभराउँदो आगोमा पोलेर
कहिले खुकुरी कहिले चुपी र कहिले चुलेसी
बनाइरहनु भएका लोहाकर्मीहरू
कसले भन्छ तपाइँहरू हतियार बनाउन मात्र जान्नु हुन्छ ?
देश कसरी बनाउने तपाईहरूलाई थाहा छैन् ?
यस्ता बाइफालले भनाइहरूमा
कानका जालीहरू असरल्ल नओछ्याउनु होस्

सिम्टिकै रूखमा त तोप चराले सुकेका
झारहरू खोजेर सुन्दर गुँडहरू बनाउन सक्छ भने
तपाईँहरूले सुन्दर देश बनाउन नसक्ने कुरा नै छैन
उठाउनु होस् आफ्ना अधीनमा रहेका
धारिला खुँडाका सुन्दर नमुनाहरू र
देशलाई सुन्दर बनाउने अभियानमा सहभागी हुनुहोस्
देखाइ दिनुहोस हँसिया या खुर्पा या धुप्रिस
बनाउने हातहरूले कसरी बनाउन सक्छ सुन्दर देश ।

('जनादेश' २०५२ भदौ २०)

फलामको काम गर्ने लोहाकर्मी हतियार प्रयोग गर्न मात्र जान्ने होइनन् उनीहरू हतियारको प्रयोग गरी देशलाई सुन्दर बनाउन पनि सक्छन् भन्दै यस कवितामा हतियारलाई क्रान्तिका पक्षमा प्रयोग गर्नु पर्ने कुरातर्फ सङ्केत गर्न खोजिएको देखिन्छ । लोहाकर्मीहरू हतियार बनाउने पेशेवर ज्यामी मात्र होइनन्, उनीहरू सुन्दर देश बनाउने क्रान्तिका सौन्दर्य पनि हुन् भन्ने सन्दर्भलाई यस कविताले व्यक्त गरेको छ । दलितहरू तल्लो रूपमा गनिने हाम्रो मान्यताका विपरीत उनीहरू पनि सैन्दर्यका साधन हुन्, क्रान्तिका सौन्दर्य हुन् भन्ने कुराका माध्यमबाट यस कवितामा दलित सौन्दर्यको चित्रण गरिएको छ । 'मेरो आफ्नो एक भोट' शीर्षक कवितामा शिक्षामा दलितप्रतिको भेदभावको चित्रण यसरी गरिएको छ -

कट्टर तागाधारीहरूले मात्र पढ्ने वेदको
नयाँ संस्करण निकालेर चर्मकार लगायत
अन्य दलित जातिलाई जनही सुपथ मूल्यमा दिँदै
उनीहरूले पनि वेद पढ्न पाउने अधिकारको बारेमा
आफ्नो शरीरमा एक थोपा रगत रहुन्जेलसम्म
लड्ने किरिया देशलाई छोएर खानु हुन्छ भने
मेरो एक भोट तपाईलाई
होइन वेद विद्याश्रमको ढोकामा मार्नु हुन्छ भने
दलित जातिका निम्ति पुरानै भोटे ताल्चा
मेरो भोट के का लागि तपाईलाई ?

('जनादेश' २०५४ जेठ ७)

बाहुन, क्षेत्री लगायत जनै लगाउने जातिले मात्र पढन पाउने संस्कृत शिक्षालाई दलितहरूको पँहुचमा पुऱ्याउन सकेमात्र भोट दिने जवाफ प्रस्तुत गरिएको यस कवितामा राजनीतिक सत्ताका पहरेदारहरू प्रति व्यङ्ग्य गरिएको छ । जातीय भेदभावको कलङ्कलाई जतिसुकै ठूला भाषण गर्ने नेता र दलहरूले कहिल्यै हटाउन पहल नगरेको, आफ्नो नारामात्र बनाएकाले त्यस्ता नेताहरूलाई भोट किन हाल्ने ? भन्ने प्रश्न यहाँ व्यक्त गरिएको छ । जतिसुकै प्रजातन्त्र, लोकतन्त्र आएपनि सामाजिक रूढि, कुरीति, अन्ध विश्वास नहटेको तथा विकृति, विसङ्गति कायमै रहेकोप्रति यहाँ व्यङ्ग्य समेत प्रहार गरिएको छ ।

**५.१.६ बिम्ब-प्रतीकको सशक्त प्रयोग**

कवि पूर्ण विराम कवितामा बिम्ब र प्रतीकको प्रयोगलाई महत्व दिई कविता लेख्ने कवि हुन् । उनका पूर्ववर्ती सङ्ग्रहका कवितामा जस्तै उनले जनयुद्ध कालीन चरणका फुटकर कवितामा पनि बिम्ब र प्रतीकको सशक्त प्रयोग गरेको भेटिन्छ । कवितालाई सुन्दर र कलात्मक बनाउन बिम्व प्रतीकको प्रयोग आवश्यक पर्दछ भन्ने मान्यतालाई उनका कविताले चरितार्थ गरेका छन् । बिम्व प्रतीकको प्रयोगका माध्यमबाट कवितामा गेयात्मकता, रागात्मकता सिर्जना हुनुका साथै कविताको भावमा पनि ओजस्विता बढ्ने हुनाले उनका कवितामा यसको प्रयोग बहुल रूपमा भएको देखिन्छ । युद्धजन्य, नवीन मैलिक बिम्बहरूको प्रयोग गर्नु उनका कविताको बिम्ब प्रयोगगत विशेषता हो । 'निद्राको अभियानमा नबाचौं' शीर्षक कवितामा बिम्ब-प्रतीकको प्रयोग यसरी गरिएको छ -

सारा पापहरूको प्रायश्चित्त गरेर
बुद्धत्व प्राप्त गर्न लागेको अंगुलीमाललाई
हिटलरको पोशाक पहिऱ्याएदिएर
हिटलर बनाइ दिएको परिवेशमा
अक्षहरू जिब्रोले हल्लाउँदा
त्यसको परिणाम भयावह हुन्छ
कहाँ छोडेका छन् अक्षरहरू हल्लाउने
जिब्राहरूलाई यथेष्ट मात्रामा बेनम बोकेका
उनै पुराना सर्पहरूले ?

('जनादेश' २०५८ जेठ २२)

वि.स २०५८ जेठ १९ को दरबार हत्या काण्डलाई विषय बनाइएको यस कवितामा 'बुद्धत्व प्राप्त गर्न लागेको अंगुलीमाल' को बिम्वले तत्कालीन युवराज दीपेन्द्र र 'हिटलर बनाइएको

अंगुलीमाल' को बिम्वले हत्याकाण्डका आरोपी दीपेन्द्रलाई सङ्केत गर्न खोजिएको छ । 'अक्षरहरू जिब्रोले हल्लाउन नसक्ने' सन्दर्भमा तत्कालीन वाक् स्वतन्त्रताको बन्देज भएको अवस्थालाई बुझाएको छ भने 'बेनम बोकेका पुराना सर्पहरू' को बिम्बले व्यवहार नसुध्रेका पुरानै शासकहरूलाई प्रतिबिम्बत गरेको  पाइन्छ । जेठ १९ को हत्याकाण्ड पडयन्त्रमूलक थियो भन्ने कुरालाई यस कवितामा व्यक्त गर्न खोजिएको छ साथै उक्त हत्याकाण्डको बारेमा जन मानसले सत्य तथ्य जान्न पाउनु पर्ने भएकाले त्यसका  लागि सबैले जाग्नु पर्ने कुरालाई यहाँ व्यक्त गर्न खोजिएको छ । 'अंगुलीमाल' र 'हिटलर'ले अप्रस्तुत विधानद्वारा अर्थ सम्प्रेषण गरेकाले यी दुवै प्रतिकका रूपमा समेत आएका छन् । 'उज्यालोभित्र मध्यपुरले बुझ्नुपर्छ' शीर्षक कवितामा बिम्ब-प्रतीकको प्रयोग यसरी गरिएको छ -

अलिकति उज्यालो भित्र नवजात हेरोदको
रक्षार्थ मुकट्टाहरूले मार्च पास गर्न थालेका छन्
यसबेला मध्यपुर र त्यसको वरिपरि रहेका
शहरहरूले अब सपना देख्न मिल्दैन
बुद्धप्व प्राप्त गर्ने लालावालाहरूको गर्भाधारण
चिराइते उखु हुन नसक्ने कुरा
अलिकति उज्यालोभित्र कसले बुझेका छैनन् ?

('जनादेश' २०५८, जेठ २२)

यहाँ 'नवजात हेरोद' को बिम्बले दरबार हत्या काण्डपछि राजा भएका ज्ञानेन्द्र शाहलाई जनाएको छ भने 'नवजात हेरोदका रक्षार्थ मुकट्टाहरू'ले ज्ञानेन्द्रंको नियन्त्रणमा रहेका तत्कालीन शाही सेनालाई जनाएको छ । दरबार हत्या काण्डपछि जटिल बनेको परिस्थितिको चित्रण यस कवितामा गरिएको छ । काठमाडौं शहर र यसका वरपरका शहरमा हात्याकाण्डको विरोध गर्ने, आवाज उठाउने वातावरण शून्य रहेको कुरालाई 'यसबेला मध्यपुर... सपना देख्न मिल्दैन' भन्ने सन्दर्भले व्यक्त गरेको छ । चिराइतो सधैँ तितो हुने त्यो कहिल्यै उखु जस्तो गुलियो हुन नसक्ने कुराका माध्यमबाट शासकहरू सधै क्रूर, निर्दयी र तानाशाही नै हुन्छन्, यिनीहरू कहिल्यै बुद्ध बन्न सक्दैनन् भन्ने कुरा बोध गराएको देखिन्छ ।

पूर्ण विरामका जनयुद्ध कालीन फुटकर कविताहरूमा 'ट्राटस्कीले जाल हालिरहेको परिवेश', 'ब्रेजनेभका शुक्रकीटहरू', 'काला ख्याक', 'पिचाश', 'हाइड्रोजन ग्यास सकिएका बेलुन', 'लोप्पा चाटेका खुश्चेभका मैनाहरू', 'छत्रभङ्ग', 'राष्ट्रिय माकुरो', 'पीपहरू चाट्ने कुन्तीका तथाकाथित पतिहरू', 'पेटले बजाएको सङ्गीत', 'दुम्सी', 'मिसिसिपी जत्रो मुस्कान', 'खुश्चेभको कञ्चट

बोकेकाहरू', 'तोप चरा', 'चमेरा', 'गिद्ध', 'चील', 'बाज', 'जुका', 'मुर्कट्टा', 'चिराइतो', 'उखु', 'आदरणीय सइस', 'आइजन हावरको दलाल', 'हात्तिसुँडे वर्षात', 'नादीरशाहको नृसंश नृत्य', 'गिद्दको इशारामा नाच्ने कठपुतली', 'बामे सरिसकेके सूर्य', 'लालटिन', 'भाले मुड्ग्रो', 'समीरजङ्गको च्याङ्ग्रो', 'सलह', 'भालुखोला', 'सिंहानुक', 'तिमन', 'सकस', 'सिमोन', 'छेपारो', 'खोर्सानी बारीमा', 'मुमुक्षाका स्तोत्रहरू' आदि बिम्बहरूको प्रयोग भएको छ भने यिनै कतिपय बिम्बहरूले प्रतिकको समेत काम गरेका छन् । त्यसैगरी 'हिटलर', 'मुसोलिनी', 'ट्राटस्की', 'माओत्सतुङ', 'लेनिन', 'अक्टरलोनी' , क्लियोपेट्रा', 'हेरोद', 'श्रवणकुमार', 'अगुलीमाल', 'बुद्ध', 'जरासन्ध', 'कुम्भकर्ण', सुपर्णखा', 'इन्द्र', 'कौरव', 'कार्ल मार्क्स', 'बलभद्र', 'दुर्वासा' आदि ऐतिहासिक तथा पौराणिक बिम्बहरूको प्रयोग पनि जनयुद्ध कालीन चरणका फुटकर कवितामा भएको पाइन्छ ।

यसप्रकार कवि पूर्ण विरामले सामाजिक, राजनीतिक, पौराणिक, ऐतिहासिक स्रोतबाट बिम्ब-प्रतीकको छनोट गरी नवीन सन्दर्भ र मौलिक प्रस्तुतिकरणका माध्यमबाट तिनीहरूलाई कवितामा प्रयोग गरेका छन् । बिम्ब-प्रतीकको सशक्त प्रयोगद्वारा कवितालाई सुन्दर र कलात्मक बनाउन सक्नु कवि पूर्ण विरामको बिम्ब-प्रतीकसँग सम्बन्धित महत्वपूर्ण पक्ष हो ।

### ५.१.७ बैद्धिक एवम् व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग

कवि पूर्ण विरामका जनयुद्ध कालीन फुटकर कवितामा जटिलता उन्मुख मिश्रित भाषा शैलीको प्रयोग भएको पाइन्छ । बैद्रिक, प्राज्ञिक पाठकको अपेक्षा राख्ने पूर्ण विरामका जनयुद्ध कालीन फुटकर कविताहरू व्यङ्यात्मक, बक्रोक्तिमूलक तथा अभिव्यक्ति कौशलले निपुण व्यञ्जनात्मक सामर्थ्य राख्ने प्रकारका भेटिन्छन् । पूर्ण विरामका कवितामा प्रयोग भएका बिम्ब-प्रतीक, मिथक, पुराकथा तथा विभिन्न सन्दर्भहरूले उनका कविता जटिलता तर्फ उन्मुख रहे पनि प्रयोगवादी कविता जस्तो दुर्बोध्य भने देखिदैनन् । उनका जनयुद्ध कालीन फुटकर कविताहरू कतिपय सरल भाषा, शैलीका पनि भेटिन्छन् । 'तिम्रो इलाकामा हाम्रो उपस्थिति' शीर्षक कवितामा सरल भाषाको प्रयोग यसरी गरिएको छ -

चन्द्र निगाहापुरको कटहर राख्ने गोदाममा
कटहरको साटो खचाखच बन्दुक राखेर
हामी विना बन्दुक तिम्रो इलाकामा आएका छौं
अमलेखगञ्जमै फुकालेर
हामीले लाउने गरेको बुलेटप्रुफ ज्याकेट
केवल कमिज मात्र लगाएर
हामी तिम्रो इलाकामा आएका छौं

तिमीले हामीलाई बन्दुकको घेराभित्र हुलेर
हाम्रा  छातीहरूमा गोली हाने तापनि
जनताले हामीलाई जोगाउने
कवच बनाइसकेका छौं भनेका हुनाले
हामी निडर भएर तिम्रो इलाकामा आएका छौं ।

('जनादेश' २०६० असार ३१)

युद्ध विरामको अवधिमा सहर पसेका क्रान्तिकारी छापामार योद्धाहरूमध्ये सरकारले दमन गर्ने खोजे जनताले त्यसको प्रतिरोध गर्ने भाव यहाँ व्यक्त गरिएको छ । सरल र बोधगम्य भाषा शैलीमा प्रस्तुत यस कवितामा सरल पदावलीको समेत प्रयोग गरिएको छ । जनयुद्धको सकारात्मक प्रभाव  गाउँ सहर जताततै परि सकेकाले अब जस्तो सुकै चुनौतिको सामना गर्न जनता स्वयं नै तयार रहेको कुरालाई अभिधात्मक शैलीमा प्रस्तुत गरिएको छ । यद्यपि पूर्ण विराम वौद्धिक कवि भएका हुनाले उनका कविताहरू अपेक्षितरूपमा सरल र सर्व सामान्यका  निम्ति बोधगम्य छैनन् । 'छत्रभङ्ग' शिक्षक कवितामा वौद्धिकता र जटिलताको संयोजन यसरी गरिएको छ -

जुन बन्दरगाहमा अडाउनुपर्छ जहाजलाई
त्यही बन्दरगाहसम्म पुग्न
उनीहरू आएका छन्  जहाजभरि महावीरहरू राखेर
गिद्धको स्वभाव अझै मानसिक स्तम्भमा राखेर
कोही कसैबाट महावीरहरूलाई लुछ्ने प्रयत्नको
तानाबाना तैयार पारेर उनीहरूको अगाडि
उपस्थित भइरहेको छ भने
उनीहरूको टोपीको रङ्ग कहाँ फेरिएको छ र ?
उनीहरूले एकपल्ट  जोडसँग टोपी हल्लाउनेछन्
र भीषण आँधीलाई सिङ्गो सुपारी दिएर
निमन्त्रणापत्र प्रस्तुत गर्नेछन्
निमन्त्रणापत्र दगुर्न थाल्नेछ
र छत्र-भङ्ग हुनेछ ।

('जनादेश' २०६० भदौ २२)

युद्ध विरामको समयमा पनि सरकारी पक्षबाट आक्रमणको खतरा रहेको तथा उनीहरूको दमनकारी मानसिकता नबदलिएको कुरालाई व्यक्त गरिएको छ । यस कविताले स्पष्ट पारेको छ ।

क्रान्तिकारी योद्धामाथि  आक्रमणमा उत्रिने  हो भने  युद्ध विराम भङ्ग हुने र उनीहरूले पनि प्रत्याक्रमण गर्ने कुरालाई यहाँ 'बन्दरगाह', 'जहाज', 'महावीर', 'गिद्ध', 'मानसिक स्तम्भ', 'टोपीको रङ्ग', 'भीषण आँधी'  'सिङ्गो सुपारी', 'निमन्त्रणपत्र', 'छत्र भङ्ग' जस्ता बिम्ब-प्रतीकगत सन्दर्भले कवितामा जटिलताको सिर्जना भई कविता वौद्धिक र दुर्बोध्य बन्न पुगेको देखिन्छ ।

पूर्ण विराम व्यङ्ग्यलाई पनि कवितामा महत्व दिने कवि हुन् । पूर्ववर्ती कविता सङ्ग्रहका कवितामा जस्तै जनयुद्ध कालीन सङ्ग्रह इतरका कवितामा पनि उनले व्यङ्ग्यलाई आफ्नो निजी कविता शैलीको रूपमा प्रस्तुत गरेका छन् । 'मेरो आफ्नो एक भोट' शीर्षक कवितामा सम सामयिक राजनीतिक विसङ्गतिप्रति यस्तो व्यङ्य प्रहार गरिएको छ -

बर्षौं बर्षदेखि सगरमाथा भन्दा पनि माथि बसेर
अत्यन्तै चकचक गरिरहेको ख्याकलाई
बारूद मन्छेर पछार्न सक्नु हुन्छ भने सडकमा
मेरो एक भोट तपाईंलाई
यदि त्यसो गर्ने तपाईंमा आँट छैन भने
मेरो आफ्नो एक भोट म आफैलाई

('जनादेश' २०५४ जेठ ७)

यहाँ सगरमाथा भन्दा पनि अग्लो ठान्ने राजालाई गोली, बारूदले ध्वस्त गरेर सडकमा ल्याउन सके मात्र आफ्नो अमूल्य भोट दिने भन्दै चुनावका क्रममा भोट माग्न आएका नेताहरूमाथि व्यङ्ग्य गरिएको छ । सदियौंदेखि उत्पात मच्चाउँदै आएको राज तन्त्रलाई अन्त्य गर्ने बाचा गरे मात्र चुनावमा जनताले भोट हाल्ने तथा जनयुद्धले पनि गणतन्त्रलाई मुख्य मुद्दा बनाएकाले त्यसका पक्षमा आई जनताको मन जित्न सुझाव समेत यहाँ दिइएको छ । तत्कालीन राजनीतिक विसङ्गति, चुनावी अराजकता तथा भोट बैङ्कका रूपमा जनतालाई प्रयोग गर्ने प्रवृत्ति प्रति यस कवितामा व्यङ्ग्य गरिएको छ ।

यसै गरी जनयुद्ध कालीन सङ्ग्रह इतरका फुटकर कविताहरू 'हाम्रै बाली खान निस्केका छन् सलहहरू' ('पयर' २०५२ भदौ-पुस), 'तिमी निरक्षर भए पनि विद्यावारीधि हासिल गरेको देखियो' ('जनादेश' २०५४ फागुन १९),  'गैंडाको छाला' ('क्रान्ति' २०६५ पुस), 'समयले तौल्यो हजुरहरूलाई'  आदि कवितामा पनि सम सामयिक  राजनीतिक परिस्थिति तथा शासक वर्गहरूको व्यवहारप्रति व्यङ्ग्य  प्रहार  गरिएको छ ।

यस प्रकार कवि पूर्ण विरामका जनयुद्ध कालीन सङ्ग्रह इतरका फुटकर कविताहरूमा सरल-जटिल भाषा शैलीको प्रयोग गरिए पनि अधिकांश कविताहरूमा वौद्धिक र सर्व सामन्यका

लागि दुर्बोध्य भाषा शैलीको प्रयोग भएको भेटिन्छ । व्यञ्जनात्मक तथा बक्रोक्तिमूलक अभिव्यक्ति सामर्थ्य भएका यस समयका कविताहरूमा विभिन्न बिम्ब, प्रतिक, मिथक, सन्दर्भको प्रयोग गरी जटिलताको सिर्जना गरिएको छ । वौद्धिक, प्राज्ञिक पाठकले गहन रूपमा अध्ययन गरेर मात्र भाव बोध गर्न सक्ने उनका कतिपय कविताहरूमा लयात्मक हीनता, पुनरूक्ति दोष, पङ्क्ति विन्यासमा असचेतता जस्ता शिल्पगत त्रुटिहरू कतै -कतै देखा परे पनि शैली शिल्पमा परिष्कार, परिमार्जन, शब्द छनोटमा एकरूपता उनका यस अवधिका कविताका शैली शिल्पगत पहिचान हुन् ।

**५.१.८ जनयुद्ध पछिको परिवेशको चित्रण : खबरदारी, असन्तुष्टि र चिन्ताको भाव प्रकट**

वि.सं. २०५२ सालबाट सुरू भएको जनयुद्ध २०६२/६३ को राजनीतिक परिवर्तनपछि वि. सं. २०६३ सालको शान्ति सम्झौताबाट औपचारिक रूपमा अन्त्य भएपछि दश वर्षे जनयुद्धको उपलब्धिका बारेमा धेरै तिरबाट लेखा जोखा गर्ने काम भए । गणतन्त्रको घोषणा, धर्म निरपेक्षता, राजतन्त्रको अन्त्य, संघीय राज्यको घोषणा, संविधान सभाको निवार्चन, सेना समायोजन आदिलाई जनयुद्धको उपलब्धिसँग जोडिए पनि जनयुद्धको वास्तविक लक्ष्य जनवादी क्रान्ति पुरा नभएको तथा सर्वहारा वर्गले राज्यसत्ता कब्जा गरी जनपक्षीय शासन सत्ता स्थापना नभएको भन्ने विचार पनि सँगै उठेको पाइन्छ । सो समयमा जनयुद्ध कालीन कविहरूले पनि जनयुद्धको वास्तविक लक्ष्य हासिल भइ नसकेको भन्दै कविता लेखेको पाइन्छ । त्यसै समयमा जनयुद्ध कालीन कवि पूर्ण विरामले पनि जनयुद्धको वास्तविक उपलब्धि हासिल भइ नसकेको, जनयुद्ध अलपत्र परेको जस्ता भाव व्यक्त गरी कविताहरू लेखेको पाइन्छ । 'फेरि तन्क्यो सकस' शीर्षक कवितामा समस्या पुनः बल्झेको कुरालाई यसरी व्यक्त गरिएको छ -

आफ्ना दुवै हातहरू काटेरै पनि
थपडी बजाएका छौं भन्नेहरूको कस्तो उपकथा
प्रकाशित हुने हो ?
सारा औंलाहरू हिउँलाई चुसाएर
बजाइएको मुरलीको धुन नजाने कति नरमाइलो हुने हो :
चन्द्रमाले चाटेर चन्द्रमाकै गर्भबाट निस्केका छन्
बेलुनहरू जो उडिरहेका छन् हावाको सहारामा
सडक र गलछेडाहरूमा समेत

डरलाग्दा धारिला चुपीहरू भएर
ढिलै भए पनि फेरि प्रकाशित भएको छ
चन्द्रमाकै गर्भबाट निस्केका बेलुनका चरित्रहरू
जसलाई अहरो अवलोकन गर्नेछन् मानिसहरूले
र तन्केको सकसका विरूद्धमा
मनसुनहरू जम्मा गर्न तिर लाग्ने छन् ।

('गोरखा पत्र' २०६४ वैशाख १४)

यहाँ जनयुद्धको अन्त्यपछि जनयुद्धका अभियन्ताहरूमा पैदा भएको सत्तामुखी चिन्तन, दम्भ र अवसरवादी प्रवृत्तिहरूको चित्रण गर्दै त्यस्तालाई चन्द्रमाको गर्भबाट निस्केका बेलुनसँग तुलना गरिएको छ । जनयुद्धले अपेक्षित उपलब्धि हासिल नै नगरी जनयुद्धको अन्त्य गरेकोप्रति कविको असन्तुष्टि यस कवितामा व्यक्त भएको छ । साथै जनयुद्धको अन्त्यको घोषणाले मानव मुक्तिको यात्रा अझै तन्किएको र यो केयौं वर्ष पछाडि धकेलिएको कुरालाई पनि सम्बोधन गरिएको छ । तन्किएको सकसका विरूद्ध उपयुक्त मनसुनको खोजी गर्नुपर्ने र अधुरो जनयुद्धको बाँकी कार्यभार पुरा गर्नु पर्ने अर्थ कवितामा प्रकट गरिएको देखिन्छ । 'पुग्दो हो मृत्युसम्म युद्ध' शीर्षक कवितामा युद्ध मृत्यु पर्यन्त चलि रहन्छ भन्ने भाव यसरी व्यक्त गरिएको छ -

लुट्नका निम्ति उनीहरूका निम्ति
निश्चित पनि हाम्रो पसिना छ
र उनीहरूको बेजाप्तालाई रोक्न
निश्चय पनि हामीसँग अविरल बग्ने रगतको नदी छ
र यसबाटै बज्ने गरिरहेछ
सदियौंदेखि द्वन्द्वको नगरा
मानिसका टाउकाहरू बोकेर धेरै अगाडिदेखि
मिनारमा बस्छन् माउसुलीहरू
र हामीलाई स-साना कीराहरू बनाउँदै
आफ्ना डरलाग्दा मनसायहरूलाई नाइलको लम्बाइमा स्थापना गर्छन् ?
सयबाटै आरम्भ भएको छ
सदियौंदेखि निरन्तरता बोकिरहेको युद्ध

र पुगेको छैन मृत्युसम्म युद्ध

('मधुपर्क' २०६६ असोज)

यो समाज रहुञ्जेल वर्गीय विभेद पनि रहि रहने तथा श्रमिक/मजदुर वर्ग र शोषक, सामन्ती वर्गका बीच सदैव द्वन्द्व भइ रहने तथा युद्ध, क्रान्ति भइ रहने हुँदा युद्ध कहिल्यै सकिँदैन, मृत्यु पर्यन्त रहि रहन्छ भन्ने कुरालाई यस कवितामा व्यक्त गरिएको छ । जनयुद्धलाई अन्त भएको घोषणा गरिए पनि वर्गीय विभेदको उन्मूलन नभएको तथा हुने खाने वर्गकै बोलबाला रहेको परिवेशमा जनयुद्धलाई समाप्त गराएर युद्धको पूर्णता प्राप्त गर्न नदिने माउसुलीरूपी शासकहरूले युद्धलाई नाइल जत्रो लामो बनाई धेरै वर्ष पछाडि धकेलेकोप्रति पनि कवितामा सचेत रहन आग्रह गरिएको छ । युद्ध निरन्तर भइ रहने भएकोले यसलाई कसैले रोक्न सक्दैनन् भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । 'अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ' शीर्षक कवितामा जनयुद्धको स्थगनपछिको अन्यौलको चित्रण यसरी गरिएको छ -

कोइलावासकै उजाड नरमाइलो बस्ती भएर
खोप्राहरू लछारिएका छन् र पाछिएका छन्
परिचित भवनका दलिनहरू सड्दै मक्किन थालेका छन्
झण्डामा हेर्न थालेका छन् माकुराहरूले
र भान्छामा रगरगाउन थालेका छन् यस्तै छ
दाम्लो छिनाल्दै गाइहरू भाग्न थालेका छन्
र गोठमा अर्नाहरू एकत्रित भएका छन् ।

('गोरखापत्र' २०६५ चैत १)

जनयुद्धलाई हतारमा अन्त्य गरेपछि समाजमा हिजो जनयुद्धका क्रममा दुला पसेका सामन्ती, फटाहा, जमिन्दार, शोषकहरू आज पुनः हिजो जस्तै हाम्रा घर, आँगनमा रगरगाउन थालेको कुरालाई मार्मिक रूपमा यस कवितामा चित्रण गरिएको छ । युद्ध अलपत्रमा परेको छ , न युद्ध जारी गर्न सकिन्छ न पछाडि फर्कन सकिन्छ , यस्तो परिस्थितिमा युद्धको असफल भए सरह भएको छ भन्ने विचार यस कवितामा पाइन्छ । जनयुद्धको थोरै उपलब्धि पनि समाप्त हुँदै गएको र युद्धका क्रममा भएको बलिदानीको मूल्य खेर जान लागेकोप्रति कविको

चिन्ता र खबरदारी यहाँ प्रकट भएको छ । युद्धलाई अलपत्र अवस्थामा पुऱ्याएर जनयुद्धका नेतृत्व कर्ताहरू शासन-सत्तामा लिप्त भएकोप्रति कविको असन्तुष्टि समेत प्रस्तुत कवितामा व्यक्त भएको देखिन्छ ।

जनयुद्धको समाप्तिपछि त्यसका सच्चा उपलब्धिहरू हात पर्न नसकेको परिवेशमा कविले चिन्ता, असन्तोष र आघात महसुस गरेको भेटिन्छ । 'जमुना बहिनी अब मैले कसको के कुरा गर्नु?' शीर्षक कवितामा युद्धको समाप्तिप्रतिको असन्तुष्टि यसरी व्यक्त गरिएको छ -

श्रद्धाञ्जलीसम्म नपाउने गरी मरेको सूर्यको के कुरा गर्नु
कमला भट्टको तस्विरमा धूलो जमाउनेहरू
घाटमा उपस्थित भएका छन्
टोकरीभित्र रहेको तक्षकको के कुरा गर्नु
अरूको गोडा बालेर आफ्नो निम्ति अर्क बनाउँदै
जमुना गुभाजुको विधी पोल्नेहरूको के कुरा गर्नु
जमुना बहिनी अब मैले कसको के कुरा गर्नु
मुक्तिको झण्डा उचाल्ने हातहरूमा
लुतो थोपरिरहेको हावाको के कुरा गर्नु ।

('गोरखापत्र' २०६५ असार)

युद्ध समाप्त भएको छ, सहिदको सपनामाथि कुठाराघात गरिएको छ, जनयुद्धका नायकहरू नै खल नायक बन्दै छन् र क्रान्तिकारी योद्धाहरूलाई दिनानुदिन उपेक्षा गर्दै धोका, दिइ रहेका छन् भन्ने भावलाई यस कवितामा व्यक्त गरिएको छ । यहाँ जनयुद्धलाई बिना उपलब्धि अवसान गराएर त्यसको नेतृत्व कर्ताहरू सत्ता भाग बण्डामा लागेर शहीदको अपमान गर्दै हिजोका योद्धाहरूलाई उपेक्षा गर्दै अगाडि बढेको परिस्थितिमा अब कसैको केही कुरा गरि नसक्ने परिवेश उत्पन्न भएको कुरा दर्साइएको छ । जनयुद्धबाट जनताले धोका, पीडा, दुःख मात्र पाए त्यसले सही उपलब्धि पाउन सकेन, यस्ता अवस्थामा जनयुद्धका नेताहरूले झनै जनतामाथि उपेक्षा भाव प्रकट गर्न थालेको भन्दे त्यसप्रति असन्तुष्ट व्यक्त गरिएको छ । 'धेरै भन्छन्' शीर्षक कवितामा जनयुद्धप्रति यस्तो विचार व्यक्त गरिएको छ -

आउन त आएकै हो आँधी तर फर्कदा
त्यसले आफैलाई उडाएर गयो
आफूले लगाएका सारा बस्त्रहरू फुकालेको दृष्य
प्रत्येक झोपडीले देख्ने पोरर आएको आँधी
फर्कदा नाङ्गो भएर गयो ।

('गरिमा' २०६४ माघ)

यहाँ जनयुद्धका क्रममा नेताहरूले जनतालाई धेरै आश्वासन सपना देखाए तर आफै शासन सत्तामा भाग बण्डामा रमाउन थालेपछि हिजोका क्रान्तिकारी भाषणहरू, आश्वासन, सपनाहरू नाङ्एिको एवम् नेताहरू सबै नाङ्गि सकेको कुरालाई व्यक्त गरिएको छ । आँधीको रूप धारण गरेर आएको जनयुद्ध आफै पराजित भएर हिजोका बाचा, सपना, आश्वासन र उद्देश्य-लक्ष्य पुरा गर्न नसक्दा जनताका सामु नाङ्गो हुनु परेको कुरालाई यस कवितामा प्रस्तुत गरिएको छ ।

यस प्रकार जनयुद्धको समाप्ति पछिको आज सम्मका अवधिमा पूर्ण विरामका धेरै कविताहरू जनयुद्धको अधुरो उपलब्धि र त्यसमै रमाउने नेतृत्वहरूप्रतिको असन्तुष्टिमा केन्द्रित हुनुका साथै जनयुद्धका क्रममा व्यक्त लक्ष्य-उद्देश्यका पक्षमा लाग्न खबरदारी समेत गरिएका छन् । यसका साथै सम सामयिक राष्ट्रिय घटना क्रम तथा विकृति विसङ्गतिका विषयमा पनि उनले कविता लेखेको पाइन्छ ।

## ५.२ निष्कर्ष

कवि पूर्ण विरामका जनयुद्ध कालीन चरणमा सङग्रहमा नपरेका फुटकर कविताहरू सय भन्दा बढी भेटिन्छन् । जनयुद्धलाई केन्द्रीय विषय बनाइएका यस चरणका फुटकर कविताहरूमा जनयुद्धका क्रममा भएका आक्रमण, बलिदानी, वीरता, साहसको चित्रण गरिएको पाइन्छ । पूर्ण विरामका यस चरणका फुटकर कविताहरूमा पनि तत्कालीन शासन व्यवस्थाको जनयुद्ध र त्यसका समर्थक, कार्यकर्ता र योद्धाहरूमाथि गरिने अन्याय, अत्याचार, हत्या, दमनको विरोध गर्नुका साथै त्यस्तो शासन व्यवस्थाको अन्त्यको चाहना समेत व्यक्त भएको भेटिन्छ । राष्ट्रियता र राष्ट्रिय स्वाधीनताप्रतिको सचेतता पनि यस अवधिका कतिपय फुटकर कविताहरूमा पाइन्छ ।

नारी संवेदनाको चित्रण गर्दै जनयुद्धमा सहभागी महिलाहरूको मुक्तिको आवाज उठाउने काम पनि जनयुद्ध कालीन फुटकर कविताहरूमा पाइन्छ । दलितहरूलाई जनयुद्धको मुक्ति युद्धको अभियानसँग जोड्दै दलित वर्गले समेत आफ्नो वर्गीय मुक्तिका निम्ति क्रान्तिको सौन्दर्य प्रदान गर्न सक्ने कुरालाई कतिपय जनयुद्ध कालीन फुटकर कविताहरूमा अभियक्ति दिइएको भेटिन्छ । पूर्ववर्ती सङ्ग्रहका कविताहरूमा जस्तै यस चरणका फुटकर कविताहरूमा पनि बिम्ब-प्रतीकको सशक्त प्रयोगका गरिनुका साथै वौद्धिक एवम् व्यङ्ग्यात्मक तथा जटिलता उन्मुख मिश्रित भाषा शैलीको प्रयोग भेटिन्छ । जनयुद्धको अन्तपछिको अवधिका कविताहरूमा भने जनयुद्धले अपेक्षित उपलब्धि हासिल नगरेको, युद्ध जारी रहेको, सहिदको सपना पुरा नभएको, जनयुद्धका नेताहरू शासन सत्ताको दल दलमा फसेको जस्ता आलोचनात्मक बिचार प्रकट गर्दै त्यसप्रति असन्तुष्टि, चिन्ता र खबरदारी समेत गरिएको छ । यस प्रकार सङ्ग्रहभन्दा बाहिर सय भन्दा बढी कविताहरू रचना, प्रकाशन गरेर तथा गुणात्मक रूपमा समेत उत्कृष्ट कविताहरू पस्केर कवि पूर्ण विराम जनयुद्ध र क्रान्तिका अग्रदूत कविका रूपमा स्थापित भएका छन् ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

वि.सं. २०१० सालमा काठमाण्डौंको ज्ञानेश्वर स्थित कालोपुल नजिकै जन्मिएका पूर्ण विरामको वास्तविक नाम बलराम शर्मा भट्टराई हो । वि.सं. २०३८ सालमा सावित्री थापा मगरसँग अन्तर्जातीय विवाह गरेका उनका एक छोरा र एक छोरी छन् । सानै देखि अभावै अभावमा जीवन गुजारेका पूर्ण विरामले आफ्नो जीवन यात्रामा विभिन्न पेशा, नोकरी गर्दै तथा राजनीतिक क्रियाकलापका क्रममा विभिन्न जेल, हिरासतमा गुजार्दै अघि बढेको पाइन्छ ।

अभाव, गरिबीलाई नै साहित्य सिर्जनाको प्रेरक तत्व मान्ने पूर्ण विरामका कवि, कथाकार, राजनीतिक, स्तम्भकार आदि व्यक्तित्वका पाटा रहेका छन् । कविका रूपमा पूर्ण विरामको आफ्नो कविता यात्राको थालनी सत्र वर्षको उमेरमा वि.सं. २०२७ साल बैशाख १८ गते 'नयाँ सन्देश' पत्रिकामा प्रकाशित बिना शीर्षकको कविताबाट भएको पाइन्छ । यही कविता नै उनको प्रथम प्रकाशित कविता पनि हो । त्यहाँदेखि आजसम्मको कविता लेखनको क्रममा पूर्ण विरामका सैयौं फुटकर कविताका अतिरिक्त चारवटा कविता सङ्ग्रह प्रकाशन भइ सकेका छन् । 'इतिहासका किल्लाहरूमा' (२०४३), 'गोविन्दले ठीक भन्यो' (२०५०), 'ए ! मेरो आदरणीय लेकाली फूल' (२०६४)' 'लड्न जन्मेकाहरूले' (२०६४) उनका सङ्ग्रहात्मक रूपमा प्रकाशित कविताहरू हुन् ।

कवि पूर्ण विरामको कविता यात्रालाई समग्र कविताको अध्ययनका आधारमा चार वटा चरणमा विभाजन गर्न सकिने आधार देखिन्छ । उनको कविता यात्राको प्रथम चरण (वि.सं. २०२७-२०३६) आरम्भिक चरण हो । यस चरणमा उनका जम्मा नौ वटा मात्र कविताहरू प्राप्त भएका छन् । ती मध्ये पछिल्ला तिन वटा कविताहरूमा मात्र शीर्षक दिइएका छन् । यस चरणमा उनका कवितामा प्रयोगवादी शून्यता, निराशा र निस्सारता मूलक जीवन दृष्टिकोण पाउन

सकिन्छ । उनको कविता यात्राको दोस्रो चरण (वि.सं. २०३७-२०४६) पञ्चायत कालीन चरण हो । पञ्चायती निरंकुशता चरमोत्कर्षमा पुगेको बेला उनीमा बिकसित पञ्चायत बिरोधी चेतना र प्रगतिबाद तर्फको सङ्क्रमणका कारण उनका कवितामा पनि यसको चरणको मुख्य प्रवृत्ति हो । पूर्ण विरामको कविता यात्राको तेस्रो चरण (वि.सं. २०४७-२०५१) प्रजातान्त्रिक काल हो । यस चरणका कवितामा वि.स.२०४६ सालको राजनीतिपछि विकसित सामाजिक राजनीतिक घटना क्रम तथा समाजमा देखिएका विकृति विसङ्गति तथा कम्युनिस्ट पार्टीहरूमा देखा परेको विचलन र संशोधनका विरूद्ध क्रान्तिको आवश्यकता महसुस गरिएको छ । यो चरण कवि पूर्ण विरामको प्रगतिवादी कविता लेखनको स्पष्टताको चरण हो । यस चरणमा उनले मार्क्सवादी साहित्यक प्रतिबद्धताका आधारमा प्रगतिवादको पक्ष पोषण गरेका छन् । पूर्ण विरामको कविता यात्राको चौथो चरण (वि.सं. २०५२ साल) जनयुद्ध कालीन कविता लेखनको चरण हो । जनयुद्धकै केन्द्रीयतामा जनयुद्धले उठान गरेका बहु आयामिक विषयलाई कविताका मार्फतबाट अभिव्यक्ति दिने काम यस चरणमा भएको पाइन्छ । जनयुद्धको अन्त्यपछिको हालसम्मको अवधिमा भने जनयुद्धको बाँकी कार्यभार पुरा गर्नु पर्ने तथा जनयुद्ध जारी राख्नु पर्ने बिचार व्यक्त गर्दै आलोचनात्मक दृष्टिकोण अवलम्वन गरिएको पाइन्छ । प्रस्तुत शोधको दोस्रो अध्यायमा पूर्ण विरामका कविता यात्रा, तिनका चरण र प्रवृतिहरू शीर्षकमा यस सम्बन्धी अध्ययन गरिएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो अध्यायमा जनयुद्ध कालीन कविता लेखनका चरणको पहिलो कविता सङ्ग्रह 'ए ! मेरो आदरणीय लेकाली फूल' मा  सङ्गृहीत कविताका प्रवृतिको निरूपण गरिएको छ । जनयुद्ध प्रतिको पूर्ण समर्थन, वर्ग सङ्घर्ष, क्रान्ति, विद्रोह, आक्रोश र पीडाको अभिव्यक्ति, तत्कालीन अन्यायपूर्ण शासन व्यवस्थाको विरोध, उदात्त महाख्यानको प्रस्तुति, युद्धजन्य सुन्दर एवम् नवीन बिम्ब-प्रतीकको प्रयोग, महिला मुक्तिको आवाज, नारी संवेदनाको चित्रण, वौद्धिक एवम् व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग गरी सात वटा प्रवृत्तिको आधारमा सो सङ्ग्रहका कविताहरूका प्रवृत्तिको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधकार्यको चौथो अध्यायमा ‘जनयुद्ध कालीन चरणको दोस्रो कविता सङ्ग्रह’ ‘लड्न जन्मेकाहरूले’ मा सङ्गृहीत कविताका प्रवृत्तिको अनुशीलन गरिएको छ । मुख्य विषय वस्तुका रूपमा जनयुद्धको प्रयोग, मार्क्सवादी-माओवादी वैचारिक प्रतिबद्धता, शासन सत्ताको अन्याय अत्याचारको विरोध, उदात्त महाख्यानको आलेखन, राष्ट्रियता प्रतिको सचेतता, नारी संवेदनाको चित्रण नारी मुक्तिको स्वर, बिम्ब-प्रतीकको कुशल प्रयोग, वौद्धिक तथा व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग गरी आठ वटा प्रवृत्तिहरूको निर्क्यौलका आधारमा सो सङ्ग्रहका प्रवृत्तिहरूको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधकार्यको पाचौं अध्यायमा ‘जनयुद्ध कालीन फुटकर कविताका प्रवृत्तिहरू’ शीर्षकमा जनयुद्ध कालीन दुईवटा कविता सङ्ग्रहमा नपरेका सयवटा जति उल्लेखित कविताहरू मध्ये केही कविताहरूका आधारमा फुटकर कविताका प्रवृत्तिको विश्लेषण गरिएको छ । केन्द्रीय विषय वस्तुका रूपमा जनयुद्धको प्रयोग, तत्कालीन अन्याय, अत्याचारपूर्ण शासन व्यवस्थाको विरोध, राष्ट्रियताप्रतिको सचेतता, नारी संवेदनाको चित्रण, दलित मुक्ति र दलित सौन्दर्यको चित्रण, बिम्व प्रतीकको सशक्त प्रयोग, वौद्धिक एवम् व्यङ्ग्यात्मक भाषाको प्रयोग र जनयुद्धपछिको परिवेशको चित्रण, खबरदारी, असन्तुष्टि र चिन्ताको भाव प्रकट गरी आठ वटा प्रवृत्तिका आधारमा जनयुद्ध कालीन कविता सङ्ग्रह इतरका फुटकर कविताहरूका प्रवृत्तिहरूको अनुशीलन गरिएको
छ ।

अध्याय ६ मा सारांश र निष्कर्ष शीर्षक अन्तर्गत समग्र अध्ययनको सार संक्षेप र अध्ययनको निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

कवि पूर्ण विरामका जनयुद्ध कालीन कविताका प्रवृत्तिहरूका बारेमा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षलाई संश्लेषित रूपमा निम्न बुदाँहरूमा प्रस्तुत गर्न सकिन्छ-

१. वि.सं. २०१० सालमा जन्मेका पूर्ण विरामको औपचारिक कविता यात्राको आरम्भ वि.सं. २०२७ सालको 'नयाँ सन्देश' पत्रिकामा प्रकाशित कविताबाट भएको हो ।

२. गरिबी र एकान्तलाई नै कविता सिर्जनाको प्रेरणा ठान्ने पूर्ण विरामको प्रयोगवादी शून्यवादबाट सुरू गरेको कविता लेखन क्रान्तिकारी - प्रगतिवादी विचारमा उत्कर्ष प्राप्त गरेको देखिन्छ ।

३. कवि पूर्ण विरामका 'इतिहासका किल्लाहरूमा' (२०४३), 'गोविन्दले ठीक भन्यो' (२०५०), 'ए ! मेरो आदरणीय लेकाली फूल' (२०६४) र 'लड्न जन्मेकाहरूले' (२०६४) गरी जम्मा चार वटा कविता सङ्ग्रह प्रकाशित छन् ।

४. कवि पूर्ण विरामका सङ्ग्रह भन्दा बाहिर विभिन्न पत्र पत्रिकामा प्रकाशित दुई सय भन्दा बढी कविताहरू भेटिन्छन् । सम्पूर्ण कविता मध्ये सङ्ग्रहका र सङ्ग्रहमा नपरेका गरी पूर्ण विरामका तिन सय दस वटा जति फुटकर कविताहरू रहेको भेटिन्छ ।

५. पूर्ण विरामका प्रारम्भिक चरणका कवितामा नेपाली समाज र राजनीतिक विविध खालका समस्या, विकृति र विसङ्गतिको विरोध तथा क्रान्तिको अनिवार्यता जस्ता भाव पाइन्छन् ।

६. उत्तर वर्ती चरणका कवितामा युगबोध, जनयुद्धप्रतिको पूर्ण समर्थन, क्रान्तिकारी विचारको अवलम्बन, जनवादी शासन व्यवस्था स्थापनाको जस्ता प्रवृत्ति पाइन्छन् । यो चरण जनयुद्ध कालीन चरण पनि हो ।

७. पूर्ण विरामले आफ्ना कवितामा नवीन, मौलिक एवम् युद्धजन्य विषयका बिम्ब-प्रतीकको कुशल प्रयोग गरेको भेटिन्छ । जसका कारण उनका कविता वौद्धिक र जटिलता उन्मुख बन्न पुगेका छन् ।

८. दोस्रो चरणदेखि प्रगतिवादी कविका रूपमा देखा पर्न थालेका पूर्ण विराम तेस्रो चरणमा स्पष्ट प्रगतिवादी कविका रूपमा स्थापित हुन्छन् भने चौथो जनयुद्ध कालीन चरणमा सशक्त विद्रोही, क्रान्तिकारी र जनयुद्धका अग्रणी कविका रूपमा परिचित हुन्छन् ।

९. पूर्ण विरामका जनयुद्ध कालीन कविताको मुख्य विषय जनयुद्ध रहेको छ भने जनयुद्धका क्रममा व्यक्त विविध आयामहरुलाई पनि उनका यस समयका कविताले अभिव्यक्त गरेका छन् ।

१०. पूर्ण विरामका जनयुद्ध कालीन कवितामा नारी मुक्तिको स्वर, दलित मुक्तिका साथै उदात्त इतिहास निर्माणको अभियानलाई समेत व्यक्त गरिएको छ ।

११. पूर्ण विरामका जनयुद्ध कालीन चरणमा 'ए ! मेरो आदरणीय लेकाली फूल' (२०६४) र 'लड्न जन्मेकाहरूले' (२०६४) गरी दुई कविता सङ्ग्रह र त्यस बाहेक सङ्ग्रहमा नपरेका यस जति कविता प्राप्त भएका छन् ।

१२. पूर्ण विरामका जनयुद्ध कालीन कविता लेखनको चरण अन्तर्गत २०६३ पछिको जनयुद्ध अन्त्य पछिको अवधिमा भने जनयुद्धको असफलताप्रति चिन्ता, विचलन  विरुद्ध खबरदारी, आक्रोश र असन्तुष्टि प्रकट गरिएको छ ।

१३. जनयुद्ध कालीन कविताको अध्ययनका आधारमा पूर्ण विरामका जनयुद्ध कालीन कविता गुणात्मक र मात्रात्मक दुवै दृष्टिले उत्कृष्ट देखा पर्दछन् ।

१४. पूर्ण विरामका जनयुद्ध कालीन कविताहरू प्रगतिवादी-क्रान्तिकारी सम सामयिक नेपाली कविता परम्पराका महŒवपूर्ण कवितात्मक दस्तावेज बन्न सफल भएको छन् ।

१५. पूर्ण विरामका जनयुद्ध कालीन कविता कृतिहरूले नेपाली कविताका क्षेत्रमा अतुलनीय योगदान दिएको कुरा निष्कर्षित हुन्छ ।

**सम्भावित शीर्षकहरु**

१. पूर्ण विरामका कवितामा प्रयुक्त बिम्ब प्रतीकको अध्ययन

२. पूर्ण विरामका कवितामा क्रान्तिकारी चेत

३. पूर्ण विरामका जनयुद्ध पूर्वका कविताहरुको अध्ययन

# सन्दर्भ सामग्री


आचार्य, श्रीराम (२०६०). **साहित्यकार पूर्ण विरामको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौं : त्रिचन्द्र क्याम्पस, त्रिभुवन विश्व विद्यालय ।

खरेल, रुद्र प्रसाद (२०४४). "पूर्ण विरामका विरुद्ध पूर्ण विरामका प्रतिकहरू", **उत्साह** (पूर्णाङ्क ४१, भाद्र ३०) पृ. २९-४१ ।

भण्डारी, जगदीश चन्द्र. (२०४४). "जिउँदो कविताको किल्ला पूर्ण विराम", **जनजागृति** (साप्. भदौ ३०) ।

चापागाई, निनु (२०५१). "दुरुहताका कवि पूर्ण विराम", **यथार्थवादी रचना दृष्टि र विवेचना**. काठमाडौं : दिल वरदान र महिम चापागाई पृ. ३६-४५ ।

थपलिया, यादव (२०५८). "प्रगतिशीलताको कसीमा कवि पूर्ण विराम". **स्मृतिका छालभित्र**. काठमाडौं : सिर्जना मझेरी समूहका लागि दामोदार प्रसाद दवाडी पृ. २२-२३ ।

दिल, सहानी (२०५३). "पूर्ण विरामका केही कवितामा प्रवेश गर्दा", **जनादेश** साप्.जेठ २९) ।

पाण्डेय, ताराकान्त (२०५३). "गोविन्दले ठीक भन्यो : प्रवृतिगत विश्लेषण तथा मूल्याङ्कन", **कला साहित्य भूमिका र मूल्याङ्कन**. काठमाडौं : चिन्तन प्रकाशन प्रा.लि. पृ. ५-२० ।

------------ (२०६५). "अर्थ भ्रान्तिको उत्तर चेतनाका विरुद्ध", अ**र्थभ्रान्तिको उत्तर चेतनाका विरुद्ध.** काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. पृ. ३२-५० ।

------------ (२०६८). "पूर्ण विरामको कवित्व : सौन्दर्य चेतनाका विविध आयाम र आधार", **अर्थको आनन्द**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. पृ. ६७-८७ ।

पूर्ण विराम. (२०४३). **इतिहासका किल्लाहरूमा** (कविता सङ्ग्रह). काठमाडौं : साहित्य सन्ध्या परिवार ।

------------ (२०५०). **गोविन्दले ठीक भन्यो** (कविता सङ्ग्ह). काठमाडौं : प्रतिभा प्रवाह ।

------------ (२०६४). **ए ! मेरो आदरणीय लेकाली फूल** (कविता सङ्ग्रह). काठमाडौ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

पौड्याल. रामहरि (२०४६). "इतिहासका किल्लाहरूमा पूर्ण विराम", **लहर**. (११:१७ असार-साउन) पृ. ३०-३६ ।

पूर्ण इन्फादा (२०६७). “मार्क्सवादी सौन्दर्य चिन्तन र गोविन्दले ठीक भन्यो”, **ज्योति** (७:११) पृ. ४८-५६ ।

पोखेल, राजन प्रसाद (२०६७). “डाइनामिक्स अफ पूर्ण विरामस पोयट्री”, **गन्तव्य** (१:१) पृ. ३२-३८ ।

बन्धु, चुडामणि (२०६५). **अनुसन्धान तथा प्रतिवेदन लेखन**. दोस्रो संस्क, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, ऋषिराज (२०६६). “सत्ता र पूर्ण विरामहरू”, **कुहिरो र घोडाचढीहरू**. काठमाडौं : समयबद्ध प्रकाशन ।

------------ (२०६७). “समकालीनताबोध र पूर्ण विरामका कविताहरू”, **भृकुटी** (पू. ७ बैशाख-असार), पृ. ६४-७५ ।

भण्डारी. गोविन्द बर्तमान (२०५२). “समयरेखामा पूर्ण विराम”, **विपुल**. (पू.५ पुस-फागुन) पृ. ५१-५८ ।

शर्मा, अनिल (२०६५). बेबिलोनका ऊँट र नेपाली पाग्लो नेरुदाहरू. **समयबद्ध** (१:४) पृ. ५८-६० ।

शर्मा, एल. पी. (२०५२). “एक पाठकका दृष्टिमा पूर्ण विराम”, **विपुल**. (पू.५ पुस-फागुन) पृ. ५८-६० ।

शर्मा, मोहन राज र खगेन्द्र प्रसाद लुइँटेल. (२०६२). **शोध विधि**. तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम. (२०४९). “आन्दोलन कविता”, **मधुपर्क** (पू. २७५) पृ. ५-११ ।